साप्ताहिक
# श्रमिक
WORKERS Weekly
(देश र जनतामा समर्पित विचारप्रधान)

वर्ष ३० ✪ अङ्क ५२ ✪ २ माघ २०८०, मङ्गलबार ✪ 15 Jan., 2024, Tuesday ✪ मूल्य रू. १०।-

## ख्वप विश्वविद्यालय नदिनु सरकारको राणा प्रवृत्ति

भक्तपुर । नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सङ्घीय सांसद प्रेम सुवालले भक्तपुर नगरपालिकाको पन्ध्रौं नगरसभाको पुस २४ गते एक समारोहबिच उद्घाटन गर्नुभयो ।

कार्यक्रममा सांसद सुवालले भक्तपुरलाई स्वच्छ, सांस्कृतिक नगर र पर्यटकीय गन्तव्यस्थल बनाउने हामी सबैको साझा उद्देश्य भएकोले सफा स्वच्छ सहर बनाउन फोहरमैला व्यवस्थापन, खोला सुधार, सडक हराभरा बनाउनु आवश्यक भएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "भक्तपुरको सीपमा आधारित साना उद्योगहरूलाई प्रवर्द्धन गर्न स्थापना भएको भक्तपुर साना औद्योगिक क्षेत्रमा बहुदल पुन:स्थापनापछि धुवाँ, ध्वनि, रसायन प्रदूषण फैलाउने डाइङ, टेक्स्टाइल, रङ, प्लास्टिकलगायतका उद्योगहरू सञ्चालन गराइयो । यसले स्वच्छ सहर बनाउने जनताको इच्छालाई चोट पुऱ्यायो । यसकारण, भक्तपुर औद्योगिक क्षेत्रलाई यहाँको सीपमा आधारित साना औद्योगिक क्षेत्रमा रूपान्तरण गर्नुपर्दछ वा औद्योगिक क्षेत्र नै स्थानान्तरण गर्नुपर्दछ ।"

सहर सफा स्वच्छ बनाउन सङ्घीय राजधानीमा भइरहेको तीव्र बसाइसराइ रोक्नु जरुरी रहेको र देशको सन्तुलित विकास गर्नको लागि प्रधानमन्त्री, मन्त्री, सांसदहरूलाई आआफ्नो जिल्लामा मात्र बसोबास गर्न पाउने कानुनी व्यवस्था गर्नु उपयुक्त हुने सुझाव सांसद सुवालले व्यक्त गर्नुभयो ।

उहाँले भन्नुभयो, "सांस्कृतिक नगर र पर्यटकीय गन्तव्यस्थल बनाउन नगरमा विद्यालय र विश्वविद्यालय पनि हुनु जरुरी छ । प्रधानमन्त्री र मन्त्रीहरू स्थानीय तहलाई विश्वविद्यालय सञ्चालन गर्ने संवैधानिक व्यवस्था नभएको दाबी गर्छन् । संविधानको साझा सूचीमा शिक्षा उल्लेख भएको र शिक्षाअन्तर्गत विश्वविद्यालय पनि पर्ने हुँदा सक्षम स्थानीय तह भक्तपुर नगरपालिकालाई ख्वप विश्वविद्यालय सञ्चालन गराउनु आवश्यक छ । राणा शासनमा जनतालाई पढ्न दिइएन । अहिले बहुदल र गणतन्त्रमा पनि जनतालाई ख्वप विश्वविद्यालयमा पढ्न नदिने सरकारहरू राणा शासकभन्दा फरक हुने छैनन् ।"

देशभक्तिमा पनि नाफा खोज्ने सरकारहरूले शिक्षामा देशभक्ति दिन सकेनन्; बरु सरकारहरूले १२ कक्षा उत्तीर्ण विद्यार्थीहरूलाई घर, खेत बेच्न लगाई विदेश अध्ययनमा पठाउँदै छन्, सांसद सुवालले भन्नुभयो ।

तल्लो वर्गलाई माथि उठाउने योजना बनाउनुपर्ने र यस्तो योजना नबनेकै कारण अहिले देशभरि 'के देश खस भाषा बोल्नेहरूको मात्र हो र ?' भन्ने

बाँकी पृष्ठ १२ मा

## नेमकिपाको ३५ औं केन्द्रीय परिषद् सम्पन्न

# क्रान्तिको निम्ति कार्यकर्ताहरूले जनताको बिचमा काम गर्नु जरुरी




भक्तपुर । नेपाल मजदुर किसान पार्टीको सातौं महाधिवेशनपछिको पाँचौं (३५ औं) केन्द्रीय परिषद् पुस २७ गते शुक्रबार भक्तपुरमा सुरु भई शनिबार सम्पन्न भएको छ ।

पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले परिषद्मा पार्टी केन्द्रीय समितिको प्रतिवेदनमा उल्लेख राष्ट्रिय र अन्तर्राष्ट्रिय विषयमा जिल्ला जिल्लामा कक्षा सञ्चालन गर्ने र नयाँ पुस्तालाई इतिहाससँगै नक्सासहित भूगोल पनि बताउनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

हामीले पूरा गर्न नसकेको देश र जनताको काम नयाँ पुस्ताले गर्न सक्ने उल्लेख गर्दै अध्यक्ष बिजुक्छेँले आलोचना र आत्मालोचनामार्फत कार्यकर्ताको राजनीतिक एवम् सांस्कृतिक स्तर माथि उठाउनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

जिल्लाका प्रतिवेदनहरूमा उल्लेख 'बसाइँसराइको कारण गाउँ रित्तिएको चिन्ता' देशको एक झल्को भएको र यो आजसम्मका सरकारहरूको 'करामत' भएको अध्यक्ष बिजुक्छेँले स्पष्ट गर्नुभयो ।

"क्रान्तिको लागि जनता नै तयार हुनुपर्दछ । हामीले चाहेर हुने भए कार्ल मार्क्सकै पालामा क्रान्ति भइसक्थ्यो । क्रान्तिको निम्ति कार्यकर्ताहरूले जनताको बिचमा काम गर्नु जरुरी छ । एक्लै दुक्लै अनसन बसे पनि हुने होइन", अध्यक्ष बिजुक्छेँले कार्यकर्ताहरूलाई सचेत गराउनुभयो ।

अध्यक्ष बिजुक्छेँले भन्नुभयो, "कृषि काममा सहयोग गराउन सहकारी संस्था सुरु भएको हो । पुँजीवादी देशले जनताको बचत कब्जा गर्न बैङ्कजस्तै सहकारी चलाउने कानुन बनाउन लगाएको हो । सहकारी संस्थाको केन्द्र हुँदैन । आआफ्नो सहकारी आफैँ चलाउने हो ।"

"नेपालका कतिपय सहकारी संस्थाहरूमा आर्थिक गोलमाल छ र अर्बौं रुपैयाँ बचत ठगी भएको सार्वजनिक भइरहेको छ । जनताको बचत ठगी गरेका सञ्चालकहरूकै घैघरानाबाट बचत फिर्ता गराउनु आवश्यक छ", अध्यक्ष बिजुक्छेँले उल्लेख गर्नुभयो ।

"बचत हिनामिना गरेका नवदुर्गा बहुमुखी सहकारी संस्थाका सञ्चालकहरूलाई जनताले उल्टो टोपी लगाएर बजार घुमाएका थिए । भ्रष्टाचारीहरूलाई सजाय दिन जनता अघि बढ्नै पर्दछ", अध्यक्ष बिजुक्छेँले उल्लेख गर्नुभयो ।

परिषद्मा पार्टी सचिव प्रेम सुवालले केन्द्रीय समितिको प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । उक्त प्रतिवेदनमाथि सात समूहमा विभाजित भई पार्षदहरूले व्यापक छलफल गरेका थिए ।

### जनताको राजनीतिक र सांस्कृतिक स्तर उठाउने निर्णय

परिषद्मा अध्यक्ष बिजुक्छेँले पूर्णकालीन कार्यकर्ता बनेर पार्टी काममा लाग्नुपर्ने, पार्टीसँग जीवित सम्पर्कमा रहेर राष्ट्रिय र अन्तर्राष्ट्रिय विषयमा सुसूचित हुनुपर्ने, आफ्नो व्यक्तिगत जीवनबारे पनि पार्टीमा जानकारी दिनुपर्ने, पार्टीभित्र प्रतिक्रियावादीहरू घुस्नेबारे सचेत हुनुपर्ने, पार्टी कार्यकर्ताले अन्धविश्वासको विरोध गर्नुपर्ने; पुर्खाले सिर्जेको वास्तुकला र संस्कृतिलाई संरक्षण गर्नुपर्नेलगायतका विषयमा चर्चा गर्नुभयो ।

अध्यक्ष बिजुक्छेँले दुई दिनसम्म चालु परिषद्को निचोडअनुसार गतिविधिहरू गर्न निर्देशन दिनुभयो र परिषद् समापन भएको घोषणा गर्नुभयो ।


परिषद्ले पार्टीको ५० औं स्थापना दिवस (२०८० माघ १०) को अवसरमा वर्षभरि नै जिल्लाको स्थानीय तह, वडा र टोलसम्मका प्रारम्भिक पार्टी समितिहरूमा समेत पार्टीको प्रकाशन, क्रान्तिकारी नेताहरूको जीवनी, विश्वका मजदुर र कम्युनिस्ट आन्दोलनहरूबारे अध्ययन र अन्तरक्रिया गर्ने, कार्यकर्ता, शुभेच्छुक र जनताको राजनीतिक र सांस्कृतिक स्तर माथि उठाउनेलगायत निर्णय गऱ्यो ।

परिषद्ले नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले पेस गर्नुभएको केन्द्रीय समितिको प्रतिवेदन सुझावसहित पारित गर्ने निर्णय गऱ्यो भने पार्टीका केन्द्रीय सदस्य सुनिल प्रजापतिले पेस गर्नुभएको राष्ट्रिय/अन्तर्राष्ट्रिय प्रस्तावहरू सुझावसहित पारित गऱ्यो ।

परिषद्बाट पारित राष्ट्रिय प्रस्तावमा भारतीय दूतावासले नेपालमा २० करोड रुपैयाँसम्मको योजना बनाई सिधै खर्च गर्ने र नेपालको दस हजार मेघावाट बिजुली भारतलाई दिने पुस १९ गतेको सम्झौता खारेज गर्नुपर्ने, नेपाली भूमि डुबानमा पर्ने गरी सिमानामा अन्तर्राष्ट्रिय कानुनविपरीत भारतले एकतर्फी बनाएका बाँधहरू भत्काउनुपर्ने, नेपालको हितविपरीतका कोसी, गण्डक, महाकाली, माथिल्लो कर्णाली, मुगु कर्णाली, अरुण तेस्रो, तल्लो अरुण, अरुण चौथो, पश्चिम सेती, सेती नदी १, फुकोट कर्णाली, पञ्चेश्वरलगायत

बाँकी पृष्ठ १२ मा

## चीनको अभिन्न भूभाग थाइवानमा अमेरिकी हस्तक्षेपको नेपाल मजदुर किसान पार्टीद्वारा विरोध एवम् निन्दा


नेपाल मजदुर किसान पार्टी
केन्द्रीय समिति
गोल्मढी, भक्तपुर - ७

फोन : ६६१०९७४, ६६१००२६
इ-मेल : nwpp@ntc.net.np
मिति: २०८० माघ ०१
च.नं.

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) को अध्यक्षतामा २०८० पुस २९ गते बसेको पार्टीको केन्द्रीय सचिवालयको बैठकले चीनको अभिन्न भू-भाग थाइवानमा अमेरिकी हस्तक्षेपको विरोध एवम् निन्दा गर्दै 'एक चीन नीति'को समर्थनमा वक्तव्य प्रकाशित गर्ने निर्णय गऱ्यो । सो निर्णयअनुसार प्रकाशित वक्तव्य यसप्रकार छ :-

प्रेस वक्तव्य

पोर्तुगालीहरूले सन् १५४२ मा चीनको भू-भाग थाइवानलाई फोर्मोसा टापु (सुन्दर टापु) नामकरण गरेका थिए । प्राचीनकालदेखि थाइवान चीनको अभिन्न अङ्ग हो । सन् १९४९ मा चीनको समाजवादी क्रान्तिपछि अमेरिकी साम्राज्यवादले च्याङ काइ सेकलाई थाइवानमा आफ्नो कठपुतली सरकार बनाउन लगायो । चिनियाँ कम्युनिस्ट पार्टी नेतृत्वको सरकारले प्रारम्भदेखि नै चीनको अभिन्न भू-भाग थाइवानलाई अलग्याउन खोज्ने अमेरिकी साम्राज्यवाद र तिनको पिछलग्गू थाइवानका अमेरिकी कठपुतली अधिकारीहरूको विरोध एवम् निन्दा गर्दै आएको हो ।

थाइवानमा अमेरिकी हातहतियार तैनाथी, अमेरिकी अधिकारीहरूको बरोबर भ्रमण र अमेरिकी आडभरोसामा जनवरी १३ को आमनिर्वाचन चीनको सार्वभौमिकतामाथि अमेरिकी साम्राज्यवादको हस्तक्षेप हो । अमेरिकी साम्राज्यवादले 'थाइवानको स्वतन्त्रता' को विषय उठाइरहेको सन् १९७२ मा अमेरिकी राष्ट्रपति रिचार्ड निक्सनको चीन भ्रमणमा संरा अमेरिका र चीनबिच भएको थाइवानसहित 'एक चीन नीति' उल्लेख सांघाई घोषणाको उल्लङ्घन हो ।

नेपाल मजदुर किसान पार्टीले थाइवानमा चीनको सार्वभौमिकतासहितको 'एक चीन नीति'को दृढ समर्थन गर्दै आएको छ । विश्वमा थाइवानसहितको एउटै चीनको मात्र अस्तित्व छ । थाइवानको समस्या चीनको आन्तरिक मामिला हो । नेपाल मजदुर किसान पार्टी थाइवानमा अमेरिकी हस्तक्षेपको विरोध गर्दछ र विनाबाहिरी हस्तक्षेप पुन:एकीकृत चीनको समर्थन गर्दछ ।

प्रेम सुवाल
सचिव

भक्तपुर । नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) को अध्यक्षतामा २०८० पुस २९ गते बसेको पार्टीको केन्द्रीय सचिवालयको बैठकले चीनको अभिन्न भू-भाग थाइवानमा अमेरिकी हस्तक्षेपको विरोध एवम् निन्दा गर्दै 'एक चीन नीति'को समर्थनमा वक्तव्य प्रकाशित गर्ने निर्णय गऱ्यो । पार्टीका सचिव प्रेम सुवालको हस्ताक्षरमा सोमबार प्रकाशित उक्त वक्तव्य यसप्रकार छ :-

"पोर्तुगालीहरूले सन् १५४२ मा चीनको भू-भाग थाइवानलाई फोर्मोसा टापु (सुन्दर टापु) नामकरण गरेका थिए । प्राचीनकालदेखि थाइवान चीनको अभिन्न अङ्ग हो । सन् १९४९ मा चीनको समाजवादी क्रान्तिपछि अमेरिकी साम्राज्यवादले च्याङ काइ सेकलाई थाइवानमा आफ्नो कठपुतली सरकार बनाउन लगायो । चिनियाँ कम्युनिस्ट पार्टी नेतृत्वको सरकारले प्रारम्भदेखि नै चीनको अभिन्न भू-भाग थाइवानलाई अलग्याउन खोज्ने अमेरिकी साम्राज्यवाद र तिनको पिछलग्गू थाइवानका अमेरिकी कठपुतली अधिकारीहरूको विरोध एवम् निन्दा गर्दै आएको हो ।

थाइवानमा अमेरिकी हातहतियार तैनाथी, अमेरिकी अधिकारीहरूको बरोबर भ्रमण र अमेरिकी आडभरोसामा जनवरी १३ को आमनिर्वाचन चीनको सार्वभौमिकतामाथि अमेरिकी साम्राज्यवादको हस्तक्षेप हो । अमेरिकी साम्राज्यवादले 'थाइवानको स्वतन्त्रता' को विषय उठाइरहेको सन् १९७२ मा अमेरिकी राष्ट्रपति रिचार्ड निक्सनको चीन भ्रमणमा संरा अमेरिका र चीनबिच भएको थाइवानसहित 'एक चीन नीति' उल्लेख सांघाई घोषणाको उल्लङ्घन हो ।

नेपाल मजदुर किसान पार्टीले थाइवानमा चीनको सार्वभौमिकतासहितको 'एक चीन नीति'को दृढ समर्थन गर्दै आएको छ । विश्वमा थाइवानसहितको एउटै चीनको मात्र अस्तित्व छ । थाइवानको समस्या चीनको आन्तरिक मामिला हो । नेपाल मजदुर किसान पार्टी थाइवानमा अमेरिकी हस्तक्षेपको विरोध गर्दछ र विनाबाहिरी हस्तक्षेप पुन:एकीकृत चीनको समर्थन गर्दछ ।"

## प्रमहरूसँग देश विकासको खाका नै छैन

भक्तपुर । "नेपालका सिकर्मीलगायत युवाहरूलाई विदेश पठाएर विदेशी फर्निचर आयात गर्नु सरकारको देशघाती काम हो; यसको विरोध गर्नुपर्छ ।"

उक्त भनाइ नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले भक्तपुर सिकर्मी सङ्घको ११ औं वार्षिक बृहत् सिकर्मी भेलामा आइतबार व्यक्त गर्नुभएको हो ।

सिकर्मी सङ्घले आफ्नो समस्या विस्तृतरूपमा तयार गरेर सरकारलाई पेस गर्नुपर्ने आवश्यकता औँल्याउँदै उहाँले सिकर्मीको समस्या संसद्मा राखेर प्रम र मन्त्रीहरूको ध्यानाकर्षण गर्दै आएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "पुँजीपतिवर्गले सामन्तवर्गविरुद्ध सशस्त्र आन्दोलन गरेको थियो । सन् १६४९ मा बेलायतका राजा चार्ल्स काटिएका थिए भने सन् १७८९ मा फ्रान्सका राजा लुई चौधौंको टाउको काटेर फूटबल खेलिएको थियो । पुँजीपतिवर्गले आफ्नो अनुकूल कानुन बनाइदिने पार्टीहरूलाई बहुमत दिलाउने र सरकारमा पुऱ्याउने गर्छ ।"

उहाँले भन्नभुयो, "नेपालको संविधानमा समाजवादउन्मुख लेखिएको छ । तर, पुँजीपतिवर्गले सरकारमा गएका पार्टीहरूलाई समाजवादउन्मुख कानुन बनाउन दिएन । सरकारमा गएका पार्टीका नेताहरू पुँजीपतिवर्गको चङ्गुलमा फसे । अर्थात्, निर्वाचित राज्य जस्तै भए । नेपालका प्रधानमन्त्रीहरूसँग देश विकासको खाका नै छैन ।"

भेलामा भक्तपुर आन्तरिक राजस्व कार्यालयका प्रमुख कर अधिकृत दिलिपकुमार गौतमले सिकर्मी व्यवसायीहरूले व्यवसाय दर्ता गरेर मात्र काम गर्नुपर्ने र करसम्बन्धी शिक्षा लिएर काम गरेमा व्यवसाय सञ्चालनमा समस्या नहुने बताउनुभयो ।

नेक्रामजदुरसङ्घ जिल्ला समिति भक्तपुरका अध्यक्ष उपेन्द्र सुवालले सङ्घले मजदुरहरूको हकहितको निम्ति सङ्घर्ष गरिरहेको बताउनुभयो ।

सङ्घका अध्यक्ष विक्रम ढुकुछुको सभापतित्वमा भएको उक्त कार्यक्रममा सङ्घका सल्लाहकार विष्णुभक्त कुसी, नेपाल क्रान्तिकारी यातायात मजदुर सङ्घका अध्यक्ष राजेश बुयो, भक्तपुर घरेलु तथा साना उद्योग सङ्घका अध्यक्ष प्रेमकृष्ण खर्बुजा, भक्तपुर फर्निचर एन्ड फर्निसिङ व्यवसायी सङ्घका अध्यक्ष प्रेमबहादुर सुवाल, नेपाल क्रान्तिकारी डकर्मी सङ्घका उपाध्यक्ष विक्रम कासिछ्वाले पनि आआफ्ना पेसागत समस्याबारे बताउनुभयो ।

## शासक दलहरूको अदूरदर्शिताको कारण देश झन् सङ्कटमा

सिन्धुली । विश्व सर्वहारावर्गका महान् गुरुहरू स्तालिनको १४५ औं र अध्यक्ष माओको १३० औं जन्म दिवसको अवसरमा नेपाल मजदुर किसान पार्टी सिन्धुली जिल्ला समितिको आयोजनामा मङ्गलबार कार्यकर्ताहरूको एक भेला भयो ।

उक्त भेलामा पार्टी सचिव प्रेम सुवालले देश बेच्ने र जनतालाई शोषण गर्ने भ्रष्ट नेता, मन्त्री र कर्मचारीहरूलाई उदाङ्ग्याएर नफालेसम्म नेपालको विकास हुँदैन भन्नुभयो ।

उहाँले भन्नुभयो, "हरेक बौद्धिक व्यक्तित्व राजनैतिकरूपमा सचेत नभएमा देशको सार्वभौमिकता रक्षा गर्न सकिँदैन । देशका ठुला दलका नेताहरूको अदूर दर्शिताको कारण देश झन्झन् सङ्कटमा फस्दै गइरहेको छ । नेपालका नदीनालाहरू सबै भारतलाई सुम्पिने काम भइरहेको छ । भारतीय दूतावासले २० करोड रूपैयाँ नेपाल सरकारको कुनै स्वीकृति नलिई खर्च गर्न पाउने सम्झौता गरी नेपाललाई भारतीय उपनिवेश बनाउने काम सरकारले गरेको छ । यो निन्दनीय कार्य हो ।"

सरकारले समाजवादी देशहरूको सहयोगमा बनेको छालाजुत्ता कारखाना, कागज कारखाना, कपडा उद्योग, सिमेन्ट उद्योग, इँटा टायल कारखाना, चुरोट कारखाना, कृषिऔजार कारखानालगायत ३० भन्दा बढी कारखानाहरू सरकारले निजीकरण गर्यो । ती उद्योगहरू कौडीको मूल्यमा बिक्री गरेर नेपाली मजदुरलाई विस्थापित गर्ने कार्य भयो । नेपाली युवाहरूलाई विदेश जान बाध्य पारियो । यसले देश झन्झन् परनिर्भरतातर्फ तानियो ।," उहाँले भन्नुभयो ।

उहाँले भन्नुभयो, "ती पुँजीवादी पार्टीहरू देशभक्त नभएकै कारण देश परनिर्भरतातर्फ धकेलिएको हो । देशलाई आज तरकारी, चामल, फलफुललगायतका सम्पूर्ण वस्तु भारतबाट आयात गर्नुपर्ने स्थितिमा पुऱ्याइयो ।"

नेमकिपा सिन्धुलीका अध्यक्ष कृष्णकुमार श्रेष्ठको सभापतित्वमा भएको उक्त भेलामा एनबी दुवाल, रामेश्वरी कोजु, नवीनकुमार ग्वाछा, राजाराम बासीले दलाल पुँजीपतिवर्गले देशको हितमा भन्दा एकाधिकार पुँजीको हितमा कार्य गर्ने भएको हुँदा सचेत युवाहरूले राजनीतिमा चासो राखी देश परिवर्तनको लागि लाग्नुपर्ने धारणा राख्नुभएको थियो ।

भेलाले कृष्णकुमार श्रेष्ठको अध्यक्षतामा ११ सदस्यीय नेपाल मजदुर किसान पार्टी सिन्धुली जिल्ला समिति पुन:गठन गऱ्यो ।



माओ त्सेतुङ

*क्रान्ति हुनु छ भने क्रान्तिकारी पार्टी हुनैपर्छ । क्रान्तिकारी पार्टीबिना, मार्क्सवादी – लेनिनवादी क्रान्तिकारी सिद्धान्त र क्रान्तिकारी पद्धतिअनुसार बनेको पार्टीबिना साम्राज्यवाद र यसका दलालहरूलाई पराजित गर्न मजदुर वर्ग र विशाल जनसमुदायलाई नेतृत्व गर्न असम्भव छ ।*

## सम्पादकीय

# नेमकिपा एक चीन नीति एवम् थाइवानलाई चीनको एक अभिन्न अङ्ग मान्छ

नेपाल मजदुर किसान पार्टीले चीन र चिनियाँ जनतालाई प्राचीनकालदेखिको एक मित्र देश र एसियाकै दाजुभाइको रूपमा मानी आएको छ । दुई देश साझा पहाड-पर्वत र नदीनालाहरूको घनिष्ठ देश भनी नेपाली जनता मान्दै आएका छन् । नेपाली र चिनियाँ जनताको यस प्राचीनकालदेखिको मित्रतालाई झन्झन् गाढा बनाउँदै जाने हाम्रो विश्वास छ । नेपाली र चिनियाँ जनताको मित्रता नङ र मासु जत्तिकै छ । यसकारण, थाइवानको बारे नेमकिपा प्रस्ट छ – थाइवान चीनको एक अभिन्न अङ्ग हो र नेमकिपा एक चीन नीतिको समर्थन गर्दछ ।

कारण नेमकिपाले चीन र थाइवानको विषयमा वा चीनको आन्तरिक मामलाको विषयमा बाहिरी हस्तक्षेपको विरोध गर्दछ । तलका केही बुँदाले नेमकिपाको नीति प्रस्ट हुन्छ;

एक, नेमकिपा एक चीन नीतिलाई समर्थन गर्दै आएको छ र त्यसलाई चालु राख्नेछ ।

दुई, मामला चीनको आन्तरिकसम्बन्धी हो । संसारमा चीन एउटै छ र जनगणतन्त्र चीन नै एकमात्र विश्वले स्वीकार गरेको कानुनी सरकार हो ।

थाइवान चीनकै अभिन्न अङ्ग हो ।

तीन, संयुक्त राज्य अमेरिकी साम्राज्यवादी पिछलग्गूहरूले थाइवानलाई स्वतन्त्र गर्ने कुचेष्टा गर्दै छन् । त्यो एक षड्यन्त्रबाहेक केही होइन ।

चार, संयुक्त राज्य अमेरिकी साम्राज्यवाद र त्यसका पिछलग्गूहरू चीनलाई थाइवान, सिङच्याङ, तिब्बत, हङकङ आदिलाई पुन: साम्राज्यवादीहरूकै उपनिवेश बनाउने निराशायुक्त उद्देश्यको जाल रच्दै छन् । नेमकिपा पूर्णरूपले पुन: एकीकृत चीनको समर्थन गर्छ ।

पाँच, यसबारे नेपाल र चीनको कूटनैतिक सम्बन्ध भएदेखि नै नेपाल सरकारहरूले एक चीन नीति तथा थाइवानलाई पनि चीनकै एक अङ्गको रूपमा मान्दै आएका छन् ।

सन् १९४७ मा जापानी उपनिवेशवादीहरूको पराजयपछि अमेरिकी साम्राज्यवादको पिछलग्गू च्याङकाइ सेकले जनताको इच्छाअनुसारको जनताको क्रान्तिको विरोधमा चीनलाई पुन: विभाजित गर्ने उद्देश्यले गृहयुद्धलाई चालु राख्यो । चिनियाँ कम्युनिस्ट पार्टीको नेतृत्वमा सबै देशभक्त एवम् प्रजातन्त्रवादी पार्टी र जनता मिलेर अमेरिकी पिछलग्गू च्याङकाइ सेकको सेनालाई पराजित गरे र १९४९ मा पेचिङको थेनामेन चोकमा चिनियाँ कम्युनिस्ट पार्टीका अध्यक्ष माओ त्सेतुङले जनवादी गणतन्त्र चीनको स्थापनाको घोषणा गर्नुभयो ।

तर च्याङकाइ सेकले आफ्ना बाँकी रहेका सेना लिएर अमेरिकी साम्राज्यवादको षड्यन्त्रअनुसार थाइवानमा एक दलाल सरकार कायम गरे । त्यसबेला अध्यक्ष माओ त्सेतुङको नेतृत्वको सरकारदेखि नै थाइवानलाई मातृभूमि चीनको अभिन्न अङ्ग मान्दै देशलाई टुक्राउन खोज्ने अमेरिकी साम्राज्यवाद र पिछलग्गू च्याङकाई सेकको षड्यन्त्रलाई विरोध र निन्दा गर्दै आएको हो ।

अमेरिकी राष्ट्रपति निक्सनको चीन भ्रमणको बेला संयुक्त राज्य अमेरिकाले थाइवानलाई चीनकै एक अभिन्न अङ्ग मानेको र एक चीन नीतिको समर्थन गरेको थियो ।

तर, चीनको प्रगति र विकासलाई इर्ष्या गर्दै संयुक्त राज्य अमेरिकी साम्राज्यवादले स्वतन्त्र थाइवानलाई निहुँ बनाएर फेरि चीन र थाइवानको जलडमरु एवं दक्षिण पूर्वी चीनकै क्षेत्रमाथि हस्तक्षेपलाई बढाउँदै युद्धको स्थितिमा पुऱ्याउने जालसाजी गर्दै छ । ती सबै षड्यन्त्रहरूमा अमेरिकी साम्राज्यवाद जसरी पहिले असफल भएको थियो त्यस्तै अहिले पनि पहिलेभन्दा बढी लज्जास्पद हार व्यहोर्नेछ । यसकारण, नेपाल मजदुर किसान पार्टी दक्षिणपूर्वी एसिया वा एसियाको कुनै पनि भागमा गरिने हस्तक्षेप र कुकृत्यको विरोध र निन्दा गर्दछ ।

हिजो २९ पुसको दिन थाइवानको निर्वाचनमा 'प्रजातान्त्रिक प्रगतिशील पार्टी'का उम्मेदवार विलियम भन्ने व्यक्ति राष्ट्रपतिमा विजय भएको नाटक मञ्चन गरियो । उसले ४० प्रतिशत मतमात्र पाएको बताइएको छ । यसकारण, बुझ्ने जनताले त्यसलाई अमेरिकी साम्राज्यवादको हस्तक्षेप र प्रजातन्त्रको नाटकको रूपमा लिन्छन् ।

# तल्लो वर्गलाई माथि उठाउने योजना बनाउनु आवश्यक

✍ प्रेम सुवाल

भक्तपुरलाई स्वच्छ-सफा सांस्कृतिक नगर र पर्यटकीय गन्तव्यस्थल बनाउने हामी सबैको साझा उद्देश्य हो । सफा स्वच्छ सहर बनाउन फोहरमैला व्यवस्थापन, फोहर ढल उपचार, खोला सुधार, सडकको दायाँबायाँ हराभरा बनाउनु आवश्यक छ ।

भक्तपुरको सीपमा आधारित साना तथा घरेलु उद्योगहरूलाई प्रवर्द्धन गर्न स्थापना भएको भक्तपुर साना औद्योगिक क्षेत्रमा बहुदल पुन:स्थापनायता धुवाँ, ध्वनि, रसायन प्रदुषण फैलाउने डाइङ, टेक्स्टाइल, रङ, प्लास्टिकलगायतका उद्योगहरू सञ्चालन गराइए । यसले स्वच्छ-सफा सहर बनाउने यहाँका जनताको इच्छा-आकाङ्क्षामा चोट पुऱ्याएको छ । भक्तपुर औद्योगिक क्षेत्रलाई यहाँको सीपमा आधारित साना औद्योगिक क्षेत्रमा रूपान्तरण गर्नुपर्दछ वा औद्योगिक क्षेत्र नै अन्यत्र स्थानान्तरण गर्नुपर्दछ । यो औद्योगिक क्षेत्र स्थानान्तरणबारे सरकारको बजेटमा दुई पटक उल्लेख भयो तर कार्यान्वयन गरिएको छैन ।

सहर सफा - स्वच्छ बनाउन सङ्घीय राजधानीमा भइरहेको तीव्र बसाइ सराइ रोक्नु जरुरी छ र देशको सन्तुलित विकास गर्नु आवश्यक छ । यसको लागि प्रधानमन्त्री, मन्त्री, सांसदहरूलाई आ-आफ्नो जिल्लामा मात्र बसोबास गर्न पाउने कानुनी व्यवस्था गर्नु उपयुक्त हुनेछ । देशको असन्तुलित विकासको कारण एकातिर खेतीपाती बाँझो भयो भने अर्कोतिर भारतबाट दाल, चामल, तरकारी किनेर खानुपर्ने अवस्था भयो ।

सांस्कृतिक सहर र पर्यटकीय गन्तव्यस्थल बनाउन गुणस्तरीय विद्यालय र विश्वविद्यालय जरुरी हुन्छ । तर, प्रधानमन्त्री र मन्त्रीहरू स्थानीय तहलाई विश्वविद्यालय सञ्चालन गर्ने संवैधानिक व्यवस्था नभएको दाबी गर्छन् । संविधानको साझा सूचीमा 'शिक्षा' उल्लेख छ । शिक्षाअन्तर्गत विश्वविद्यालय पनि पर्छ । यसकारण शैक्षिक पूर्वाधार भएको स्थानीय तह भक्तपुर नगरपालिकालाई ख्वप विश्वविद्यालय सञ्चालन गराउन दिनुपर्दछ । राणा शासनमा जनतालाई पढ्न दिइएन । अहिले बहुदल र गणतन्त्रमा पनि जनतालाई ख्वप विश्वविद्यालयमा पढ्न नदिने सरकारहरू राणा शासकभन्दा फरक हुने छैनन् ।

देशभक्तिमा पनि नाफा खोज्ने सरकारहरूले जनतालाई देशभक्तिको शिक्षा दिन सकेनन् । सरकारहरूले १२ कक्षा उत्तीर्ण विद्यार्थीहरूलाई देशभित्र पढाउने व्यवस्था गरेनन् उल्टो घर, खेत बेचाएर विदेश अध्ययनमा पठाउँदै छन् । यसले नेपालीको खर्बौं रुपैयाँ विदेसिँदै छ ।

तल्लो वर्गलाई माथि उठाउने योजना बनाउनु जरुरी छ । यस्तो योजना नबनेकैं कारण अहिले देशभरि 'के देश खस-आर्यको मात्र हो र ?' भन्ने प्रश्न देशभरि नै उठिरहेको छ ।

आफू नै सर्वश्रेष्ठ ठान्ने र अरूलाई तुच्छ ठान्ने अन्धराष्ट्रवाद हो, अरूलाई राष्ट्र नठान्ने बडाराष्ट्र अहङ्कारवाद हो । अन्धराष्ट्रवाद र बडाराष्ट्र अहङ्कारवादले फासीवादलाई प्रश्रय दिन्छन् । इजरायली फासीवादले अमेरिकी साम्राज्यवादसँग हतियार लिएर बमवारी गर्दै प्यालेस्टिनी भूमि कब्जा र नरसंहार गरेको पनि यहुदीहरूको अन्धराष्ट्रवाद र बडाराष्ट्र अहङ्कारवाद हो ।

सन् १७७६ को स्वतन्त्रतापछिका अमेरिकी




सरकारहरूले विश्वका ५०० भन्दा बढी ठाउँमा सैन्य हस्तक्षेप गरेका छन् । अमेरिकी साम्राज्यवादलाई पाठ सिकाउन चीनले 'विश्वव्यापी सभ्यताको अगुवाइ' (GCI) अघि बढाएको हो ।

केही दिनअघि न्युयोर्कका जनताले बाइडेन र नेतन्याहुको पुतला बनाई दुवै हात रगतमा लतपतिएको देखाई इजरायली फासीवाद र अमेरिकी साम्राज्यवादले प्यालेस्टिनी भूमि कब्जा र नरसंहारको विरोधमा प्रदर्शन गरे । नेपाल मजदुर किसान पार्टीले पनि देशका विभिन्न ठाउँमा प्यालेस्टिनी जनताको नरसंहार र भूमि कब्जा गर्ने इजरायली फासीवाद र अमेरिकी सरकारको विरोधमा जुलुस र सभा गर्दै छ ।

चीनका राष्ट्रपति सि चिनफिङले नयाँ वर्ष २०२४ को शुभकामनामा 'बीस वर्षदेखि चीनमा अन्न उत्पादन वृद्धि भएको' उल्लेख गर्नुभयो । नेपालमा सरकारहरू दाल, चामल, तरकारीसमेत भारतसँग किन्दै छन् । यसले नेपालका प्रमहरूमा देश विकासको खाका नै नभएको पुष्टि गर्छ ।

भक्तपुरका जनताको सार्वजनिक सांस्कृतिक स्थल चोडा पा, रानी पोखरी, सिद्धपोखरी र ५५ वर्षदेखि दुग्ध सङ्कलन कार्यालय रहेको क्षेत्र पञ्चायती सरकारको निर्णयअनुसार २०४२ सालमा नेपाली सेनाको नाममा दर्ता गरियो । नेपाली सेना र जनताबिच विवाद गराउन पञ्चायती सरकारले त्यस्तो निर्णय गरेको हो । बहुदल र गणतन्त्रको सरकारले नेपाली सेनाको नाममा रहेको सो सांस्कृतिक स्थल पुन: सार्वजनिक गर्ने निर्णय गरी पञ्चायती सरकारको निर्णय खारेज गर्नु जरुरी छ ।

कर्मचारीहरूले हाजिरीलगत्तै तलब पाकेको ठान्नु हुँदैन, तलबअनुसार काम गरेपछि मात्र तलब पाकेको ठान्नुपर्दछ, भक्तपुर नगरपालिकाका कर्मचारीहरूमा यो भावना छ, यसलाई अझ बढाउनु आवश्यक छ ।

जुनसुकै कारणबाट सार्वजनिक जग्गा व्यक्तिको नाममा दर्ता गरिए पनि मालपोत ऐनअनुसार पुन: सार्वजनिक हुने व्यवस्था छ तर मालपोत कार्यालयका अधिकारीहरू ललिता निवासको २९९ रोपनी सरकारी जग्गा व्यक्तिको नाममा गएको पुन: सार्वजनिक गर्न मानेका छैनन् । व्यक्तिको नाममा दर्ता गरिएको काठमाडौँ थँ बहीको कमलपोखरी र सार्वजनिक बगैँचासमेत २६.५ रोपनी, देशको अन्य ठाउँका सार्वजनिक पोखरी, पर्ती, जङ्गल व्यक्तिको नाममा दर्ता गरिएको पनि पुन: सार्वजनिक गरिएको छैन । यसले मालपोत कार्यालयका कतिपय अधिकारीहरू इमानदार नभएको देखाउँछ ।

सहकारी संस्थामा देखिएको अनियमितता हटाउन कानुन संशोधन गरेर सहकारी संस्थाले कृषि उत्पादनमा गर्न पाउने व्यवस्था गर्नु आवश्यक छ ।

*(नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सङ्घीय सांसद प्रेम सुवालले २०८० पुस २५ गते मङ्गलबार भक्तपुर नगरपालिकाको पन्ध्रौं नगरसभाको उद्घाटन समारोहमा राख्नुभएको मन्तव्यको सार-सं)*

**पुँजीवादी व्यवस्थामा मुठ्ठीभरको मात्र हित हेरिन्छ**

मानव समाजको विकासको क्रममा पशुपालन, खेतीपाती र उद्योग-व्यापारको विकाससँगै वर्ग पनि सुरु भयो । शोषक वर्गविरुद्ध शोषित वर्गले विद्रोह गऱ्यो । राजा महाराजाहरूले लगाएको करविरुद्ध पुँजीपति वर्गले नै सशस्त्र विद्रोह गरेको थियो ।


पुँजीपति सन १६४९ मा बेलायतका राजा चार्ल्स प्रथमलाई ज्यान सजाय दिइयो भने सन १७९३ मा फ्रान्सका राजा लुई चौधौँलाई काट्ने मेशिन (गिलेटिन) मा राखेर ज्यान सजाय दिइयो ।

पुँजीपति वर्गले आफ्नो अनुकूल कानुन बनाई दिने पार्टीहरूलाई चुनावमा बहुमत दिलाउने र सरकारमा पुऱ्याउने गर्दछ । नेपालमा पनि अहिले त्यस्तै भइरहेको छ ।

ठूलो माछाले सानो माछालाई खान्छ भनेजस्तै पुँजीवादमा ठूलो पुँजीले सानो पुँजीलाई खान्छ । यसकारण पुँजीवादको विरोधमा न्याय र समानतासहितको समाजवादी विचार उदय भएको हो । समाजवादमा मजदुर वर्गको सरकार, उत्पादनका मुख्य मुख्य साधन र सेवा सामाजिकीकरण, योग्यतानुसार काम र

**बाँकी पृष्ठ ११ मा**

# के सरकार भूमाफियाहरूको कब्जामा ?




सरकारले अव्यवस्थित बसोबासी भूमिहीन, दलित, सुकुम्बासीको नाममा सरकारी पर्ती जग्गा बाँड्ने तयारी गऱ्यो । पञ्चायती सरकारले पनि सुकुम्बासीको नाममा हरियो वन तस्करको धन बनाएको थियो । अव्यवस्थित बसोबासीसँग अलिकति रकम लिएर सरकारी जग्गा वितरण गर्नु भ्रष्टाचार नै हो ।

१३ लाख ५० हजारभन्दा बढीले जग्गा प्राप्तिका लागि आवेदन दिएकोमा १० लाख ३ सय ५४ को तथ्याङ्क कम्प्युटरमा राखिएको राष्ट्रिय भूमि आयोगले जनाएको छ । जसमध्ये १ लाख ५४ हजार ८ सय ८५ भूमिहीन सुकुम्वासी, ७९ हजार ९ सय २६ भूमिहीन दलित, ७ लाख ६५ हजार ५ सय ४३ अव्यवस्थित बसोबासी रहेका छन् । ४ हजार ४ सय ४० लाई भने लालपुर्जा नै वितरण गरिएको छ ।

देशभर कहीँ पनि जग्गा नभएका भूमिहीनहरूलाई एक पटकको लागि जग्गा उपलब्ध गराउने संवैधानिक बन्दोवस्तलाई दुरुपयोग गरिँदै छ । ओली सरकारले भूमिसम्बन्धी ऐन संशोधन गरी सरकारी जग्गा बाँडचुड गर्ने मार्ग प्रशस्त गरेको हो । शासक दलहरूले सुकुम्बासीहरूलाई काठमाडौँ उपत्यकाको नदी किनारामा बसोबास गराई आफ्नो भोट बैङ्क बनाएका हुन् ।

अव्यवस्थित बसोबासीका नाममा भूमाफियाहरूले पूर्वपश्चिम राजमार्ग जग्गा कब्जा गरिरहेका छन् । पूर्व महोत्तरीको भंगाहा नगरपालिका वडा नं. ४ का ६२ घरपरिवार र बर्दिबास नगरपालिकाका २५ घरपरिवार पुस्तौंदेखि बसोबास गरिरहेको घरजग्गा भूमाफियाका नाममा लालपुर्जा कसरी बन्यो ? शासक दलहरूले स्थानीय प्रशासन र मालपोतको सहयोगमा भंगाहाको ४५ बिगाहा जग्गाको लालपुर्जा ९ जना भूमाफियाका नाममा लालपुर्जा कसरी बन्यो ? २०५४ सालमा भूमिहीन सुकुम्वासी, दलित, अव्यवस्थित बसोबासीलाई लालपुर्जा वितरण गर्दा सो जग्गा शासक दलका कार्यकर्ता र भूमाफियाका नाममा लालपुर्जा बनाइएको थियो । अहिले ती ८७ घरपरिवार अहिले बिचल्लीमा छन् । पीडितहरू काठमाडौँमा पुगेर गृहमन्त्रीसमक्ष पुग्दासमेत केही भएन ।

बाराको जितपुर सिमरा उपमहानगरपालिका वडा नं. २३ का दलित बस्ती पनि भूमाफियाहरूको नाममा लालपुर्जा बनाएको खुलेको छ । वडा कार्यालयको भवन बनाउन सार्वजनिक जग्गा खोजी गर्ने क्रममा सो तथ्य खुल्न आएको हो । २०५५ सालमा सुकुम्वासी समस्या समाधान आयोगले २० बिगाहा सार्वजनिक जमिनसमेत नक्कली प्रमाणका आधारमा व्यक्तिका नाममा लालपुर्जा बनाउन सिफारिस गरेको थियो । नक्कली प्रमाण बनाएर ऐलानी जग्गामा ३ वटा बस्ती बसाई भूमाफियाको नाममा बनाउन शासक दलकै नेताहरू संलग्न भए । १ हजार ५ सय परिवार बसोबास गर्ने सो बस्तीमा डोजर चलाएर भूमाफियाहरूले घर भत्काउने तयारी गर्दै छन् ।

वास्तविक सुकुम्वासीहरूको पहिचान हुन नसक्दा पीडितको सङ्ख्या बढ्दो छ । पीडितको घाउमा चुनचुक छर्ने काममा शासक दलका नेताहरूसँगै सुकुम्वासी आयोगका पदाधिकारीहरू, स्थानीय प्रहरी प्रशासन, मालपोत, नापी, भूमिसुधार, वन, भौतिक आवास कार्यालयका उच्च कर्मचारीहरूसमेत संलग्न भए ।

अझै पनि शासक दलहरूले दलीय सहमतिका नाममा भागबन्डा गररै सरकारी, पर्ती, ऐलानी जग्गा भूमाफियालाई दिन कानुन संशोधनको तयारी गरिरहेका छन् । न्यून राजस्व तिरेर सरकारी जग्गा व्यक्तिको गर्नु देशघात हो । देशको राजस्वमा ब्रम्हलुट मच्चाइरहेका शासक दलका नेता, कार्यकर्ता र सम्बन्धित उच्च अधिकारीहरूलाई कडाभन्दा कडा कारबाही गर्नु जरुरी छ ।

# नेमकिपाको गौरवपूर्ण आधा शताब्दीको अविरल यात्रा

✍ विवेक

**नेमकिपाले बोकेको क्रान्तिकारी झण्डा नै अब यो देशको कम्युनिस्ट पार्टीको झण्डा बन्दै छ । त्यसलाई ढाल्न धेरै प्रतिक्रियावादीहरूले कोसिस गरे, तर ती सफल भएनन् । त्यस्ता प्रतिक्रियावादी षड्यन्त्रहरूलाई असफल पार्दै नेपाल मजदुर किसान पार्टी थप जुझारु भएर अगाडि बढ्नेछ । विनापद र पैसाको लोभमा नेमकिपाका नेता कार्यकर्ताहरू आधा शताब्दी लडे, आवश्यक परे अर्को शताब्दीयौँसम्म लडिरहनेछन् । देशमा जनताको प्रजातन्त्र, समाजवाद हुँदै साम्यवादी समाज स्थापना नहुन्जेल अथक र अविरल सङ्घर्ष गरिरहनेछन्, हिमनदी पग्लेर बगेको गण्डकी, कोशी, कर्णाली र महाकालीको चोखो पानीसरि । यो नै नेमकिपा स्थापनाको ५० वर्षको अवसरमा नेमकिपाका कार्यकर्ता, शुभचिन्तकहरूप्रति हार्दिक शुभकामना र बधाई ।**

'नेपाल मजदुर किसान पार्टीको ५० औँ स्थापना दिवस २०८० माघ १० गते जिल्ला, स्थानीय तह, वडा र टोलसम्म पार्टी समितिहरूलाई पार्टीको प्रकाशन, क्रान्तिकारी नेताहरूको जीवनी, विश्वका मजदुर र कम्युनिस्ट आन्दोलनहरूबारे अध्ययन र अन्तरक्रिया गराई कार्यकर्ता, शुभेच्छुक र जनताको सांस्कृतिक र राजनैतिक स्तर उठाउने साथै अध्ययन र अन्तरक्रियामा सम्बन्धित विषयको इतिहास र देशको भूगोलसमेत अध्ययन गर्ने गराउने ।

नेपाल मजदुर किसान पार्टीको सातौँ महाधिवेशन पछिको पाँचौँ केन्द्रीय परिषद्ले उपर्युक्त निर्णय गरेको हो । पुस २७ र २८ गते पार्टी अध्यक्ष नारायणमान बिजुक्छेँको अध्यक्षतामा बसेको केन्द्रीय परिषद्ले विभिन्न राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रस्तावहरू पारित गर्दै टुङ्गिएको छ । आगामी माघ १० गते नेमकिपा स्थापना भएको ५० वर्ष पुग्दै छ । २०३१ साल माघ १० गते नेमकिपाको स्थापना भएको हो । समाजवादी देश सोभियत सङ्घले साना र कमजोर देशहरूमाथि आर्थिक सहयोगको नाउँमा हस्तक्षेप र थिचोमिचो गरेको सम्बन्धमा रुसलाई हेर्ने दृष्टिकोण र भारतको सहयोगमा पूर्वी पाकिस्तान स्वतन्त्र देश (बङ्गलादेश) घोषणा गरेकोबारे तत्कालीन नेकपामा आएको मत भिन्नता नेपाल मजदुर किसान पार्टी स्थापनाको आधार बन्यो । का. रोहितले 'रुसी संशोधनवाद सामाजिक साम्राज्यवादमा पतन र 'नेपाल कम्युनिस्ट आन्दोलनमा देखा परेका खोटा विचारहरूको खण्डन पुस्तक लेखेर मतभेद जारी गरेपछि तत्कालीन नेपाल कम्युनिस्ट पार्टीबाट अलग भएर नेमकिपा स्थापना भएको हो । शत्रु र मित्रबारे र पञ्चायती सरकारले गरेको निर्वाचनमा भाग लिनेबारे पनि फरक फरक दृष्टिकोण हुनु पनि पार्टी अलग हुनाका कारणहरू हुन् ।

मार्क्सवाद, लेनिनवाद र माओ त्सेतुङ विचारधारालाई मार्गनिर्देशक सिद्धान्तको रूपमा अवलम्बन गर्दै आएको नेपाल मजदुर किसान पार्टी स्थापनाकालदेखि आधा शताब्दीसम्म सामन्तवाद, पुँजीवाद, उपनिवेशवाद र साम्राज्यवादविरुद्ध अविचलितरूपमा सङ्घर्षरत छ । पद र पैसाको लोभ नगरी कामदारवर्गलाई शासकवर्गको रूपमा उठाउने उद्देश्यका साथ जनताको सेवामा समर्पित भएर इमानदारीपूर्वक काम गरिरहेको नेपालको एकमात्र पार्टी हो, नेपाल मजदुर किसान पार्टी ।

नेमकिपालाई समाप्त पार्न धेरैले धेरै कोसिस गरे तर सफल भएन । तत्कालीन पञ्चायती व्यवस्थाले २०४५ सालमा राज्य स्तरबाट 'भक्तपुर काण्डको षड्यन्त्र रची समाप्त गर्न खोज्यो, तर त्यो सफल भएन । उल्टै पञ्चायती व्यवस्था नै समाप्त भयो । बहुदलीय व्यवस्था पुन:स्थापनापछि 'एमालेको डोजर भक्तपुरमा' भनी नेमकिपाविरुद्ध एमालेले अभियान चलायो । त्यो पनि सफल नभएपछि नेमकिपा फुटाउने कोसिस गर्यो । नेमकिपाबाट निर्वाचित सांसद र विभिन्न तहका जनप्रतिनिधिहरू एमालेमा प्रवेश गराए र नेमकिपा फुटाउने असफल कोसिस गर्‍यो तर एमाले नै विभाजन भयो । २०६२।६३ पछि माओवादी पनि पञ्च र एमालेकै कामलाई निरन्तरता दिँदै नेमकिपाविरुद्ध खनिए । माओवादी अध्यक्ष प्रचण्ड स्वयंले नेमकिपालाई फुटाउने प्रयास गरेको स्विकारेका छन् । सार्वजनिकरूपमा उनले भने, 'नेमकिपाले जसरी भक्तपुरमा काम गरेको छ शिक्षा, स्वास्थ्य, रोजगारीको क्षेत्रमा तोड्न भनी ठूला ठूला पार्टीहरूले तोड्न बल गरे तर सकेनन् ।

हो, नेमकिपा पद र पैसाको लागि राजनीति गर्न स्थापना भएको पार्टी होइन, कसैले चाहँदैमा तासको घरझैँ भत्किनलाई । नेमकिपा विचार र सिद्धान्तको आधारमा बनेको पार्टी हो । विचार र सिद्धान्तबाट प्रशिक्षित कार्यकर्ताहरूबाट बनेको पार्टी कस्तो हुँदो रहेछ भन्ने एक उदाहरण प्रस्तुत गर्दै छ आज नेमकिपाले । देश र जनताको इमानदारीपूर्वक सेवा गर्नु नै राजनीति हो भन्ने मान्यता नेमकिपाले व्यवहारमा प्रमाणित गर्दै छ । अनेक किसिमका हन्डर, षड्यन्त्र र कठिन सङ्घर्षबीच नेमकिपा सतिसालझैँ दरो भएर नेपालको कम्युनिस्ट आन्दोलनको एक प्रकाशस्तम्भको रूपमा उभिएको छ ।

बाली काट्ने आन्दोलन, भर्पाई आन्दोलन, मोहियानी हक सुरक्षाको आन्दोलनजस्ता किसान आन्दोलनको जगमा उठेको नेमकिपा महँगी विरोधी र भ्रष्टाचारविरोधी आन्दोलन गर्दै देशको राजनैतिक आन्दोलनमा पनि महत्त्वपूर्ण भूमिका खेल्दै आएको छ । पछिल्लो चरणमा भएका सुन काण्ड, ललिता निवासको जग्गाकाण्ड, नक्कली भुटानी शरणार्थी काण्डलगायतका विषयमा पनि गलत गर्नेहरूलाई कडाभन्दा कडा कारबाही गर्नुपर्ने आवाज उठाउँदै आएको छ । भारतले नेपालको सुस्ता, महेशपुर इलाम, लालापट्टी र तिलाठी तथा कालापानीलगायत विभिन्न ठाउँको भूमि अतिक्रमणको विरोधमा होस् या लाखौँ भारतीय नागरिकलाई नेपाली नागरिक बनाउने उद्देश्यले पारित देशघाती नागरिकता विधेयकको विरोधमा होस् नेमकिपा सदन र सडकमा एक्लै भए पनि सङ्घर्षरत छ । नेपाल भारतबीच भएका राष्ट्रघाती सन्धिहरू महाकाली सन्धि, गण्डक, माथिल्लो कर्णाली, पश्चिम सेती, अरुण तेस्रोलगायतको सन्धि होस् वा हालै भएको नेपाली भूमिमा सरकारको स्वीकृतिविना २० करोड भारतीय दूतावासले खर्च गर्न पाउने सम्झौता होस्, नेमकिपाले निरन्तर विरोध गर्दै आएको छ ।

भियतनाम, इराक, लिविया, अफ्गानिस्तानलगायतका देशहरूमाथि अमेरिकी साम्राज्यवादले गरेको बर्बर आक्रमणको विरोध, प्रजग कोरिया, क्युवामाथि गरेको नाकाबन्दी र आक्रमणको धम्कीको विरोधमा तथा क्युवा, अफ्गानिस्तान, इराक, लिविया, प्रजग कोरिया न्यायप्रेमी जनताप्रति ऐक्यबद्धता आन्दोलनमा समर्थन जनाउँदै नेमकिपाले अन्तर्राष्ट्रिय कर्तव्य पनि पूरा गर्दै आएको छ ।

पछिल्लो चरणमा देशलाई नै अमेरिकी साम्राज्यवादको उपनिवेश बनाउने एमसीसी सम्झौताको विरोधमा नेमकिपा सङ्घर्षरत छ भने अमेरिकी सहयोगमा इजरायलले प्यालेस्टिनी जनतालाई आफ्नो भूमिबाट विस्थापित गर्न गरिरहेको बमबारी, नरसंहारको विरोध तथा प्यालेस्टिनी जनताको देशभक्तिपूर्ण आन्दोलनको समर्थनमा ऐक्यबद्धता जनाउँदै आएको छ ।

नेपाल मजदुर किसान पार्टी सिद्धान्तको मामिलामा कसैसित सम्झौता गर्दैन । सिद्धान्तविपरीत काम गरेर जनतालाई ठगिरहेका एमाले र माओवादीको मुकुण्डो च्याट्ने काम पनि नेमकिपाले गर्दै छ । कम्युनिस्ट पार्टीको नाउँमा पुँजीवादी सरकार सहभागी हुने र सरकारको नेतृत्व गरेर पुँजीवादको जगलाई बलियो बनाउनेहरूको विरुद्ध नेमकिपाले सैद्धान्तिक सङ्घर्ष जारी राखेको छ । नेमकिपाले पनि चुनावलाई प्रतिक्रियावादीहरूलाई नङ्ग्याउन र जनताको चेतनास्तर उठाउन उपयोग गर्दै आएको छ । शान्तिपूर्ण अवस्थामा जनताबीच काम गर्न चुनावको उपयोग गर्नु उचित भए पनि पुँजीवादी सरकारमा सामेल हुनु भनेको पुँजीवादमै पार्टीलाई बिसर्जन गर्नु हो भन्नेबारे नेमकिपा प्रस्ट छ ।

नेमकिपा निर्वाचनबाट समाजवाद स्थापना हुन्छ भन्नेमा विश्वास गर्दैन । चुनावलाई जनताको राजनैतिक र सांस्कृतिक स्तर उठाउने एक राजनैतिक सङ्घर्षको रूपमा मात्रै लिन्छ । जनताको चेतनास्तर नाप्ने 'ब्यारोमिटर' को रूपमा प्रतिक्रियावादी सङ्घ संस्थाभित्र गएर पनि जनताको सेवा गर्ने नीति अनुरूप नेमकिपाले निर्वाचनलाई उपयोग गर्दै आएको छ । वर्तमान समयमा स्थानीय, प्रदेश र सङ्घीय निर्वाचनमा भाग लिएर निर्वाचित प्रतिनिधिहरूले निरन्तर देश र जनताको सेवा गरिरहेका छन् ।

२०३६ सालको आन्दोलन र २०४६ सालको आन्दोलनमा महत्त्वपूर्ण भूमिका खेल्दै आएको नेमकिपा २०६२/६३ सालको आन्दोलनलाई निर्णायक तहमा पुर्‍याउने संसद पुन:स्थापनाको माग गर्ने पहिलो पार्टी हो । पछि त्यो नै ७ दलको साझा माग भयो र संसद पुन:स्थापनाले नै देशलाई गणतन्त्रको बाटोमा जान सहजता प्रदान गर्यो ।

जनआन्दोलनमा जनताले अपेक्षा गरेअनुरूप शासक दलहरूले काम गर्न सकेनन् । पञ्चहरूकै पदचापमै नेका, एमाले र माओवादी जस्ता शासक दलहरू हिँड्दै छन् । जनतामा ठूला निराशा, आक्रोश र असन्तोष बढ्दै छन् । त्यही कारण डेढ दशक अघि मसानघाटमा पुर्‍याइएको राजतन्त्र पुन:स्थापनाको कुरा गर्दा पनि हजारौँ जनता त्यसको पछि लाग्दै छन् ।

शासक दलहरूले पार्टीको सिद्धान्त र निर्वाचन घोषणापत्रअनुसार काम गरेनन् । दलगत र व्यक्तिगत फाइदाकै निम्ति मात्र काम गरे । गरिब र कामदार जनताले निरङ्कुश राजतन्त्र, संवैधानिक राजतन्त्र र गणतन्त्रमा कुनै भेद देखेनन् । विगतमा राजा र राजतन्त्रले पाइरहेको सुख सुविधा आज शासक दलका नेता र कार्यकर्ताले भोग्दै छन्, हिजो १ जना राजाका ठाउँमा आज सयौँ राजाहरू जन्मे, देश खोक्रो भयो भने जनताले आवाज उठाउन थालेका छन् । नेपाली जनताको शासक दल, नेता र कार्यकर्ता तथा राजनीतिप्रति नै वितृष्णा जाग्यो । परिणाम स्वतन्त्र भन्नेहरू ठाउँ ठाउँमा जित्न थालेका छन् । शासक दलहरूले आफ्नो व्यवहारमा सुधार गरेनन् भन्ने आगामी दिनमा त्यो क्रम अझ बढ्ने सम्भावना छ ।

नेमकिपाले आजसम्मको इतिहासमा सैद्धान्तिकरूपमा कसैलाई औँला ठड्याउने अवसर दिएन । हरेक विषयमा परिपक्व निर्णय गर्दै जनतालाई समाजवादी बाटोमा अगाडि बढाउन क्रियाशील छ । यो परिपक्व, कुशल र दूरदर्शी नेतृत्वकोकारण सम्भव भएको हो । आजका नयाँ पुस्ता पार्टीका अगुवाहरूले गर्नुभएको त्याग, तपस्या र बलिदानबाट सिक्दै अझ सशक्त भएर अगाडि बढ्ने अपेक्षा गर्न सकिन्छ ।

नेमकिपाले बोकेको क्रान्तिकारी झण्डा नै अब यो देशको कम्युनिस्ट पार्टीको झण्डा बन्दै छ । त्यसलाई ढाल्न धेरै प्रतिक्रियावादीहरूले कोसिस गरे, तर ती सफल भएनन् । त्यस्ता प्रतिक्रियावादी षड्यन्त्रहरूलाई असफल पार्दै नेपाल मजदुर किसान पार्टी थप जुझारु भएर अगाडि बढ्नेछ । विनापद र पैसाको लोभमा नेमकिपाका नेता कार्यकर्ताहरू आधा शताब्दी लडे, आवश्यक परे अर्को शताब्दीयौँसम्म लडिरहनेछन् । देशमा जनताको प्रजातन्त्र, समाजवाद हुँदै साम्यवादी समाज स्थापना नहुन्जेल अथक र अविरल सङ्घर्ष गरिरहनेछन्, हिमनदी पग्लेर बगेको गण्डकी, कोशी, कर्णाली र महाकालीको चोखो पानीसरि । यो नै नेमकिपा स्थापनाको ५० वर्षको अवसरमा नेमकिपाका कार्यकर्ता, शुभचिन्तकहरूप्रति हार्दिक शुभकामना र बधाई ।

# क्युवाको कृषि - १

✍ रामरतन चौधरी

सन् १४९२ मा क्रिस्टोफर कोलम्बसले क्युवाली भूमिमा पाइला राख्दा त्यहाँका अधिकांश बासिन्दा आरावाक जातिका थिए । क्युवाका ती आदिवासीले करेसाबारी सम्मिलित "कोनुको" कृषि पद्धति अपनाएका थिए । उनीहरूको कृषि उत्पादन गर्ने प्रणालीमा अधिकतम 'क्यामेलोनस' भनिने तरिका थियो । यो प्रणालीअन्तर्गत माटो र झारपात (सोत्तर) मिलाएर उठाइएको ड्याङमा बिउ छरिन्थ्यो वा रोपिन्थ्यो । यसमा कुनै पनि रासायनिक मल, कीटनाशक औषधीहरू प्रयोग गरिन्नथ्यो । यो प्रणालीबाट खेती गर्दा माटोमा उत्कृष्ट वायुसञ्चार भई स्वस्थ बिरुवा उत्पादन हुन्थ्यो भने बाली पनि राम्रै हुन्थ्यो । त्यतिखेरसम्म त्यहाँका आदिवासीहरू आत्मनिर्भर नै थिए ।

क्रिस्टोफर कोलम्बसको आगमनपछि क्युवाली द्वीपसँगै अमेरिकी महादेशमा स्पेनी साम्राज्यको मुख्यालय बन्यो । स्पेनी साम्राज्यवादीहरूले क्युवामा रैथाने आरावाक जातिको नरसंहार मच्चाउनुका साथै त्यहाँको मौलिक संस्कृति र कृषि प्रणाली ध्वस्त बनाए । आरावाक जातिको संहारपछि स्पेनी साम्राज्यवादीहरूले करिब ५ लाख अफ्रिकीहरूलाई दास बनाएर क्युवा ल्याए । स्पेनीहरूले क्युवामा नाफामूलक नगदेबाली उखु र सुर्तीको खेती सुरु गरे । १९ औँ शताब्दीको प्रारम्भसम्म क्युवामा आदिवासीको कृषि प्रणाली ध्वस्त भई उखु खेतीको वर्चश्व भयो । खेतीयोग्य जमिनको ठूलो भाग उखुले लियो ।

सन् १८९८ मा संरा अमेरिकाले क्युवाको स्वतन्त्रता युद्धमा हस्तक्षेप गरेर स्पेनमाथि विजय प्राप्त गरेको घोषणा गर्‍यो । अब क्युवा स्पेनको उपनिवेशबाट मुक्त त बन्यो तर अमेरिकाको चङ्गुलमा फस्यो । अमेरिकाले क्युवाको सम्पूर्ण प्राकृतिक स्रोतमाथि रजाइँ गर्न थाल्यो । क्युवा "तावाबाट उछिट्टिएको माछो भुङ्ग्रोमा" जस्तै भयो । त्यसपछिका तीन दशकमा अमेरिकाका ठूलठूला चिनी व्यापारीहरूले क्युवाको धेरैजसो जमिन किनेर कब्जा जमाए । ६८ लाख खेतीयोग्य जमिन भएको क्युवाको २० लाख हेक्टर कृषियोग्य भूमि अमेरिकाको ५ वटा चिनी कम्पनीको स्वामित्वमा पुग्यो । क्युवाली क्रान्तिको केही समयअगाडिसम्म क्युवाको कुल खेतीयोग्य जमिनको ७५ प्रतिशत भूमि अमेरिकी नागरिक र ठूला अमेरिकी निगमहरूको कब्जामा पुगिसकेको थियो । अमेरिकाले पनि क्युवामा जमैका र हैटीबाट ठूलो सङ्ख्यामा सस्ता आप्रवासीहरू भित्र्याएर काममा लगाउन थाल्यो । बिसौँ शताब्दीको पहिलो तीस वर्षमा झन्डै क्युवाका आधा ग्रामीण किसानहरूले आफ्नो जमिन गुमाए । यी दशकहरूमा उखु खेतीको तीव्र विस्तार भएर क्युवाको इतिहासमा सबभन्दा बढी वन फडानी पनि भयो । सन् १९२५ सम्ममा क्युवाको सबैजसो मैदानी भागमा उखु खेती गरियो । उखु खेतीले कृषि भूमिको ७० प्रतिशत ओगटेको थियो । सन् १९३० सम्ममा क्युवा संसारकै सबैभन्दा ठूलो उखु उत्पादक देश बन्यो भने क्युवाली उखुले विश्व बजारमा बेचिने उखुको आधा भाग ओगट्थ्यो । संयुक्त राज्य अमेरिकाले क्युवाबाट प्रतिवर्ष ६० लाख टन चिनी कौडीको मोलमा लान्थ्यो । यो अवधिमा क्युवाली जनताको अवस्था जर्जर नै रह्यो ।

सन् १९५९ मा फिडेल क्यास्ट्रोको नेतृत्त्वमा क्युवाली क्रान्ति भयो । क्रान्तिपश्चात् बनेको सरकारले सबभन्दा पहिले भूमि सुधार गर्‍यो । भूमिसुधार कानुनमार्फत क्युवाली सरकारले जमिनको स्वामित्त्वमाथि हदबन्दी तोकेर सुकुम्बासी, मोही, किसानलाई जमिन वितरण गर्‍यो । अमेरिकीहरूको हालीमुहाली रहेको क्युवाका ७० प्रतिशत ठूला उखु बगान र पशुफार्महरू सरकारको मातहत ल्याइयो । क्युवाको यो कदमले अमेरिका रुष्ट बन्यो । उसले क्युवाबाट चिनी खरिद गर्न अस्वीकार गर्‍यो भने चिनी खरिद गर्ने सबै सम्झौताहरू पनि रद्द गर्‍यो । आफ्नो स्वार्थविपरीत जान थालेपछि क्युवाविरुद्ध अमेरिकाले १९६० जुलाई ६ देखि चरम नाकाबन्दी लगाउन सुरु गर्‍यो । अमेरिकाले कठोर तथा लामो नाकाबन्दी लगाएर क्युवालाई ध्वस्त बनाउने उद्देश्य लिएको थियो ।

संरा अमेरिकाले क्युवामा उत्पादन भएको चिनी नलिने भएपछि क्रान्तिपछिको क्युवाली सरकारले तत्कालीन सोभियत सङ्घसँग ५ वर्षको लागि चिनी व्यापारको सम्झौता गर्‍यो । सोभियत रुसले क्युवाको चिनी विश्व बजारमा चलेको मूल्यभन्दा ५ गुणा बढीमा किन्न मन्जुर गर्‍यो । अब क्युवाको सम्पूर्ण व्यापार सोभियत रुस र रुसका साझेदार देशहरूसँग हुन थाल्यो । अमेरिकाको नाकाबन्दीपछि क्युवालाई चाहिने पेट्रोलियम पदार्थलगायत कृषि औजार र अन्य सामग्रीहरू रुसलगायत रुस समर्थित देशबाट आयात हुन थाल्यो । यसले क्युवालाई आत्मनिर्भर हुन मद्दत गर्‍यो ।

क्युवाले यो अवधिमा व्यापक यान्त्रिकीकरण गर्दै रसायनमा आधारित सघन कृषि प्रणालीको विकास गर्‍यो । सन् १९८० को अन्त्यतिर क्युवाले रासायनिक मल मात्रै १३ लाख टन, झारनाशक विषादी १७ हजार टन र कीटनाशक विषादी १० हजार टन सोभियत रुस र रुस समर्थित देशबाट आयात गर्‍यो । क्युवाको खेतीमा प्रयोग गरिने गोरुको सङ्ख्या घटाएर ९० हजार ट्याक्टरको प्रयोग हुन थाल्यो । क्युवालाई चाहिने ९० प्रतिशतभन्दा बढी कच्चा पदार्थ, रासायनिक मल, कीटनाशक औषधीसमेत विदेशबाट आयात गरिन्थ्यो । क्युवामा निर्यातभन्दा आयात बढ्यो । क्युवाले ती सबथोकको बदलामा चिनी मात्रै निर्यात गर्थ्यो भन्दा फरक पर्दैन ।

अमेरिकासँग वैमनश्यता बढेपछि सोभियत रुस र रुसी पक्षधरका देशहरूसँग क्युवाको राम्रो सम्बन्ध बन्यो । सोभियत रुससँग विचार मिलेसम्म त यसले क्युवालाई फाइदै पुर्‍यायो र सम्पन्नताको राम्रै स्तर पनि हासिल गर्‍यो । तर, सोभियत रुसमा संशोधनवाद हावी भएपछि भने क्युवामा पनि सङ्कट आयो । अमेरिकाको चरम नाकाबन्दी र सन् १९८९ मा सोभियत रुसमा समस्या आउन थालेपछि समाजवादी देशहरूको आर्थिक सहयोग परिषद्अन्तर्गतका देशहरूबाट क्युवाले पाउँदै आएको व्यापारिक सुविधा पनि अचानक खारेज भयो । यसले क्युवाको अर्थतन्त्रमा ठूलो धक्का लाग्यो । पेट्रोलियम पदार्थमा आधारित यातायात व्यवस्था त झन्डै बन्द जस्तै हुन पुग्यो । आवश्यक पार्टपुर्जा र इन्धन आपूर्ति बन्द भएपछि खेतीमा प्रयोग गरिएका ट्याक्टरहरू पनि थन्किन थाले । रासायनिक मल पाउन छाडेपछि खाद्यान्न सङ्कट पनि सुरु भयो ।

नेपालको अर्थ-प्रणाली विदेशीको कब्जा छ । नेपालको पनि निर्यातभन्दा आयातको परिमाण ठूलो छ । दाल, चामल, तरकारीलगायतका खाद्य सामग्री भारतबाट आयात हुन्छ । हामीले भारतको नाकाबन्दी पटक पटक खेप्दै आएका छौँ । यसर्थ, क्युवाली जनताले भोगेका सङ्कट र सङ्घर्षबाट नेपालले पनि पाठ सिक्नु उपयुक्त हुनेछ । *क्रमश:*

*२०८० पुस २९ गते*

# नेमकिपा स्थापनाका आधार पुस्तकहरूबारे सङ्क्षिप्त चर्चा

✦ समा


माघ १० अर्थात् नेपाल मजदुर किसान पार्टीको स्थापना दिवस। नेपालको कम्युनिस्ट आन्दोलनमा देखापरेका खोटा विचारहरूविरुद्धको सङ्घर्षले नेपालको राजनीतिक डबलीमा नेमकिपाको जन्म गरायो। नेमकिपाले सङ्घर्षका गौरवपूर्ण ४९ वर्ष पार गर्दै छ। नेपालको राजनीतिक इतिहासको ४९ वर्षहरूमा नेमकिपा कम्युनिस्ट आन्दोलनको प्रकाशस्तम्भ बनेर उभियो।


नेपाल मजदुर किसान पार्टीको स्थापनाका आधार या पृष्ठभूमिबारे धेरैले जिज्ञासा राखेको पाइन्छ। ती सवालको जवाफ श्रद्धेय अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले तयार पार्नुभएको राजनीतिक दस्तावेजहरूमा भेटिन्छ। ती दस्तावेजहरू पछि पुस्तक आकारमा प्रकाशित भए। नेमकिपाको ४९ वर्षको राजनीतिक इतिहासका वैचारिक आधार पुस्तक हुन् ती। ती तीन पुस्तक अध्यक्ष रोहितले कम्युनिस्ट पार्टीमा सैद्धान्तिक आधारका रूपमा प्रस्तुत गर्नुभएको थियो।


"नेपालको कम्युनिस्ट आन्दोलनमा देखापरेका खोटा विचारहरूको खण्डन" पुस्तक नेपाल कम्युनिस्ट पार्टीलाई सैद्धान्तिक छलफलका निम्ति बुझाइएको राजनीतिक दस्तावेज हो। यो पुस्तक आजभन्दा ४६ वर्ष अघि वि.सं २०३३ सालमा पहिलो पटक पुस्तकाकारमा प्रकाशित भयो। पुस्तक कम्युनिस्ट आन्दोलनमा देखापरेका खोटा विचारहरूमाथि सैद्धान्तिक सङ्घर्षको निचोड थियो। यस पुस्तकले नेपालको कम्युनिस्ट आन्दोलनमा व्यापक चर्चा पायो। राजनीतिक विश्लेषकहरू भन्छन् -"नेपालको कम्युनिस्ट आन्दोलनको विकासक्रम बुझ्न आवश्यक सामग्रीमध्ये एक हो यो पुस्तक।" तत्कालीन समयमा कम्युनिस्ट आन्दोलन कुन दिशातर्फ लाने भन्ने अलमल थियो। कम्युनिस्ट पार्टीभित्र देखापरेका वामपन्थी र दक्षिणपन्थी अवसरवाद, संशोधनवादले कम्युनिस्ट आन्दोलन सङ्कटमा पर्ने देखिएपछि का.रोहितले "बाटो देखाउने बत्ती" को भूमिका निर्वाह गर्नुभयो। कम्युनिस्ट आन्दोलनका खोटा विचारहरू पन्छाएर आन्दोलनलाई गतिशील र व्यापक बनाउने व्यावहारिक प्रयासको राजनीतिक प्रमाण हो यो पुस्तक। त्यसकारण पार्टी स्थापना र सङ्घर्षका पृष्ठहरू पल्टाउँदा फेरि पनि यो पुस्तकको चर्चा जरुरी लाग्यो, सामयिक लाग्यो।

त्यतिबेला कम्युनिस्ट पार्टीभित्र एकथरी कार्यकर्ताहरू कार्यक्रममुखी थिए। "पार्टी कार्यक्रम", नयाँ कार्यक्रम भन्दै फलाको गर्थे। सर्वहारावर्गका महान् गुरु कार्लमार्क्स आफैले लेख्नुभएको छ - "वास्तविक आन्दोलनको हरेक पाइलो दर्जनौं कार्यक्रमभन्दा धेरै महत्त्वपूर्ण हुन्छ।" एङ्गेल्सले पछि थप्नुभएको छ -"कुनै पार्टीको औपचारिक कार्यक्रम त्यस पार्टीले गर्ने कामभन्दा कम महत्त्वपूर्ण हुन्छ।" कम्युनिस्ट पार्टीभित्र जनताको आन्दोलन र सङ्घर्षभन्दा माथि केही कार्यक्रमहरू देखिन थालेपछि का.रोहित त्यसको विपक्षमा खडा हुनुभयो। पार्टीभित्रको गुट उपगुटबीच कार्यक्रमहरूको प्रतिस्पर्धाले जनताको निम्ति आमूल परिवर्तन या क्रान्ति पछाडि धकेलिनेमा नेता रोहित स्पष्ट हुनुहुन्थ्यो।

तत्कालीन राजनीतिक वृत्तमा नेपाली जनताका शत्रु को हुन् ? र मित्र को हुन् ? भन्ने प्रश्न उठ्यो। कम्युनिस्ट पार्टीले कुन शत्रुविरुद्ध सङ्घर्षलाई केन्द्रित गर्ने भन्ने प्रश्न क्रान्तिको निम्ति अत्यन्त महत्त्वपूर्ण प्रश्न थियो। शत्रु र मित्र चिन्न नसकेपछि सङ्घर्ष विफल बन्छ, क्रान्ति सम्भव हुँदैन। वास्तविक शत्रुमित्र चिन्ने आधार वर्ग, व्यवस्था र उत्पादन सम्बन्ध हो भन्ने बुझ्न नेपाली राजनीतिमा पनि धेरै वर्ष लागेन। कम्युनिस्ट पार्टीभित्रै कसैले मुख्य दुश्मन 'राजा' हो भने, कसैले काङ्ग्रेसलाई मुख्य दुश्मन माने। काङ्ग्रेसलाई भारतीय उपनिवेशवाद र विस्तारवादको दलाल मानेर मुख्य दुश्मन घोषणा गरे। पुस्तकमा लेखिएको छ -"राजा महेन्द्र मुख्य दुश्मन भन्ने ठम्याइ राजनैतिकरूपले सही भएको भए राजा महेन्द्र मरेपछि सामन्तवाद खत्तम भइसक्नुपर्ने थियो। त्यसकारण, मुख्य दुश्मन राजा हो भन्नु भावुक र असैद्धान्तिक वाक्यांशमात्रै हो।" त्यसरी नै काङ्ग्रेस मात्रलाई मुख्य दुश्मन मान्दा ८० प्रतिशत जनतालाई चुसिरहने सामन्त र जमिनदार छुट्छन्, बेलायती र अमेरिकी साम्राज्यवादका दलालहरू छुट्छन्।








**कम्युनिस्टहरू पुँजीवादी चुनावलाई जनताको चेतनास्तर उकास्ने अवसर या विश्वविद्यालयको रूपमा उपयोग गर्छन्। तर, विडम्बना नेपालमा आफूलाई कम्युनिस्ट भन्नेहरू हिजो "चुनावमा भाग नलिने" खोटा विचार राख्थे भने आज चुनाव जसरी पनि जित्ने र सत्तामा पुग्ने, बहुमत प्राप्त भएन भने सत्ताको भागबन्डा गर्ने व्यवहार देखाउँछन्। आज कम्युनिस्ट आन्दोलन दक्षिणपन्थी अवसरवादको भड्खालोमा पुगेको छ। संशोधनवाद कम्युनिस्ट आन्दोलनमा महारोग हो भन्ने का.रोहितको भनाइ आजको राजनीतिक परिदृश्यले पनि पुष्टि गर्छ। चुनाव या संसद्बाट समाजवाद आउँछ, सशस्त्र क्रान्ति आवश्यक छैन भन्ने विचार आज पनि उत्तिकै खोटो छ।**

नेता बिजुक्छेँले भन्नुभएको थियो– कम्युनिस्ट आन्दोलनले भित्री र बाहिरी शत्रुलाई चिन्न सक्नुपर्छ। तत्कालीन समयमा राजा, काङ्ग्रेस, भारतीय विस्तारवाद र एकाधिकार पुँजी तीन वटा टाउको भएको घाँटी जोडिएको सर्प हो। त्यो सर्प नै जनताको शत्रु हो। भित्री रूपले सामन्तवादी समाजमा राजतन्त्र र सिंगो सामन्तवादी उत्पादन सम्बन्ध जनताको शत्रु थियो भने बाहिरबाट देशको राजनीति अस्थिर बनाउन उक्साइएको तत्त्वसँगै भारतीय विस्तारवाद र एकाधिकार पुँजी, अमेरिकी र बेलायती साम्राज्यवाद जनताका मुख्य शत्रु हुन् भन्ने स्पष्ट विचार राखिएको थियो।

नेमकिपाले पार्टीलाई एउटा चिन्तनको चौतारीको रूपमा हुर्कायो। पुष्पलाल नेतृत्वको कम्युनिस्ट पार्टीभित्र विचारको स्खलन देखापरेपछि नेता बिजुक्छेँले कम्युनिस्ट विचारको पक्षमा अटल रहने अडान लिनु राजनीतिक इतिहासमा महत्त्वपूर्ण कदम या निर्णय साबित भयो। नेमकिपाले कम्युनिस्ट आन्दोलनको शत्रु मात्र पहिचान गरेन बरु एकचोटि एउटा शत्रुविरुद्ध मात्र जाइलाग्नुपर्छ भन्ने खोटो विचारको खण्डन गर्यो। विश्व राजनीतिको इतिहास केलाउँदै उहाँले एकपटकमा एउटा मात्र होइन जनताका शत्रुहरूसँगै एकै पटकमा सङ्घर्ष गर्न सकिने मार्ग बताउनुभयो। राजा, भारतीय विस्तारवादका दलाल र हस्तक्षेपकारी विदेशी शक्तिहरूसँग समानान्तर लड्न सकिने तथ्य बताउनुभयो। जसरी चीनमा सामन्तवादी व्यवस्थाविरुद्ध लड्दा लड्दै जापानी उपनिवेशविरुद्ध मुक्ति सङ्घर्ष चलेको थियो, जसरी भियतनाममा राष्ट्रिय शत्रुसँग लड्दालड्दै अमेरिकी साम्राज्यवादविरुद्ध सङ्घर्षको ज्वारभाटा उठेको थियो त्यसरी नै नेपालको सन्दर्भमा सामन्तवादी व्यवस्थाविरुद्धको सङ्घर्षसँगै वैदेशिक हस्तक्षेपबाट मुक्तिको सङ्घर्ष सम्भव छ भन्ने मार्ग उहाँले प्रस्ट पार्नुभएको थियो। यो विचार आज पनि सान्दर्भिक छ।

कम्युनिस्टहरूले राष्ट्रिय मुद्दा मात्र उठाउनुपर्छ भन्ने खोटो विचारविरुद्ध लड्दै अन्तर्राष्ट्रिय राजनीतिक इतिहास, सङ्घर्षबाट सिक्दै राष्ट्रिय राजनीतिलाई मार्गदर्शन गर्नुपर्छ भन्ने ठम्याइ उहाँले राख्नुभयो। नेमकिपा अन्तर्राष्ट्रिय कुरा मात्र गर्छ भन्दै वैदेशिक हस्तक्षेपविरुद्ध चूँ पनि नबोल्नेहरू पनि छन्।

कम्युनिस्टहरू पुँजीवादी चुनावलाई जनताको चेतनास्तर उकास्ने अवसर या विश्वविद्यालयको रूपमा उपयोग गर्छन्। तर, विडम्बना नेपालमा आफूलाई कम्युनिस्ट भन्नेहरू हिजो "चुनावमा भाग नलिने" खोटा विचार राख्थे भने आज चुनाव जसरी पनि जित्ने र सत्तामा पुग्ने, बहुमत प्राप्त भएन भने सत्ताको भागबन्डा गर्ने व्यवहार देखाउँछन्। आज कम्युनिस्ट आन्दोलन दक्षिणपन्थी अवसरवादको भड्खालोमा पुगेको छ। संशोधनवाद कम्युनिस्ट आन्दोलनमा महारोग हो भन्ने का.रोहितको भनाइ आजको राजनीतिक परिदृश्यले पनि पुष्टि गर्छ। चुनाव या संसद्बाट समाजवाद आउँछ, सशस्त्र क्रान्ति आवश्यक छैन भन्ने विचार आज पनि उत्तिकै खोटो छ।

नेता नारायणमान बिजुक्छेँले पुष्पलाल नेतृत्वको नेकपामा प्रस्तुत गर्नुभएको अर्को राजनीतिक दस्तावेज- "रुसी संशोधनवाद सामाजिक साम्राज्यवादमा पतन" बाट नेपाली राजनीतिले सिक्न नसकेको, बाटो पहिल्याउन नजानेको अनुभव हुन्छ। सोभियत कम्युनिस्ट पार्टीको धोखेबाज नेतृत्व गुटले एक समाजवादी देशलाई विस्तारै कसरी एक सामाजिक साम्राज्यवादी देशमा पतन गरायो भन्ने इतिहासको शब्दचित्र पुस्तकमा छ। रुसमा कम्युनिस्ट आन्दोलनभित्रकै बर्नस्टिन, त्राट्स्की, ख्रुश्चेभ र ब्रेझ्नेभहरू संशोधनवादी विचार राख्थे। त्यही संशोधनवादी विचारका कारण पछि साम्राज्यवादी सामु घुँडा टेक्न पर्‍यो, देश १५/१६ टुक्रामा विभाजन भएको देख्न पर्‍यो। तिनले लेनिन र स्तालिन नेतृत्वको अक्टोबर समाजवादी क्रान्तिमाथि मात्र धोखा दिएनन् बरु सम्पूर्ण सर्वहारा जनता र सोभियत रुसबाट प्रेरणा लिइरहेका विश्वका समाजवादी आन्दोलनहरू माथि पनि घात गरे। रुसी कम्युनिस्ट पार्टी र तिनले सर्वहारा क्रान्तिको ठाउँमा "शान्तिपूर्ण सङ्क्रमण" को सिद्धान्त अगाडि सारे। सर्वहारा वर्गको हुकुमलाई अस्वीकार गरी "सारा जनताको पार्टी र सारा जनताको राज्य" को सिद्धान्तको वकालत गरे। मार्क्सवाद र लेनिनवादविरोधी उक्त सिद्धान्तले दबिएका र लुकेका पुँजीवादी तत्त्वहरूलाई रुसको भूमिमा उठ्न र फेरि सत्तामा आउने मौका दिए र सँगै रुसी मजदुर वर्ग र संसारका सबै कामदार वर्गलाई धोखा दिन २० वर्षभित्र साम्यवाद निर्माण गर्ने खोटो विचार अघि सारे।

के नेपालमा आफूलाई कम्युनिस्ट भन्नेहरूले सोभियत रुसको इतिहासबाट नसिकेकै हुन् ? बर्नास्टिनदेखि ब्रेझनेभसम्म बन्ने होडबाजीमा किन छन् ? प्रश्न उठ्छ।

सशस्त्र क्रान्तिबाट सर्वहारावर्गले राज्यसत्तालाई कब्जा गर्नु र सर्वहारावर्गको हुकुम चलाएर पुँजीवादी वर्गलाई दबाएर समाजवादको निर्माण गर्नु नै मार्क्सवादको सार हो, पुस्तकले यही भन्छ। तर संशोधनवाद भन्छ- "पुँजीवादी व्यवस्थालाई ध्वस्त पार्नु पर्दैन बरु बढी विकास गर्नुपर्छ"। पेरिस कम्युनले सिकाएको छ – 'पुँजीवादी व्यवस्थाले ठिक्क पारेको राज्यसत्तामा पुगेर मात्र क्रान्ति हुँदैन त्यसलाई बदल्न जरुरी छ नत्र समाजवादी क्रान्तिपछि पनि पुँजीवादको पुनर्स्थापना हुन सक्छ।' नेपाली कम्युनिस्ट आन्दोलनले पेरिस कम्युनमार्फत मार्क्सले देखाएको बाटो पनि हिँड्न नमानेपछि नेता का.रोहित सत्य र कम्युनिस्ट सिद्धान्तको पक्षमा एक्लै हिँड्नुभयो। एक्लो पर्दा धेरैले एक्लो बृहस्पति झुटा भन्दै खिसितिउरी गर्न हतार पनि गरे तर राजनैतिक विकासक्रमका हरेक चरणमा राजनैतिक र कम्युनिस्ट आन्दोलनले नेमकिपा खोज्यो, नेता नारायणमान बिजुक्छेँको विचार र अभिभावकत्व खोज्यो। उहाँले ४९ वर्ष अघि भन्नुभएका र बोल्नुभएका विषयवस्तुहरू आज पनि उत्तिकै सामयिक छन्। कम्युनिस्ट आन्दोलन दूषित र कमजोर नबनोस् भनेर लिनुभएको अडानले नै आज पनि राजनीतिक डबलीमा मार्गदर्शन गरिरहेको छ। "चुनाव, जुलुस र यसै प्रकारको दबाबले पनि पुँजीवादी व्यवस्थामा सुधार गर्न सकिन्छ। बल प्रयोग, रगत बगाएर सत्ता हातमा लिने र हुकुमको कुनै आवश्यकता छैन" भन्ने विचार सोभियतकालीन रुसमा पनि खोटो थियो, यहाँ आजको सन्दर्भमा पनि खोटो छ।

रुसी संशोधनवादका कारण छोटो समयमा निर्माण भएको सोभियत रुसको आर्थिक, सामाजिक, सांस्कृतिक तथा राजनीतिक रूपले समृद्ध घर तासको घरझैं ढल्न समय लागेन। जनमुखी, सेवामुखी व्यवस्थाबाट शोषणयुक्त बन्दोबस्तमा फेरिन समय लागेन। मुठ्ठिभर समुदाय रातारात लखपति, करोडपति बन्दा बहुसङ्ख्यक जनतालाई छाक टार्न मुस्किल समय पनि आयो। त्यतिमात्र होइन शासकहरूले अन्य देशहरूमा बजार स्थापनाको नाममा हस्तक्षेप बढाए। रुमानिया, पोल्याण्ड, बुल्गेरिया, चेकोस्लाभिया, मंगोलिया, हंगेरीजस्ता देशहरूलाई सस्तो कच्चा पदार्थ आयात गर्ने र अन्तर्राष्ट्रिय मूल्यभन्दा महँगोमा निर्यात गर्ने र आफ्नै मात्र मालसामानको प्रभुत्व कायम गर्ने अभद्र अभ्यासहरू गर्न थाले। पूर्वी युरोप, अफ्रिका, एसियाली मुलुकहरू र तेस्रो मुलुकहरूको अर्थतन्त्रलाई रुसको अर्थतन्त्र वरपर नचाउन थाले। अर्थतन्त्रमा ग्लास्नोस्ट र पेरेस्ट्रोइकाको नीति आफै संशोधनवादी नीति थियो भन्ने पछि प्रमाणित भयो।

अन्तर्राष्ट्रिय सहायता, अन्धराष्ट्रवाद र भाइचारा सहकारिताको नाममा आर्थिक शोषण र थिचोमिचोमात्र बढाएन प्यालेस्टाइनमा राजनीतिक, सैनिक दबाबसमेत दिन थाल्यो। सन् १९६८ मा त चेकोस्लोभाकियामाथि नाङ्गो हस्तक्षेप नै गरे। सन् १९६९ मा चीनको चेन्पाउ टापुमाथि जबरजस्ती हमला गरे। जापानका कुरिल टापुहरू कब्जा गरे। १९७० मा भारतीय विस्तारवादलाई धाप दिएर पाकिस्तानमाथि आक्रमण गर्न दिए र पाकिस्तानलाई अङ्गभङ्ग गराउन मद्दत गरे। सन् १९७४ मा भारतलाई सिक्किममा आक्रमण गर्न र कब्जा गर्न सघाए। जारहरूले असमान सन्धि थोपरेर खाएको चीनको १५ लाख वर्ग किमि भूमिमाथि कब्जा गरे। यसरी संशोधनवाद सामाजिक साम्राज्यवादमा पतन भइरहँदा पनि नेपालको कम्युनिस्ट आन्दोलन अन्धो बन्नु खोटपूर्ण थियो र त्यो नेता रोहितलाई मञ्जुर भएन। त्यसकारण अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनमा देखापरेको संशोधनवाद, अवसरवाद जस्तो खोटा विचारबारे सङ्केत गर्दै नेपालको कम्युनिस्ट आन्दोलनलाई बाटो देखाउनुभयो।

अर्को पुस्तक "नेपाल-भारत सम्बन्ध र भारत" पार्टी स्थापनाको अर्को राजनीतिक दस्तावेज हो। जसले पार्टीको सङ्घर्षलाई अगाडि बढाउन सदैव ऊर्जा प्रदान गर्यो। नेपाल र भारत देशबीचको सम्बन्ध इतिहासभन्दा पुरानो हो। नेपाली जनताले भारतीय जनताप्रति कहिल्यै द्वेष राखेनन्। तर भारतीय विस्तारवाद र एकाधिकार पुँजीले थोपेको दमन र अत्याचारको इतिहास या वर्तमान नेपाली जनतालाई कहिल्यै मञ्जुर भएन। भारतमाथिको आर्थिक निर्भरता र राजनीतिक निर्भरता नेपाली जनता र नेपाली राजनीतिको निम्ति अभिशाप सिद्ध भयो। आज पनि भारतीय विस्तारवाद र एकाधिकार पुँजीलाई प्रमुख दुश्मन मान्न नेपालका शासक दल तयार छैनन्। २०७२ मै पनि नेपालको संविधान अस्विकार्य छ भन्दै भारतले नाकाबन्दी लगायो तर शासक दलहरूले चूँ पनि बोल्न सकेनन्। देशको सार्वभौमिकता दिन प्रतिदिन सङ्कटमा पुऱ्याइँदै छ। एकाधिकार पुँजीले सम्पूर्ण बजार मात्र होइन अर्थतन्त्र कब्जा गरिसकेको स्थिति छ। यो परिवेशमा का.रोहितको विचार अझ सान्दर्भिक लाग्छ।

बाँकी पृष्ठ ९ मा

भक्तपुर नपाको पन्ध्रौं नगरसभामा नगरप्रमुख प्रजापतिको मन्तव्य

# स्थानीय तहको स्वायत्ततामाथि हुने हस्तक्षेप स्वीकार्य नहुने

नेपालको संविधान, २०७२ जारी भएपछि स्थानीय तहको दुईवटा निर्वाचनहरू सम्पन्न भए। वि.सं. २०७४ र २०७९ सालमा सम्पन्न भएका दुईवटै निर्वाचनमा भक्तपुर नगरपालिकाका जनताले नेपाल मजदुर किसान पार्टीका सम्पूर्ण उम्मेदवारहरूलाई अत्यधिक मतले विजयी गराए। देश र जनताको इमानदारीपूर्वक सेवा गर्ने भावनाले काम गरिरहेका नेमकिपाका उम्मेदवारहरूलाई मत दिएर विजयी गराउने तमाम भक्तपुरवासी दाजुभाइ तथा दिदीबहिनीहरूमा हामी हार्दिक कृतज्ञता ज्ञापन गर्दछौँ।

स्थानीय तहको दोस्रो निर्वाचनपछिको यो चौथो नगरसभा र २०७४ सालपछिको पन्ध्रौं नगरसभा हो। गाउँ/नगर/जिल्ला सभा सञ्चालन कार्यविधि २०७५ को दफा ३ अनुसार वर्षको दुईपटक नगरसभा बस्नुपर्ने प्रावधानबमोजिम यो नगरसभाको बैठक बस्दै छौँ। २०८० असार महिनामा सम्पन्न नगरसभाले आ.व. २०८०/८१ को नीति तथा कार्यक्रम र रु. २ अर्ब २६ करोड ८५ लाखको बजेट पारित गरेको थियो। नगरसभाले पारित गरेको नीति तथा कार्यक्रम र बजेटअनुसार हामीले विकास निर्माणका कार्यहरू गर्दै भक्तपुरवासीहरूको सेवा गर्दै छौँ।

नाचगानको राजधानी, सांस्कृतिक नगर र खुला सङ्ग्रहालयको रूपमा परिचित भक्तपुर नगरको विकास र समृद्धिका लागि यहाँका धेरै जनप्रतिनिधि, राजनैतिक कार्यकर्ता र सचेत जनताले धेरै योगदान गरे। नि:स्वार्थरूपले देश र जनताको सेवा गर्ने भावनाले काम गर्ने हाम्रा अग्रजहरूको मार्गनिर्देशनअनुसार हामीले काम गरिरहेका छौँ।

हामी स्थानीय तहको स्वायत्तताबारे अत्यन्त सचेत छौँ। स्थानीय तहको स्वायत्ततामाथि कहीं कतैबाट हुने हस्तक्षेप हामीलाई स्वीकार्य छैन। स्थानीय जनताको लागि छिटोछरितो सेवासुविधा दिन अधिकार सम्पन्न स्थानीय तहबाट मात्र सम्भव हुन्छ। स्थानीय तह बलियो हुनु भनेको प्रजातन्त्रको जग बलियो हुनु हो। त्यसैले हामी स्थानीय तहलाई अधिकार सम्पन्न बनाइनुपर्छ भन्ने पक्षमा छौँ। तर, सङ्घ र प्रदेश सरकारहरू संविधानले स्थानीय तहलाई प्रदान गरिराखेका अधिकारहरूसमेत विभिन्न बहानामा फिर्ता गर्ने कोसिस गर्दै छन्। संविधानले स्थानीय तहलाई मावि तहसम्मको सम्पूर्ण अधिकार प्रदान गरेकोमा सङ्घीय शिक्षा विधेयकमा जिल्ला शिक्षा कार्यालय पुन:स्थापनाको प्रस्ताव गर्नु यसको ज्वलन्त उदाहरण हो। साझा सूचीमा उल्लिखित विषयहरूमा हालसम्म कानुनहरू निर्माण नगर्नु, सङ्घ र प्रदेशले स्थानीय तहलाई प्रदान गर्ने अनुदानमा विशेष अनुदान घटाएर ससर्त अनुदान बढाउँदै लानु, स्थानीय तहलाई कर्मचारी नियुक्ति गर्ने अधिकारबाट वञ्चित गर्नु सङ्घ र प्रदेशले स्थानीय तहलाई नियन्त्रण गर्न खोजेका केही दृष्टान्तहरू हुन्।

स्थानीय तहहरू सङ्घ र प्रदेशका एकाइहरू होइनन्। संविधानले कल्पना गरेका तीन तहका सरकारमध्ये स्थानीय तह पनि एक हो। सबै तहका सरकारहरू आ-आफ्नो क्षेत्रमा स्वायत्त छन्। अझ सङ्घ र प्रदेशभन्दा फरक स्थानीय तहले कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाको अधिकारसमेत अधिकार प्रयोग गर्छ। संविधानले सङ्घीय राज्य घोषणा गरे पनि स्थानीय तहहरूले सङ्घीयता कार्यान्वयनमा निकै चुनौतीहरू भोग्दै छन्। सङ्घ र प्रदेश सरकार सञ्चालन गर्नेहरूले एकात्मक र केन्द्रीकृत सोच नत्यागेसम्म सङ्घीयताको उचित कार्यान्वयन हुन सक्दैन।

चालु आ.व. २०८०/८१ मा वाग्मती प्रदेशले कानुनबमोजिम प्रदान गर्नुपर्ने विशेष र समपूरक अनुदान भक्तपुर नगरपालिकालाई नदिनु पक्षपात र पूर्वाग्राही भावनाको हद हो। प्रदेश सरकारको पक्षपातपूर्ण र गैरजिम्मेवार कार्यप्रति हामी घोर आपत्ति व्यक्त गर्छौं। विकास निर्माणमा समेत फरक विचार र आस्थाका आधारमा यस्ता गैरजिम्मेवार कार्य गर्ने कुनै पदाधिकारीलाई छुट नभएकोतर्फ पनि सम्बन्धित सबैको ध्यानाकर्षण गर्छौं।

भक्तपुर नगरपालिकाले आत्मनिर्भरताको कठिन बाटो रोजेको छ। त्यसैमा भक्तपुरवासीहरू गौरव अनुभव गर्छन्। यही हाम्रा अग्रजहरूले सिकाएको स्वाभिमानको मार्ग हो। निर्वाचनको बेला जनताबिच गरेका प्रतिबद्धताअनुसार शिक्षा, स्वास्थ्य, सरसफाइ, सम्पदा संरक्षण, विकास निर्माणलगायतका कार्यहरू गरी जनताको सेवा गरिरहेका छौँ। २०८० साउन १ गतेपछि भक्तपुर नगरपालिकाले गरेका विभिन्न कार्य तथा गतिविधिहरूबारे यहाँ सङ्क्षिप्तमा प्रस्तुत गर्न अनुमति चाहन्छौँ।

**आयतर्फ :**

यस नगरपालिकाको आन्तरिक स्रोततर्फ चालु आ.व. २०८०/८१ को अनुमानित रु. ६० करोडमा २०८० मङ्सिर मसान्तसम्म २० करोड २४ लाख ५५ हजार (करिब ३४ प्रतिशत) सङ्कलन भयो भने बाह्य स्रोततर्फ १ अर्ब ५३ करोड २३ लाख ४० हजारमध्ये ४३ करोड ७८ लाख ८४ हजारमात्र ( करिब २९ प्रतिशत) सङ्कलन भएको छ। आन्तरिक र बाह्य स्रोत गरी यस आ.व. को ५ महिनामा कुल ६४ करोड ३ लाख ३९ हजार राजस्व प्राप्त भएको छ।

**व्ययतर्फ :**

चालु खर्च शीर्षकमा रु. १ अर्ब ३६ करोड ९४ लाख ९४ हजार रुपैयाँ विनियोजन गरिएकोमा २०८० मङ्सिर मसान्तसम्म ३९ करोड ९४ लाख ६४ हजार खर्च भयो भने पुँजीगत खर्चतर्फ ८० करोड ४१ लाख रुपैयाँ विनियोजन भएकोमा सोही अवधिमा रु. १० करोड १६ लाख ७ हजार खर्च भएको छ। चालु र पुँजीगत खर्च गरी यस अवधिमा जम्मा २३.१० प्रतिशत प्रगति भएको छ। धेरैजसो विकासका योजनाहरू प्रक्रिया पूरा गरी हाल कार्यान्वयनको चरणमा रहेको हुँदा पुँजीगत खर्चतर्फ कम देखिएको हो।

**शिक्षा :**

भक्तपुर नगरपालिकाले जनताका छोराछोरीहरूलाई सस्तो र गुणस्तरीय शिक्षा प्रदान गर्ने उद्देश्यले विभिन्न विषयमा उच्च शिक्षा प्रदान गर्न शिक्षण संस्थाहरू सञ्चालन गर्दै आएको छ। शिशुस्याहार केन्द्रदेखि विभिन्न विषयका कलेजहरू सञ्चालन गर्ने भक्तपुर देशको एकमात्र नगरपालिका हो। नगरपालिकाद्वारा सञ्चालित शैक्षिक संस्थाहरूमा हाल ७७ वटै जिल्लाका ७ हजारभन्दा बढी विद्यार्थीहरू अध्ययनरत छन्। गरिब तथा जेहनदार विद्यार्थीहरूलाई वार्षिक रु. ४ करोडभन्दा बढी रकम बराबरको छात्रवृत्तिको व्यवस्था र रु. ५ लाखसम्मको शैक्षिक ऋणको व्यवस्था पनि नगरपालिकाले गर्दै आएको छ। चालु आ.व.२०८०/८१ को लागि १०१ जना विद्यार्थीहरूको शैक्षिक ऋण स्वीकृत गरेका छौँ। यसअघि ४९४ जनाले नगरपालिकाको शैक्षिक ऋणमा अध्ययन गरिरहेका समेत गरी हाल झन्डै ६ सय जना विद्यार्थीहरूले नपाको शैक्षिक ऋणमा उच्च शिक्षा अध्ययन गरिरहेका छन्।



सुनिल प्रजापति, भनपा, प्रमुख

यस नगरपालिकाद्वारा सञ्चालित कलेजहरूले नियमितरूपमा विभिन्न विषयहरूमा राष्ट्रिय सम्मेलनहरू आयोजना गर्दै आएकोमा यस वर्ष ख्वप ई. कलेज र ख्वप कलेज अफ इन्जिनियरिङको संयुक्त आयोजनामा कम्प्युटर, विद्युत्, सञ्चार प्रविधिसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन २०२३ र भूकम्प इन्जिनियरिङ तथा विपद्पछिको पुन: निर्माण विषयक तेस्रो अन्तर्राष्ट्रिय सम्मेलन २०२३ गरी दुईवटा अन्तर्राष्ट्रिय सम्मेलनहरू सम्पन्न भए। यस्ता कार्यक्रमहरूले हाम्रा शैक्षिक संस्थाहरूको सम्बन्ध अन्तर्राष्ट्रिय क्षेत्रमा समेत विस्तार हुँदै जाने विश्वास छ।

शैक्षिक गुणस्तरमा एकरूपता ल्याउन र शैक्षिक विकास गर्न विद्यालय अनुगमन तथा प्राविधिक समिति गठन र त्यसको परिचालन, विद्यालयहरूको भौतिक पूर्वाधार निर्माण गर्न आर्थिक अनुदान प्रदान, वडा वडामा सञ्चालित शिशुस्याहार केन्द्रहरूको भौतिक पूर्वाधार तथा गुणस्तर विकास गर्न शिशुहरूको स्वास्थ्य परीक्षण तथा शैक्षिक सामग्रीहरूको बन्दोबस्त, जनज्योति पुस्तकालयमा ई-लाइब्रेरी सञ्चालन, नगरस्तरीय अन्तरविद्यालय चित्रकला, वक्तृत्वकला र निबन्ध प्रतियोगिता, फोटो तथा भिडियो प्रतियोगितालगायत चालु आर्थिक वर्षमा भएका केही महत्त्वपूर्ण शैक्षिक विकासका कार्य तथा गतिविधिहरू हुन्। उच्च शिक्षा हासिल गरिरहेका यस नगरपालिकाका विभिन्न विषयहरूमा अध्ययन अनुसन्धान गर्ने विद्यार्थीहरूलाई प्रोत्साहन स्वरूप आर्थिक अनुदान कार्यक्रमलाई पनि निरन्तरता दिँदै छौँ। शैक्षिक सत्र २०८०/८१ को लागि नपाले छुट्टै व्यवस्था गरेको बाहेक भक्तपुर नपाअन्तर्गतका सामुदायिक विद्यालयहरूमा कक्षा ११ र १२ मा १२२ जना विद्यार्थीहरूलाई छात्रवृत्तिको लागि सिफारिस गरेका छौँ।

**स्वास्थ्य :**

यस नगरपालिकाद्वारा १०० शय्याको ख्वप अस्पताल सञ्चालन गर्दै आएकोमा त्यहाँ सेवा सुविधा र गुणस्तर वृद्धिको लागि नयाँ नयाँ स्वास्थ्य उपकरणहरू जडान गर्दै आवश्यकताअनुसार चिकित्सक र जनशक्तिको व्यवस्था गर्दै छौँ। वडावडामा स्वास्थ्य सेवा केन्द्रहरू विकास गर्ने क्रममा भनपा वडा नं. १ सल्लाघारी, भनपा वडा नं. २ ब्यासी र वडा नं. ५ भगवती स्थानका स्वास्थ्य केन्द्रहरूबाट जनतालाई स्वास्थ्य सेवा प्रदान गर्दै आएकोमा पुस २० गतेबाट भनपा वडा नं. ९ दत्तात्रयमा पनि सहरी जनस्वास्थ्य केन्द्र सञ्चालन गरी सेवा आरम्भ गरेका छौँ। ती स्वास्थ्य केन्द्रहरूमा पनि विभिन्न रोगका विशेषज्ञ चिकित्सकहरू क्रमश: व्यवस्था गर्दै सेवा विस्तार गर्दै छौँ। साउनदेखि मङ्सिर मसान्तसम्म ख्वप अस्पतालले १ लाख १ हजार ३ सयभन्दा बढी बिरामीहरूलाई सेवा प्रदान गरिसकेको छ। त्यसैगरी, नगरपालिकाकै व्यवस्थापनमा सञ्चालित ख्वप तिलगङ्गा आँखा अस्पताल, श्वासप्रश्वास पुन:स्थापना केन्द्र र नागरिक आरोग्य केन्द्रले पनि जनतालाई उल्लेख्यरूपमा स्वास्थ्य सेवा प्रदान गरिरहेका छन्।

यसरी जनताको सेवा गरिरहेको ख्वप अस्पताललाई एकातिर बीमामार्फत स्वास्थ्य सेवा प्रदान गरेबापत ठुलो रकम भुक्तानी बाँकी राखेको छ भने अर्कोतिर निजी अस्पताल सञ्चालकहरू र त्यसका पदाधिकारीहरूले ख्वप अस्पतालको बदनाम गर्ने प्रयास गर्दै छन्। त्यस्ता चुनौतीहरूबिच भक्तपुर नगरपालिका जनताको सेवामा निरन्तर लागिरहेको छ।

घरदैलो नर्सिङ सेवालाई निरन्तरता दिँदै नगरपालिकाले नगरवासीहरूलाई नि:शुल्क रगत र अक्सिजन वितरण पनि गर्दै आएको छ। चालु आ.व.को मङ्सिर मसान्तसम्म ५ महिनामा ४३४ जनालाई नि:शुल्क रगत वितरण तथा ४,७०७ जना नगरवासीहरूलाई नि:शुल्क अक्सिजन उपलब्ध गराइएको थियो। यस अवधिमा नगरपालिका क्षेत्रका क्यान्सर, मुटुरोगी, मृगौला र मेरुदण्ड पक्षघात भएका १४३ जना बिरामीहरूलाई प्रतिव्यक्ति रु.१५,०००।- को दरले जम्मा रु. २१,४५,०००।– आर्थिक सहयोग पनि प्रदान गरिएको छ।

**संस्कृति तथा सम्पदा संरक्षण :**

चालु आ.व.को साउन महिनादेखि पुस महिनासम्म मठ १, मन्दिर १, पाटी २ र अन्य १ गरी जम्मा ५ वटा सम्पदाहरू पुन:निर्माण तथा जीर्णोद्धार सम्पन्न भयो भने २२ वटा सम्पदाहरू निर्माणाधीन छन्। पहिले नगरपालिका रहेको दरबार क्षेत्रस्थित थंथु दरबार पुन:निर्माण कार्य अगाडि बढाइएको छ। नगर प्रमुखको संयोजकत्वमा निर्माण समिति गठन गरी पुरातत्त्व विभागसँगको समन्वयमा पुन:निर्माण कार्य भइरहेको जानकारी गराउन चाहन्छौँ।

मूर्त र अमूर्त सम्पदा संरक्षणको क्रममा सांस्कृतिक सम्पदा संरक्षण कार्यमा योगदान गर्ने २२ जना सांस्कृतिक गुरुहरूको सम्मान, गुन्हीपुन्ही र सापारु पर्वमा प्रदर्शन गरिएका उत्कृष्ट सांस्कृतिक विधाहरू र संस्कृतिकर्मीहरूलाई पुरस्कार वितरण तथा नगरको मौलिकतासँग सम्बन्धित शिक्षा, संस्कृति, जीवनशैली र सामान्य परिचयसँग सम्बन्धित लघु वृत्तचित्र र सकिमना पुन्हीमा प्रदर्शन गरिएका हलिमली ब्वज्याको फोटो प्रतियोगिता यसै अवधिमा सम्पन्न गरिएको छ। मिति २०८० साउन २० गते 'भक्तपुरको पोखरी चिनौं, सम्पदा संरक्षणमा अघि बढौं' भन्ने नाराका साथ सांस्कृतिक पोखरी पदयात्रा र २०८० पुस १४ गते 'बहाबही चिनौं, सम्पदा संरक्षण गरौं' भन्ने नाराका साथ नगरका विभिन्न १९ वटा बहाबहीहरूको सांस्कृतिक पदयात्रा सम्पन्न गरियो। यस्ता गतिविधिहरूले हाम्रा सम्पदाहरूको संरक्षणमा योगदान पुग्नुका साथै पर्यटन प्रवर्द्धनमा पनि टेवा पुग्ने हाम्रो विश्वास छ।

भक्तपुर नगरपालिकाद्वारा आयोजित भक्तपुर नगरव्यापी प्रगतिशील भजन प्रतियोगितामा प्रस्तुत गरिएका भजन गीतहरूको सङ्ग्रह 'प्रगतिशील भजन म्ये मुना २०८०' पनि यस अवधिमा प्रकाशित गरिएको छ।

**कृषि :**

किसानहरूको हितलाई ध्यानमा राखी कृषकहरूलाई यस आ.व.मा प्रतिपरिवार आलुको बीउ ५ के.जी. ( ५० प्रतिशत अनुदान) मा र भक्तपुर नगरपालिकाद्वारा उत्पादित प्राङ्गारिक मल १ बोरा नि:शुल्क वितरण गर्‍यौं भने नगरका सबै वडाहरूमा माटो परीक्षण शिविर, बाली स्वास्थ्य उपचार शिविर, किसानहरूलाई धानबालीमा लाग्ने रोग, काउली तथा बन्दाकोभीमा लाग्ने गाँठे रोगसम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न गर्‍यौं। यस्ता कार्यक्रमबाट कृषि उत्पादनमा वृद्धि हुने हाम्रो अपेक्षा रहेको छ। त्यसैगरी, नगरका किसानहरूको सूचीकरण गर्नुका साथै नेपाल सरकारबाट अनुदान प्राप्त रासायनिक मलको नियमानुसार वितरण गर्दै आएका छौँ।

**पर्यटन :**

पर्यटन भक्तपुर नगरको आयको आन्तरिक स्रोतमध्ये एक हो। भक्तपुरलाई पर्यटकीय गन्तव्यस्थल बनाउन हामी निरन्तर लागिरहेका छौँ। यसै आ.व.को साउन १ गतेदेखि पुस २२ गतेसम्ममा गैरसार्क पर्यटकहरू ५९,६०३ जना र सार्क तथा चिनियाँ पर्यटकहरू ५४,७६३ जना गरी जम्मा १,१४,३६६ जना पर्यटकहरूले भक्तपुरको भ्रमण गरेको रेकर्ड छ। गत वर्ष यस अवधिमा ७१,३७८ जनाले मात्र भ्रमण गरेका थिए। गत वर्षको तुलनामा सोही अवधिमा ४२,९८८ जनाले पर्यटकहरू वृद्धि भएको छ। यो ६०.२३ प्रतिशतले वृद्धि हो। गैरसार्क पर्यटकहरूबाट रु. १०,७२,८५,४००।– र सार्क तथा चिनियाँ पर्यटकहरूबाट रु. २,७३,८१,५००।– गरी जम्मा रु. १३,४६,६६,९००।– आम्दानी भएको छ। गत वर्षको तुलनामा सोही अवधिमा रु. ५,७८,६२,५००।– ले आय वृद्धि भएको छ।

स्थानीय पथप्रदर्शक रिफ्रेसर तालिम र विश्व पर्यटन दिवसको अवसरमा भक्तपुरको पर्यटन उद्योगको विकासमा योगदान पुर्‍याउने सङ्घसंस्था र व्यक्तिहरूलाई सम्मानका कार्यक्रम पनि सम्पन्न भएका छन्।

**वातावरण तथा सरसफाइ :**

भक्तपुर नगर क्षेत्रभित्र उत्पादन हुने फोहोरलाई घरघरबाटै कुहिने र नकुहिने छुट्ट्याई नियमित सङ्कलन गर्दै कुहिने फोहोरबाट प्राङ्गारिक मल उत्पादन गरिरहेका छौँ भने नकुहिने फोहोरमध्येबाट पुन: प्रयोग गर्न मिल्ने र नमिल्ने छुट्ट्याई व्यवस्थापन गर्दै आएका छौँ।

नगरमा हरियाली व्यवस्थापन कार्यलाई निरन्तरता दिएका छौँ भने सम्पदा क्षेत्र र पुरानो नगर क्षेत्रमा ठाउँ ठाउँमा गमलाको व्यवस्था गरी हरियाली व्यवस्थापन क्षेत्र क्रमश: विस्तार गर्दै लगेका छौँ। हनुमन्ते खोला र खासाङखुसुङ खोला सुधारको लागि सल्लाघारी र हनुमानघाटका उपचार पोखरीहरू निर्माण कार्य छिटो सम्पन्न गर्न जोड दिइरहेका छौँ।

नगर क्षेत्रभित्र छरपस्टरूपमा रहेका तार र केबलहरूलाई व्यवस्थित गर्न विद्युत्को तार भूमिगत गर्ने कार्य जारी छ भने नगरको ढल व्यवस्थापनबारे पनि आवश्यक पहल गर्दै आएका छौँ।

बजार व्यवस्था, हकर्स नियन्त्रण र ट्राफिक व्यवस्थापनको लागि गाडामा सामान बेच्ने कार्य क्षेत्र तोकी क्रमश: निषेध गर्दै लगेका छौँ भने नगर क्षेत्रमा रहेका विभिन्न पोखरी, मठ मन्दिर, ढुङ्गेधारा, इनार आदिको नियमित सरसफाइ, अव्यवस्थितरूपले राखिएका विज्ञापनका फ्लेक्स बोर्डहरू हटाई सहरलाई सुन्दर बनाउने कोसिस गरिरहेका छौँ।

**खानेपानी :**

भक्तपुर नगरपालिकाभित्र खानेपानीको आफ्नै स्रोत नहुँदा हरेक वर्ष जनताले खानेपानीको दु:ख भोग्दै आएका छन्। हामीसँग प्राप्त स्रोतहरूलाई व्यवस्थित वितरण गर्ने कोसिस गर्दै छौँ। पर्याप्त स्रोत नहुँदा खानेपानी समस्याको स्थायी समाधानको लागि हामीसँग मेलम्चीको विकल्प छैन। नगरभित्र समानुपातिक ढङ्गले खानेपानी वितरणको लागि मेलम्ची खानेपानी आयोजनाअन्तर्गत भक्तपुरको माथिल्लो क्षेत्रका ठाउँ ठाउँमा पाइप जोड्ने कार्य गरिरहेका छौँ। विभिन्न ठाउँमा डीप बोरिङ गरी त्यसको पानी पनि वितरण गरिरहेका छौँ। साथै परम्परागत पानीका स्रोतहरू पोखरी, इनार, ढुङ्गेधारालगायतका विभिन्न स्रोतहरूको उचित मर्मत सम्भार र सम्बर्द्धन पनि गर्दै छौँ।

**खेलकुद :**

भक्तपुर नगरपालिकाले विभिन्न खेलहरूको नियमित प्रशिक्षणलाई

*बाँकी पृष्ठ ८ मा*

# अक्टोबर ७ आक्रमणबारे नभनिएको कथा

✍ राम्जी बारो




अक्टोबर ७ गतेदेखि प्यालेस्टिनमा नाटकीय र संसारै हल्लाउने घटनाक्रम सुरु भयो। धेरै मानिस 'चकित'' भए। सचेत पर्यवेक्षकहरूका लागि भने त्यो घटना नौलो थिएन।

अक्टोबर ७ मा दक्षिण इजरायलमा प्यालेस्टिनी हमास लडाकुहरू प्यारासुटबाट ओर्लिन सक्लान् भनेर थोरैले मात्र अनुमान लगाएका थिए। सन् २००६ मा प्यालेस्टिनी लडाकुहरूले एकजना इजरायली सिपाहीलाई बन्दी बनाएका थिए। यसपालि उनीहरूले सयौं इजरायली लडाकु र सर्वसाधारणलाई बन्धक बनाई गाजामा लैजालान् भनेर कमैले सोचेका थिए।

सबै 'चकित' हुनुको कारण उही पुरानो हो। इजरायल अझै पनि सामूहिक सन्त्रासमा पिल्सिरहेको छ भन्ने सोच इजरायल र उसका समर्थक देशका राजनीतिक बहस र गुप्तचर विश्लेषणहरूमा प्रश्रय पाइरहेकै छ। यी विचारखानामा प्यालेस्टिनी दृष्टिकोण सधैं तिरस्कृत हुँदै आएको छ।

घटनालाई अगाडिबाट अलि मसिनो गरी केलाऔं।

**झिल्को**

सन् २०२३ मा प्रवेश गर्दै गर्दा प्यालेस्टिनी जनतालाई लिएर केही चिन्ताजनक तथ्याङ्क र निराशाजनक अनुमानहरू बाहिर आए। नववर्ष सुरु हुनुभन्दा ठिक अघि राष्ट्रसङ्घको मध्यपूर्व प्रतिनिधि टोर वेलिसल्यान्डले सन् २०२२ लाई २००५ यताकै सबैभन्दा हिंसात्मक वर्ष भने। राष्ट्रसङ्घको सुरक्षा परिषद्मा उनले भने, "असाध्यै धेरै मान्छे त्यसमा पनि प्यालेस्टिनीहरू अचाक्ली मारिए र घाइते भए।"

पश्चिम किनारामा मात्र १७१ जना मानिस मारिए र सयौं अङ्गभङ्ग भए। पश्चिमा मिडियाले



यो खबरलाई उति स्थान दिएन। प्यालेस्टिनीहरूको बढ्दो मृत्यु खालि प्यालेस्टिनी जनता र तिनको प्रतिरोध सङ्घर्षको अभिलेखमा मात्र दर्ज भयो।

प्यालेस्टिनी सर्वसाधारणबिच आक्रोश र बदला लिनुपर्ने स्वर चर्किँदै गयो। उनीहरूको नेतृत्व भने पुरानै शैलीमा प्रस्तुत भयो। प्रतिवाद गर्नुपर्ने जनताको आग्रहलाई सामसुम पारिरह्यो। साथमा उसले इजरायलसँग 'सुरक्षामा समन्वय' चालु राखिरह्यो।

प्यालेस्टिनी प्राधिकरणका ८८ वर्षीय राष्ट्रपति महमुद अब्बासले दुई राज्य समाधान र 'शान्ति प्रक्रिया' को पुरानै भाषा दोहोऱ्याए। उनको अप्रभावी नेतृत्वको विरोधमा उत्रेका प्यालेस्टिनी जनतासामु उनी कडा रूपमा प्रस्तुत भए।

प्यालेस्टिनी जनतालाई कुल्चिने, अवैध बस्तीहरू अझ विस्तार गर्ने र प्यालेस्टिन राज्यको स्थापना रोक्ने खुला एजेन्डा लिएर अघि बढिरहेको चरम दक्षिणपन्थी इजरायली सरकारसामु असहाय हुनाले प्यालेस्टिनी जनता आफ्नै सुरक्षा रणनीतिको विकास गर्न बाध्य भए।

सन् २०२२ अगस्टमा नेब्लस सहरमा पहिलोचोटि गुटउपगुटसहितको प्रतिकार समूह स्थापना भयो। त्यसको नाम थियो 'बाघको गुफा'। लगत्तै त्यसको शक्ति र समर्थक सङ्ख्या बढ्यो। उत्तर पश्चिम किनारामा अन्य नयाँ-पुराना समूहहरू पनि देखापरे। तिनीहरूको साझा उद्देश्य सम्पूर्ण प्यालेस्टिनीहरूलाई निश्चित मुद्दामा एकगठ गर्नु थियो। यसैबाट पश्चिम किनारामा नयाँ प्यालेस्टिनी नेतृत्वको निर्माण गऱ्यो।

यो घटनाक्रमले इजरायल सतर्क भयो। इजरायलको कब्जाकारी सेना नयाँ सशस्त्र विद्रोहलाई कुल्चिन तुरुन्तै सक्रिय भयो। उसले प्यालेस्टिनी सहर र शरणार्थी शिविरहरूमा लगातार छापा मार्दै गयो। अतिक्रमित प्यालेस्टिनको विद्यमान अवस्थालाई चुनौती दिने प्यालेस्टिनीहरूको नवजात क्रान्तिको आशालाई माटोमा मिलाउन इजरायली सेना कम्मर कसेर लागिपऱ्यो।

नेब्लुसमा फेब्रुअरी २३ मा र जेरिकोमा अगस्ट १५ मा इजरायली सेनाले रगतको होली खेल्यो। जेनिन शरणार्थी शिविरको हत्याकाण्ड भयावह रह्यो।

जुलाई ३ मा इजरायलले जेनिनमा हमला गऱ्यो। मृतक र विध्वंसको मात्रा हेर्दा सबैले सन् २००२ अप्रिलमा इजरायली सेनाले त्यही ठाउँमा मच्चाएको मारकाट सम्झे।

तर, परिणाम एउटै भएन। सन् २००२ मा इजरायलले जेनिनमा मात्र नभई अन्य प्यालेस्टिनी नगर र शरणार्थी शिविरहरूमाथि पनि हमला गरेको थियो। त्यसबेला इजरायली सेना प्यालेस्टिनी जनताको सशस्त्र प्रतिकारलाई वर्षौं वर्षका लागि दबाउन सफल भएको थियो। यसपालि इजरायली आक्रमणले अतिक्रमित प्यालेस्टिनी भूभागहरूमा व्यापक विद्रोहको झिल्को मात्र बालेन। बरु, उसै पनि बिग्रेको प्यालेस्टिनी जनताबिचको आपसी सम्बन्धमा थप दरार ल्याएको छ। अर्कोतिर अब्बास र उनको प्यालेस्टिनी प्राधिकारबिच पनि थप चिरा देखापरेको छ।

वास्तवमा इजरायलले शरणार्थी शिविरमा हमला टुङ्ग्याएको केही दिनपछि नै अब्बास आफ्ना हजारौं सिपाहीसहित शरणार्थी शिविरहरूमा गए र शोकाकुल शरणार्थीहरूलाई चेतावनी दिए। उनले भने, "जनताको एकता भत्काउने हातजति काटिनेछ।"

पश्चिम किनारामा जनविद्रोहले गति लिँदै गर्दा इजरायली गुप्तचर निकायका प्रतिवेदनहरूमा एउटा योजनाबारे चर्चा हुन थाल्यो। सशस्त्र इन्तिफादा (जनविद्रोह) को झिल्को बल्ने त्यो योजना हमासका राजनीतिक विभागका उपप्रमुख सालेह अल अरूरीले तयार पारेका थिए। (जनवरी २ का दिन इजरायली सेनाले अरूरीको हत्या गरिसकेको छ।)

वास्तवमा इजरायलको ध्यान र रणनीतिक प्रतिरोध मूलत: पश्चिम किनारामा केन्द्रित थियो। त्यो बेला गाजामा सक्रिय हमासले सबै मोर्चामा रुचि नदेखाएको इजरायली बुझाइ थियो।

तर, त्यो निष्कर्षमा इजरायल किन पुग्यो ?

**गलत बुझाइ**

हमासले जवाफ फर्काउनुपर्ने खालका धेरै महत्त्वपूर्ण घटना भए। तर, ती घटनामा गाजाले कुनै कडा प्रतिक्रिया जनाएन।

गत डिसेम्बरमा इजरायलमा इतिहासकै सबैभन्दा चरमपन्थी सरकार बन्यो। पश्चिम किनारालाई इजरायलमा गाभ्ने आफ्नो उद्देश्य नलुकाउने इतामर बेन-ज्भिर र बेजालेल स्मोत्रिचजस्ता दक्षिणपन्थीहरू राजनीतिक मञ्चमा देखिए। अल-अक्सा मस्जिद तथा अन्य प्यालेस्टिनी मुसलमान र क्रिस्तान पवित्रस्थलहरूलाई सैनिक नियन्त्रणमा राख्नुपर्ने कुरा उनीहरूले हाकाहाकी बोलेका छन्। एउटा कार्यक्रममा त मन्त्री स्मोत्रिचले प्यालेस्टिनी जनताको अस्तित्व नै नरहेको बताएका थिए।

प्रम बेन्यामिन नेतन्याहुको नेतृत्वमा फटाफट ती मन्त्रीहरूको भनाइ कार्यान्वयन गरियो। आफूलाई थाम्न नसकेर बेन-ज्भिरले आफ्नो निर्वाचन क्षेत्रमा तुरुन्तै इजरायलले अल-अक्सा मस्जिद कब्जा गर्नेछ भन्ने सन्देश नै पठाए।

उनले लगातार अल-अक्सामा छापा मार्न वा छापा मारेर प्यालेस्टिनी जनतामाथि हातपात गर्न आदेश दिइरहे। उनको आदेश अल-अक्सामाथि इजरायली धरपकड ह्वात्तै बढ्यो। अप्रिल ४ को धरपकड सबैभन्दा हिंसात्मक र अपमानजनक थियो। रमादानको पवित्र महिनामा प्रार्थना गरिरहेका प्यालेस्टिनीहरूलाई इजरायली सैनिकले मस्जिदभित्रै पसेर कुटपिट गरे।

गाजाको प्रतिकार समूहहरूले प्रतिवाद गर्ने धम्की दिए। गाजाबाट इजरायलतर्फ धेरै रकेट प्रहार गरे। प्यालेस्टिनीहरू जहाँ भए पनि एकताबद्ध छन् भन्ने सन्देश दिन मात्र ती रकेट प्रहार गरिएका थिए।

इजरायलले त्यो सन्देशलाई बेवास्ता गऱ्यो। प्रतिवाद गर्ने प्यालेस्टिनी धम्कीलाई इजरायली समाजप्रति धार्मिक विद्वेष फैलाउने राजनीतिक दाउपेचको रूपमा लियो। अवैध वस्ती माले अदुमिमका बासिन्दा मुहन्नद अल-माजराले कुनै बेला आफ्नो राजनीतिक हैसियत बढाउन यस्तै चेतावनी दिएका थिए।

मे २ का दिन इजरायली जेलमा कैद प्यालेस्टिनका राजनीतिक बन्दी कादिर अदनानको मृत्यु भयो। यो खबरले पनि हमासले विचार बदलेन। रामलेह कारागारमा भोक हड्ताल गर्दागर्दा कादिरको मृत्यु भएको थियो। उनको मृत्युमा केही नगरेको देखेर पर्यवेक्षकहरूले हमास र प्यालेस्टिनी इस्लामी जिहाद (पीआइजी) सङ्गठनबिच खटपट चलेको अर्थ निकाले।

सोही दिन पीआइजीले इजरायलतर्फ रकेट प्रहार गऱ्यो किनभने अदनान त्यो सङ्गठनका महत्त्वपूर्ण सदस्य थिए। इजरायलले गाजामाथि सयौं ठाउँमा हमला गरेर उत्तर दियो। ती हमलामा विशेषत: सर्वसाधारणका घर तथा भौतिक पूर्वाधारहरूलाई तारो बनाइएको थियो। हमलाका कारण ३३ प्यालेस्टिनीहरू मारिए भने १४७ भन्दा बढी घाइते भए।

मे १३ मा सम्झौताको घोषणा भयो। त्यसमा हमासको प्रत्यक्ष संलग्नता थिएन। यसबाट गाजामा रक्तपात मच्चाएर आफूले सैनिकभन्दा पनि राजनीतिक उपलब्धि हासिल गरेको इजरायली बुझाइ रह्यो।

यद्यपि इजरायलको रणनीतिक अनुमान गलत साबित भयो। अक्टोबर ७ मा दक्षिण इजरायलमा हमासले गरेको योजनाबद्ध हमलाले उसलाई गलत साबित गऱ्यो। यी आक्रमणमा हमासले धेरै सैनिक अखडा, बस्ती तथा रणनीतिक बिन्दुहरूलाई तारो बनायो।

तर के हमासले इजरायलको ध्यान मोड्दै थियो ? मूल घटनाको पूर्वानुमान गर्ने मौका नदिन आफ्नो वास्तविक रणनीतिक लक्ष्य लुकाउँदै थियो ?

**'गर्जिंदो बाढी'**

हमासका पछिल्ला वक्तव्य तथा राजनीतिक बहसहरू केलाउँदा उसले आफ्नो भावी कारबाहीलाई धेरै गोप्य नराखेको स्पष्ट हुन्छ।

सन् २०२३ सुरु हुनुभन्दा दुई हप्ताअघि डिसेम्बर १४ मा गाजामा एउटा ऱ्याली भएको थियो। त्यसबाट गाजाका हमास नेता याहया सिन्वारले इजरायललाई सन्देश दिए :

"हामी तिमीहरूतिर गर्जिंदो बाढीजस्तै आउनेछौं। हामी अनन्त रकेट हान्दै, बाढीसरी सैनिक लिएर आउनेछौं।.. एकपछि अर्को छाल लिएर आउनेछौं।"

हमासको हमलाको जवाफमा इजरायलप्रति संरा अमेरिका र उसका साझेदारहरूले ऐक्यबद्धता जाहेर गर्नेछन् भन्ने कुरा जगजाहेर थियो। इजरायलले बदला लिने उद्घोष गऱ्यो। गाजालाई ध्वस्त र नामेट पार्ने तथा गाजाबाट प्यालेस्टिनीहरूलाई खेदेर इजिप्टतिर लघार्ने उसको योजनामा संरा अमेरिका र उसका पश्चिमा साझेदारहरूले इजरायलको पक्ष लिए। वास्तवमा इजरायलले पश्चिम किनाराका प्यालेस्टिनीहरूलाई समेत जोर्डनतिर खेद्ने योजना बनाएको थियो।

अक्टोबर ७ कै दिन इजरायलले गाजाविरुद्ध युद्ध थाल्यो। गाजाविरुद्ध उसले गरेका सबै हमलामध्ये यो हमलामा अचाक्ली प्यालेस्टिनी मारिएका छन्। वास्तवमा यसपालि प्यालेस्टिनको आधुनिक इतिहासमै सबैभन्दा बढी जनता मारिए।

लगत्तै 'जातिसंहार' शब्दको प्रयोग हुन थाल्यो। सुरुमा बुद्धिजीवी र सामाजिक अभियन्ताहरूले यो शब्दको प्रयोग गरे भनेपछि अन्तर्राष्ट्रिय कानुनका विज्ञहरूले पनि इजरायली हमलालाई 'जातिसंहार' करार गरे।

अक्टोबर १३ मा एउटा लेख प्रकाशित भयो। शीर्षक थियो - जातिसंहारको दृष्टान्त। लेखक राज सेगल स्टकहोम विश्वविद्यालयका प्रोफेसर तथा होलोकस्ट र जातिसंहारका विज्ञ हुन्। उनले लेखे, "गाजामाथिको इजरायलको जातिसंहारक हमला स्पष्ट, खुला र निर्लज्ज छ।"

यति हुँदा पनि राष्ट्रसङ्घले केही गर्न सकेन। नोभेम्बर ८ मा महासचिव एन्टोनियो गुटेर्सले गाजामा सम्भावित जातिसंहार रोक्न राष्ट्रसङ्घसँग 'न पैसा छ, न शक्ति छ' भने।

सारमा अन्तर्राष्ट्रिय कानुन र राजनीतिक व्यवस्थालाई निष्क्रिय पारिएकोतर्फ उनको इसारा थियो। किनभने तत्काल र स्थायी युद्धविरामका लागि सुरक्षा परिषद्मा गरिएका प्रत्येक पहललाई संरा अमेरिका र इजरायलका अन्य पश्चिमा सहयोगी देशले विफल पारिरहेको अवस्था थियो।

भोकभोकै बसिरहेका गाजाबासीहरूबिच मृतक सङ्ख्या बढ्दै गयो। नोभेम्बर २८ सम्म आउँदा विश्व खाद्य कार्यक्रमले गाजामा सबैजना भोकै रहेको बतायो। तैपनि प्यालेस्टिनी जनताले गाजापट्टीभरि नै प्रतिकार गरिरहे।

प्यालेस्टिनी प्रतिकार हमलाकारी इजरायली सैनिकहरूमाथि हमला गर्ने वा तिनलाई एम्बुसमा पार्ने कार्यमा मात्र सीमित थिएन। गाजाका जनताको दृढता किम्बदन्ती नै बनेको छ। उनीहरूले कमजोर देखिन मानेनन्, आफ्नो थातथलोबाट भाग्न मानेनन्। यो आफैमा एउटा प्रतिकार थियो। यस किसिमको प्रतिकार हुन्छ भन्ने कुरा जानकारहरूलाई अवगत थियो।

**समुद**

प्यालेस्टिनी जनताको सामूहिक सहनशीलता वा अडान चालु रह्यो। युद्धको बेला हतास सर्वसाधारणको लागि 'सुरक्षित स्थल' मानिने अस्पताल, विद्यालय र अन्य स्थानहरूमा इजरायलले व्यवस्थित रूपमै हमला गर्न थाल्यो। तैपनि प्यालेस्टिनी जनता डग्मगाएनन्।

डिसेम्बर ३ मा राष्ट्रसङ्घका मानवअधिकार प्रमुख भोल्कर टर्कले भने, "गाजामा कुनै सुरक्षित स्थल छैन।" राष्ट्रसङ्घका अन्य अधिकारीहरूले यो कुरा पटकपटक दोहोऱ्याएका छन्। केहीले 'गाजा बालबालिकाको वधशाला बनेको छ' भने। अक्टोबर ३१ मा युनिसेफका प्रवक्ता जेम्स एल्डरले यो विचार राखेका थिए।

यसपछि गुटेर्रेस निरूपाय भए। त्यसैले डिसेम्बर ६ का दिन उनले राष्ट्रसङ्घको बडापत्रमा उल्लेख धारा ९९ को अधिकार प्रयोग गरे। सो धाराले महासचिवलाई 'विश्वमा शान्ति तथा सुरक्षा कायम गर्नमा खतरा बन्न पुगेको कुनै पनि विषयतिर सुरक्षा परिषद्को ध्यान तान्ने' अधिकार दिएको छ।

इजरायली हिंसा र प्यालेस्टिनको सामूहिक अडान पश्चिम किनारासम्म फैलियो। पश्चिम किनारामा पनि सशस्त्र प्रतिकार हुनसक्ने सम्भावनालाई ध्यानमा राखेर इजरायली सेनाले तुरुन्तै त्यहाँका प्यालेस्टिनी नगर, गाउँ र शरणार्थी शिविरहरूमा अनगिन्ती हमला गऱ्यो। ठाउँ ठाउँमा छापा माऱ्यो, धरपकड गऱ्यो। त्यसमा परेर सयौं प्यालेस्टिनीहरू मारिए, हजारौं घाइते भए र हजारौं सर्वसाधारण पक्राउ परे।

यद्यपि गाजा नै इजरायली जातिसंहारको केन्द्रस्थल बनिरह्यो। नोभेम्बर ४ देखि डिसेम्बर १ सम्मछोटो अवधिका लागि युद्धविराम भयो र केही बन्धकहरूको आदानप्रदान भयो। त्यसलाई छोडेर प्यालेस्टिन र प्यालेस्टिनी जनताको भविष्य खोसेर गाजा कब्जा गर्नका लागि गरिएको यो इजरायली युद्ध प्यालेस्टिनी जनताको रगत पिउँदै र प्यालेस्टिनलाई ध्वस्त पार्दै लगातार चलिरहेको छ।


प्यालेस्टिनी जनतालाई थाहा छ, यो युद्ध कि त सन् १९४८ मा भएको जातीय सफायाजस्तै नयाँ नक्बा बन्नेछ, नत्र त्यो नक्बा उल्ट्याउने प्रारम्भिक बिन्दु बन्नेछ। दोस्रो सम्भावनाबिच प्यालेस्टिनी जनतालाई इजरायली उपनिवेशवादको शोषणबाट मुक्त गर्ने प्रक्रिया अगाडि बढ्नेछ।

इजरायली प्यालेस्टिनी प्रतिरोधलाई सदासदाका लागि निमिट्यान्न पार्न कटिबद्ध छ। तर, आउँदा वर्षहरूमा स्वतन्त्रता हासिल गरेरै छोड्ने प्यालेस्टिनी जनताको प्रतिज्ञा झन्झन् सशक्त बन्ने सङ्केत अहिलेबाटै देखिन थालेको छ।

*(डा. राम्जी बारो पत्रकार, लेखक र 'द प्यालेस्टिन क्रोनिकल्स' पुस्तकका सम्पादक हुन्। उनी ६ दर्जन पुस्तकका लेखक हुन्। पछिल्लो पुस्तक 'मुक्तिको हाम्रो धारणा' उनले इलान पापेसँग मिलेर सम्पादन गरेका थिए। 'मेरा बुबा स्वतन्त्रता सेनानी थिए' र 'अन्तिम पृथ्वी' उनका चर्चित पुस्तक हुन्। स्रोत : कन्सोर्टियम न्युज। सम्यक)*

# शक्तिशाली समाजवादी देश निर्माणको बाटो

✍ याङ रायोन हुई



सम्माननीय कमरेड किम जोङ उनले गत वर्षको डिसेम्बरमा कोरियाली मजदुर पार्टीको आठौँ केन्द्रीय समितिको नवौँ विस्तारित पूर्ण बैठकमा नयाँ वर्ष २०२४ मा कोरियाली मजदुर पार्टी र कोरियाली जनताको अगाडिको बाटो स्पष्टरूपमा सङ्केत गर्नुभएको थियो ।

उहाँले हरेक कालखण्डमा र विकासशील क्रान्तिको हरेक चरणमा आफ्नो दुर्लभ वैचारिक-सैद्धान्तिक बुद्धिको प्रयोग गरेर समाजवादी शक्ति निर्माणको बाटो उज्यालो गरी विजयतर्फ डोऱ्याउनुभएकोमा कोरियाली जनताप्रति उच्च प्रशंसा र हार्दिक कृतज्ञता व्यक्त गर्नुभएको थियो ।

विगत एक दशकमा उहाँले आफ्ना उत्कृष्ट वैचारिक-सैद्धान्तिक गतिविधिहरूद्वारा वैज्ञानिक सङ्घर्षका रणनीतिक र रणनीतिक नीतिहरू तय गर्नुभयो र पार्टी र राज्यलाई विजय र गौरवको बाटोमा डोऱ्याउनुभयो ।

उहाँले कोरियाली क्रान्तिको सदैव विजयी रणनीतिलाई सङ्केत गर्ने अमर कार्यक्रम किमिल्सुङ्गिज्म-किमजोङ्गिलिज्मसँग सम्पूर्ण समाजलाई जोड्ने कार्यक्रमलाई अगाडि बढाउनुभयो ।

कोमपाको सेल सचिवहरूको चौथो सम्मेलन (जनवरी २०१३) मा गरिएको आफ्नो समापनमा र अन्य अमर क्लासिक कार्यहरू, जसमा जनताको हितका लागि निःस्वार्थ, समर्पित प्रयासहरू कार्यकर्ताहरूको अजेय शक्तिको अस्तित्व र स्रोत हो । कोरियाली मजदुर पार्टीले महान् किमिल्सुङ्गिज्म-किमजोङ्गिलिज्म मूलतः जनता प्रथम सिद्धान्त हो भनी शास्त्रीय सूत्रीकरण गऱ्यो ।

राजनीतिलाई समाजवादको आधारभूत राजनीतिक मोडको रूपमा निर्माण गर्नु राष्ट्रपति किम इल सङ र अध्यक्ष किम जोङ इलको महान् ध्येयलाई सदाका लागि जनता-प्रथम सिद्धान्तको पवित्र इतिहास लेख्ने उहाँको अटल इच्छाको अभिव्यक्ति हो । उहाँहरूले आफ्नो जीवनभर जनताको हितमा आफूलाई समर्पित गर्नुभयो ।

उहाँले जनतामा जुछे-उन्मुख दृष्टिकोण एक लोकप्रिय दर्शन, कोरियाली शैलीको समाजवादको फाइदा र अपराजयताको विचार र राष्ट्रिय शक्तिलाई न्याय गर्ने मापदण्ड त्यहाँका जनताको हाँसो हो भन्ने विचार प्रस्तुत गर्नुभयो । जुछे-उन्मुख दृष्टिकोणले स्थिररूपमा जनताको स्वाभिमान र हितलाई पूर्णरूपमा रक्षा गर्न जनता-प्रथम राजनीतिको गहिराइलाई विकास गरी उनीहरूका लागि निःस्वार्थ, समर्पित हुने प्रयास गर्छ । राजनीतिलाई पार्टीको अस्तित्व वा पतन र समाजवादको विजय वा असफलताको निर्णायक आधारभूत मुद्दा र मुख्य राजनीतिक मोडको रूपमा अघि सारिएको हुनाले पार्टी र राज्यका गतिविधिहरू जनताको हितमा समर्पित सेवाका साथ सञ्चालन हुन थाले र जनताहरूप्रतिको उत्कट प्रेम र स्नेहमा आधारित कोरियाली शैलीको समाजवादको अपरिवर्तनीय शक्तिलाई थप बलियो बनाएको थियो ।

किम इल सङले आत्मनिर्भरताको शक्तिलाई पूर्णरूपमा खेलेर कोरियाली जनताको प्रयासबाट कोरियाली क्रान्ति सम्पन्न गर्ने पहिलो सिद्धान्त अगाडि बढाउनुभयो र यसरी हाम्रो राज्यको युगीन आत्मनिर्भरता र समृद्धिको नयाँ युगको सुरुवात गर्नुभयो ।

कोमपाको सातौँ महाधिवेशन (मे २०१६) ले स्थायी रणनीतिक रेखाको रूपमा पहिले आत्म-विकासको भावनालाई स्पष्ट पारेको थियो जसले आफ्नै आधारमा आर्थिक वृद्धि सुनिश्चित गर्ने ऐतिहासिक कोशेढुङ्गाको रूपमा परिचित भयो ।

विकासशील क्रान्ति र समाजवादी निर्माणका आधारभूत आवश्यकताबाट अगाडि बढ्दै कोमपाको सातौँ केन्द्रीय समितिको चौथो पूर्ण बैठकले आत्मनिर्भरताको उदात्त झन्डामुनि समाजवादी शक्ति निर्माण गर्ने कोमपाको अटल राजनीतिक कार्यदिशा भएको पुष्टि गऱ्यो ।

कोमपाको ऐतिहासिक आठौँ महाधिवेशन ( जनवरी २०२१) को गतिको रूपमा, आत्मनिर्भरतालाई विकासको उच्च ट्र्याक्मा राखिएको छ अर्थात् राष्ट्रव्यापी, योजनाबद्ध र वैज्ञानिक आत्मनिर्भरतालाई प्रमुख मन्त्र बनाइएको छ । महाधिवेशनले राष्ट्रिय आर्थिक विकासको लागि नयाँ पञ्चवर्षीय योजना अघि सारेको छ र त्यसको कार्यान्वयनको लागि सङ्घर्ष र आत्मनिर्भरतामा अडिग रहनुपर्नेमा जोड दिएको छ ।

आठौँ पार्टी केन्द्रीय समितिको छैटौँ, सातौँ र आठौँ पूर्ण बैठकहरू र अन्य महत्त्वपूर्ण पार्टी बैठकहरूले कोरियाली शैलीको समाजवादी निर्माणमा ठुलो परिवर्तन ल्याउन र क्रान्तिको सफल प्रगति सुनिश्चित गर्न रणनीतिक नीतिहरू स्पष्ट पारेका छन् ।


गुणस्तर र परिमाणको हिसाबले आणविक शक्तिलाई द्रुतगतिमा बढाउने विचार, बाह्य सम्बन्ध विस्तार र विकास गर्ने विचार र कृषिलाई प्रमुख लक्ष्यका रूपमा राखेर राष्ट्रिय आर्थिक विकासका १२ प्रमुख लक्ष्यहरू प्राप्त गर्ने आजका शक्तिशाली कार्यक्रमहरू हुन् । पार्टीका निर्णयहरू कार्यान्वयन गर्न सिङ्गो पार्टी, सिङ्गो देश र सबै जनता लागेका छन् ।

कोमपाको केन्द्रीय कार्यकर्ता प्रशिक्षण विद्यालयका शिक्षक, कर्मचारी र विद्यार्थीहरूलाई आफ्नो ऐतिहासिक व्याख्यानमा किम जोङ उनले राजनीतिक, सङ्गठनात्मक र वैचारिक निर्माण र अनुशासन र कार्यशैली निर्माणलाई नयाँ युगमा पार्टी निर्माणको लाइनको रूपमा स्थापित गर्नुभयो र स्पष्ट सङ्केत गर्नुभयो । तिनीहरू कोमपालाई आशाजनक पार्टीमा निरन्तर विकास गर्नका लागि शक्तिशाली वैचारिक-सैद्धान्तिक हतियार हुन् ।

गत वर्ष उहाँले कृषि विकासको रणनीति र सर्वजन देशभक्ति आन्दोलनलाई महत्त्व दिने विचारसहितको नौलो विचार र सिद्धान्तहरू प्रस्तुत गर्नुभयो । यसरी उहाँलाई यसलाई ठुलो परिवर्तनको वर्ष र राज्य विकासको नयाँ युग बनाउनुभयो ।

डिसेम्बर २०२३ को पूर्ण बैठक कोमपाको आठौँ पार्टी महाधिवेशनले देशभक्तिको भावनाका साथ एकताबद्ध भएर तोकेका लक्ष्यहरू प्राप्त गर्न, नयाँ विजयका लागि थप गतिशीलरूपमा सङ्घर्ष गर्ने विचारले सबै जनताको जोशलाई बलियो बनाउँछ र उनीहरूलाई निरन्तर चमत्कारहरू सिर्जना गर्न र अगाडि बढ्न प्रोत्साहित गर्दछ । यो नयाँ वर्षको मार्चमा निस्किएका सबै जनताको अटल विश्वास हो कि किम जोङ उनको असामान्य वैचारिक सैद्धान्तिकताको छेउमा जुछेको समाजवादी उद्देश्य पूरा गर्ने स्थायी ब्यानर प्रदान गर्दा उनीहरूको भविष्य उज्यालो छ । विचारधारा र आफ्नो देशलाई समृद्धिको बाटोमा लैजान्छ ।

***- 'केसीएनए' बाट***
***अनुवाद : प्रकाश***



# हिंस्रक मनोरोगी टोनी ब्लिङकेन

✍ काइटलिन जोन्सटन

अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिङकेनले हालै अमेरिकी सहयोगमा गाजामा भएको अर्को पत्रकारको हत्यालाई 'कहालिलाग्दो त्रासदी' भने । मानौँ, ती पत्रकार चट्याङ बर्जिएर, कार ठोक्किएर वा यस्तै कुनै दुर्घटनामा परेर मरेका हुन् ।

जनवरी ७ का दिन विदेशमन्त्री ब्लिङकेन कतारको एक पत्रकार भेलामा बोल्दै थिए । उनलाई हालै हत्या गरिएका अल जजीराका पत्रकार हम्जा ददुको विषयमा टिप्पणी गर्न भनियो । दुई पत्रकारका साथ कारमा यात्रा गर्दै गर्दा हालै इजरायली हवाई हमलामा उनी मारिएका थिए । सहकर्मीमध्ये अर्का एक पत्रकार पनि मारिए । हम्जा ददु अलजजीराका गाजा शाखा प्रमुख वाएल ददुका जेठा छोरा थिए । यसअघि अक्टोबरको अन्त्यतिर नै इजरायली बमबारीमा वाएलकी पत्नी, छोरा, छोरी र नवजात नातिको हत्या भइसकेको छ ।

निर्दोष पत्रकारहरूको हत्याको संरा अमेरिकाले निन्दा गर्छ कि गर्दैन भन्ने अलजजीराका पत्रकारको प्रश्नमा जवाफ दिँदै ब्लिङकेनले भने, "तपाईंको सहकर्मी वाएल अल-ददुले भोग्नुपरेको झन्डै अकल्पनीय क्षतिका कारण म अत्यन्त दुःखी छु । म आफैँ पनि बाबु हुँ । उहाँले अनुभव गर्नुपरेको त्रासदीको म कल्पना पनि गर्न सक्दिन । एकचोटि होइन, उहाँले दुईचोटि त्यो पीडाबाट गुज्रिनुपऱ्यो । अति धेरै निर्दोष प्यालेस्टिनी महिला, पुरुष, बालबालिका - सर्वसाधारण तथा प्यालेस्टिनी र अन्य देशका पत्रकारहरूको पीडा अकल्पनीय छ ।"



ब्लिङकेनले गाजामा धेरै पत्रकारहरू मारिएको स्वीकारे । त्यसकारण, त्यहाँ मानवीय सहायता पठाउनुपर्ने र स्थायी शान्ति हासिल गर्नुपर्ने आवश्यकता रहेको पनि बताए । तर, ब्लिङकेनले इजरायलको भर्त्सना गरेनन् । गाजामा इजरायलले पत्रकारहरूलाई नियोजितरूपमै हत्या गरिरहेको सुस्पष्ट र प्रामाणिक तथ्य बनिसकेको छ । इजरायलको निन्दा गर्नुको साटो ब्लिङकेनले ददुको मृत्युमा गहिरो श्रद्धाञ्जली अभिव्यक्त गरे र त्यसलाई निस्क्रिय 'त्रासदी' को रूपमा चित्रण गर्न खोजे । जब कि ददुको मृत्यु सक्रियरूपमा गरिएको हत्या हो । उनको हत्यामा उन्नत सैन्य प्रविधिको प्रयोग गरिएको थियो । यो प्रविधि संरा अमेरिकाकै प्रयोजन, सहयोग र पैठारीमा इजरायल पुगेको थियो ।

चरम दक्षिणपन्थी इजरायलीहरू र उदारवादी अमेरिकीहरूमध्ये सबैभन्दा ठुला दुष्ट को हुन् भनी छुट्याउन गाऱ्हो छ । किनभने इजरायली अतिवादीहरूले खुलेआम गाजालाई मानव वधशाला बनाइरहेका छन् भने अमेरिकी उदारवादीहरूले खुलेआम त्यो मारकाटको प्रयोजन गर्दै छन् । इजरायलीहरूलाई सोत्तर पार्न इजरायललाई सघाउनुका साथै यी उदारवादीहरूले हामीसँग आँखामा आँखा मिलाउँदै एउटा दुःखद दुर्घटनामा परी गाजामा एउटा व्यक्ति मारिएको सुनेर गहिरो र भावपूर्ण माफी पनि माग्दै छन् ।

सामाजिक मनोरोगीले गर्ने यसप्रकारका काम ब्लिङकेनले यसअघि पनि गर्दै आएका हुन् । गत महिना उनले एउटा ट्वीट लेखे, "यो वर्ष पत्रकारिताको लागि विश्वभरि नै अत्यन्त खतरनाक वर्ष रह्यो । आफ्नो काम गरेकै हुनाले धेरै पत्रकार मारिए, धेरै घाइते भए, सयौँ हिरासतमा परे; आक्रमण, धम्की खेपे; अङ्गभङ्ग भए । जनतालाई सटिक र तत्काल सूचना उपलब्ध गराएकोमा सञ्चार जगतप्रति अत्यन्त आभारी छु ।"

यो टाउको खाने बकवासमा कसैले विश्वास गर्ला कि ? ब्लिङकेन यसरी भन्दै छन् मानौँ उनको सरकार नै यीमध्ये धेरै हत्याका लागि जिम्मेवार नै छैन । मानौँ, इजरायलले विगत तीन महिनादेखि जङ्गली तवरले पत्रकारहरू लुकिरहेका स्थानहरू खोजीखोजी गोली नै हानेन ।

ब्लिङकेन लासैलासको चाङमाथि उभिएका छन् । साथै, ती अभागी मृतकहरूको दुःखमा मुन्टो झुकाएर शोक पनि मनाउँदै छन् । यस्तो व्यक्तिलाई मनोरोगी (साइकोप्याथ) नभनेर के भन्ने ?

वास्तवमा संरा अमेरिकाको विदेशमन्त्री बन्नका लागि व्यक्ति एक हदसम्मको साइकोप्याथ नै हुनुपर्छ । युद्धअपराधी हेनरी किसिन्जरले एकचोटि भनेका थिए, "त्यो उपलब्धिका लागि त्यति मूल्य त चुकाउनै पर्थ्यो ।" अल्ब्राइटले भनेका थिए, "हामीले ढाँट्यौँ, छल्यौँ र चोऱ्यौँ ।" पोम्पेओ अमेरिकी सरकारहरूको लामो परम्पराका सबैभन्दा दुष्ट व्यक्ति थिए । यस्ता व्यक्तिहरू अमेरिकाको विदेशमन्त्री बन्दै आएका छन् । वास्तवमा विकृत मनोदशा नै यो पद पाउने योग्यता बन्दै आएको छ ।

किनभने, विदेशमन्त्री भनेको अमेरिकी कूटनीतिको आधिकारिक प्रमुख हो । अन्य सामान्य मुलुकले कूटनीतिलाई जसरी हेर्छन्, त्योभन्दा धेरै फरक नजरले अमेरिकी साम्राज्यले 'कूटनीति' लाई हेर्छ । व्यवहारमा हेर्दा अमेरिकी 'कूटनीति' भन्नु नै एकपछि अर्को देशमा जाँदै युद्ध, भोकमरी, नाकाबन्दी, छद्म द्वन्द्व र पश्चिम प्रायोजित सत्ताविद्रोहको लागि अन्तर्राष्ट्रिय साझेदार खोज्नु र त्यसका लागि साँठगाँठ गर्नु बन्न पुगेको छ । सिद्धान्ततः अमेरिकी विदेश मन्त्रालय शान्तिको मन्त्रालय हुनुपर्थ्यो । तर, व्यवहारमा यो सूक्ष्म र कपटी सैनिक मन्त्रालय बनेको छ ।

अमेरिकी साम्राज्य कपटी लोकाचारका अगाडि छ । एन्टोनी ब्लिङकेन त्यसका उम्दा नमुना हुन् । टोनीजस्तो अमेरिकी साम्राज्यको गतिलो प्रतिनिधि भेट्न गाऱ्हो छ । रगतपच्छे लासैलासको पहाडमाथि उभिएर टोनी आफैँले भर्खर मारेका व्यक्तिहरूबारे दुर्भाग्यपूर्ण दुघर्टनामा मारिएको सुनेर आफ्ना चिसा र मृत आँखाले तपाईंलाई नियाल्दै आफू मर्माहत भएको सुनाउँदै छन् । रातो शोकसन्तप्त जूनमुनि आफ्नो संवेदनाहीन बाँसुरी बजाउँदै छन् ।

***स्रोत : ग्लोबल रिसर्च***
***अनुवाद : गणेश***

# माघ ११ भित्र लेनदेनको लिखत प्रमाणीकरण गर्नुपर्ने

**पुराना लिखत प्रमाणीकरणका लागि साहुको निवेदन परेमा स्थानीय तह वा वडा समितिको कार्यालयले आसामी अर्थात् ऋणीलाई बोलाएर साहुले पेश गरेको लिखत तमसुक देखाई तमसुकको सत्यता सम्बन्धमा सनाखत गराउनुपर्दछ । यदि ऋणीले लिखतमा बढी रकम उल्लेख गरेको तर आफूले कम रकम लिएको भन्दछ भने सोही कुरा लेखेर लिखत प्रमाणित गराउन सकिन्छ ।**



✍ रामप्रसाद प्रजापति

### लिखत

सम्बन्धित कारणी (पक्ष) हरूले आफूहरूबिच हुन लागेको विषय स्पष्ट खुलाई कुनै अशुद्धि र केरमेट नगरी छापी, टाइप गरी वा हातले लेखी तयार गर्ने कागजात नै लिखत हो । त्यस्तो लिखतमा सम्बन्धित कारणीहरूले सहीछाप गर्नुपर्ने कानुनी व्यवस्था देवानी कार्यविधि संहिता, २०७४ को दफा २८ ले गरेको पाइन्छ ।

मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २८ को स्पष्टीकरण खण्ड (क) ले 'लिखत' को परिभाषाभित्र "घर व्यवहारमा हुने सबै किसिमका लेनदेन व्यवहार, सम्पत्ति हस्तान्तरण वा धित्तो बन्धक दिने गरी भएको लिखत, धर्मपुत्र वा धर्मपुत्रीसम्बन्धी लिखत, करार, अख्तियार दिएको अख्तियारनामा, मञ्जुरीनामा, सरकारी कार्यालय वा सङ्गठित संस्थामा पेश हुने कुनै पनि लिखत, अदालतमा पेश हुने फिराद, प्रतिउत्तर, पुनरावेदन, निवेदनलगायतका जुनसुकै किसिमको लिखत, सरकारी वा सङ्गठित संस्थाबाट जारी हुने लिखत, कानुनी हक वा दायित्व सृजना गर्ने वा नगर्ने अन्य कुनै लिखत" पर्ने उल्लेख गरेको पाइन्छ ।

### लेनदेन व्यवहारको लिखत

कारणी/पक्षहरूबिच कुनै वस्तु वा रकम वा सम्पत्ति लिनुदिनु गर्दा गरिने लिखतहरूलाई लेनदेन व्यवहारको लिखत भन्न सकिन्छ । जस्तै : कपाली तमसुक, बैनापट्टा, करारनामा, दृष्टिबन्धक, भोगबन्धक, राजिनामा, बकसपत्र, अंशबण्डा आदि ।

सामान्यतया घरसारमा ऋण सापटी लिनुदिनु गर्दा गरिने लिखत 'कपाली तमसुक', घरजग्गा वा कुनै वस्तु खरिद बिक्री गर्दा गरिने 'बैनापट्टा' को कागज, करारनामा रजिष्ट्रेशन गर्ने कार्यालय भूमिसुधार तथा मालपोत कार्यालयबाट पारित गर्ने प्रचलन छैन ।

धित्तो दृष्टिबन्धक, भोगबन्धक, राजिनामा, बकसपत्र, अंशबण्डा (मानो जोडिएको, मानो छुट्टिएको समेत) जस्ता लिखतहरू कानुनबमोजिम नै पारित गर्नुपर्ने बाध्यात्मक व्यवस्था रहेका लिखतहरू हुन् ।

मुलुकी ऐन, लेनदेनको महलमा घरसारमै तयार गर्न सकिने कपाली तमसुक, बैनापट्टाजस्ता लिखतहरू पारित गर्न नपर्ने, ती लिखतहरूको भाखा १० ( दश) वर्षको हुने कानुनी व्यवस्था रहेको थियो ।

### लिखत प्रमाणित गराउनुपर्ने

२०७५ साल भाद्र १ गतेबाट मुलुकी देवानी संहिता, २०७४ लागु भएपछि मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा ३६ मा एउटा नवीनतम प्रावधान आयो । दफा ३६ ले पचास हजार रुपैयाँभन्दा बढी रकम लिनुदिनु गरेको लिखत सम्बन्धित स्थानीय तहको वडा समितिको कार्यालयबाट प्रमाणित गर्नुपर्ने व्यवस्था गऱ्यो ।

उक्त दफा ३६ को उपदफा (५) को प्रतिबन्धात्मक वाक्यांशमा "यो ऐन (मुलुकी देवानी कार्यविधि संहिता, २०७४) लागु हुनुपूर्व भएगरेका लिखत प्रमाणित गर्नुपर्ने छैन ।" भन्ने स्पष्ट व्यवस्था गरेको थियो ।

तर देशमा साहुकारहरूले सर्वसाधारण जनतालाई चर्को तथा कानुनविपरीत ब्याजको पनि ब्याज चक्रिय) ब्याज लिएको विरोधमा मिटरव्याजी साहुकारहरूविरुद्ध आन्दोलन भएपछि सरकारले अनुचित लेनदेन ( मिटरब्याज) सम्बन्धी आयोग नै गठन गर्नुका साथै मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश जारी गर्दै मिति २०८० बैशाख २० गते राजपत्रमा प्रकाशित गरी मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा ३६ को उपदफा (५) मा रहेको संहिता लागु हुनुपूर्वको लिखत प्रमाणित गराउन नपर्ने कानुनी व्यवस्था हटाउने गरी ऐन संशोधन भएपछि पचास हजारभन्दा बढी रकम लिनुदिनु गरेका पुराना लिखतहरू पनि अनिवार्यरूपमा सम्बन्धित वडा कार्यालयबाट प्रमाणित गराउनुपर्ने बाध्यात्मक व्यवस्था आयो ।

### माघ ११ भित्र प्रमाणीकरण !

बैशाख २० गते जारी गरेको अध्यादेशलाई सङ्घीय संसद्बाट पारित भएपछि मिति २०८० साउन १२ गते राजपत्रमा प्रकाशित गरी दफा ३६ को उपदफा (३ क) ले यो उपदफा प्रारम्भ भएको मितिले ६ महिनाभित्र प्रमाणित गराउनुपर्ने बाध्यात्मक व्यवस्था लागुभयो ।

त्यसैले पचास हजार रुपैयाँभन्दा बढी रकम लिनुदिनु गरेको कुनै लिखत प्रमाणित गर्न बाँकी छ भने आगामी माघ ११ गतेभित्र सम्बन्धित स्थानीय तहको वडा समितिको कार्यालयबाट प्रमाणित गराउनुपर्ने अवस्था आएको छ ।

### लिखत प्रमाणित गर्ने कार्यविधि

तत्काल लिनुदिनु गरेको कागज प्रमाणित गर्न लिने दिने दुवै पक्ष वडा कार्यालयमा उपस्थित भई लिखत प्रमाणीकरणका लागि निवेदन दिएमा दुवै पक्षलाई सनाखत सहिछाप गराई लिखत प्रमाणित गरिन्छ ।

पुराना लिखतका सम्बन्धमा पनि दुवै पक्ष उपस्थित भएमा सोहीबमोजिम दुवै पक्षलाई सनाखत सहीछाप गराई लिखत प्रमाणित गर्न सकिन्छ ।

तर पुराना लिखत प्रमाणित गर्न साहुले वडा कार्यालयमा निवेदन दिएको तर ऋणी पक्ष नआएमा के गर्ने भन्ने अहिलेको बहस र चर्चाको विषय बनेको छ ।

पुराना लिखत प्रमाणीकरणका लागि साहुको निवेदन परेमा स्थानीय तह वा वडा समितिको कार्यालयले आसामी अर्थात् ऋणीलाई बोलाएर साहुले पेश गरेको लिखत तमसुक देखाई तमसुकको सत्यता सम्बन्धमा सनाखत गराउनुपर्दछ । यदि ऋणीले लिखतमा बढी रकम उल्लेख गरेको तर आफूले कम रकम लिएको भन्दछ भने सोही कुरा लेखेर लिखत प्रमाणित गराउन सकिन्छ ।

त्यस्तै साहु वा ऋणीमध्ये कुनै एक पक्ष उपस्थित नभए तापनि कारोबारको यथार्थता बुझेर दुवै पक्षका साक्षीहरूलाई बुझ्न सकिने व्यवस्था पनि रहेको छ ।

कुनै एक पक्ष नेपाल बाहिर विदेशमा रहेको अवस्थामा फर्की आएको ६ महिनाभित्र प्रमाणित गराउन सकिने व्यवस्था संहिताको दफा ३६ को उपदफा (३ ख) मा व्यवस्था गरेको पाइन्छ ।

साविक मुलुकी ऐन, २०२० को लेनदेन व्यवहारको दफा २ बमोजिम तथा हाल प्रचलित मुलुकी देवानी संहिता, २०७४ को दफा ४८४ बमोजिम कपाली तमसुकको हदम्याद बढीमा १० (दश) वर्षको हुने व्यवस्था भएको हुँदा कसै गरी पनि हदम्याद जान दिनु हुँदैन ।

त्यसैले आगामी माघ ११ गतेभित्र कसैले आफूसँग भएको घरसारको लिखत प्रमाणीकरणको लागि स्थानीय तह वा वडा कार्यालयमा निवेदन गर्न आएमा निवेदन दर्ता गराई कानुनबमोजिमको प्रक्रिया अनुसरण गरी बुझी हेर्दा जे व्यहोरा आउन्छ सोही व्यहोरा जनाई लिखत प्रमाणित गरी दिनुपर्ने देखिन्छ ।

### जाँचबुझ आयोगको परिपत्र

अनुचित लेनदेन (मिटर ब्याज) सम्बन्धी जाँचबुझ आयोग, २०७९ ले गत भदौ २७ गते जारी गरेको "कपाली तमसुक प्रमाणित गर्दा ध्यान दिनुपर्ने कुराहरूको मार्गदर्शन" मा कपाली तमसुक प्रमाणित गरी पाउन साहुको निवेदन परेमा निम्नबमोजिमको प्रक्रिया पुऱ्याउन परिपत्र गरेको देखिन्छ ।

- निवेदन दर्ता गर्ने,
- छुट्टै फाइल खडा गर्ने,
- ऋणीको नाम, थर वतन, फोन, मोबाइल नम्बर आदि विवरण खुलाउन लगाउने,
- ऋणीलाई फोन गरेर बोलाउने,
- फोन नम्बर पत्ता नलागेमा वा सम्पर्क हुन नसकेमा साहुको निवेदन परेको व्यहोरा खुलाई ऋणीलाई उपस्थित हुन पत्र लेख्ने,
- म्याद सरह ३ जना स्थानीय व्यक्ति रोहवरमा साक्षी राखी पत्र तामेल गराउने,
- ऋणी उपस्थित हुन आएमा तमसुक देखाई सनाखत गराउने,
- कुरा मिलेमा सोही व्यहोरा खुलाएर लिखत प्रमाणित गरिदिने ।
- तमसुकमा मुख नमिलेमा सोही व्यहोरा खुलाई सनाखत सहिछाप गराउने ।
- लिखत प्रमाणित गराउँदा यी सबै व्यहोरा खुलाएर अभिलेख राख्ने गरी प्रमाणित गरी दिने ।
- तमसुक प्रमाणित गराउँदा ऋणीलाई सूचना नदिएमा वा एकतर्फीरूपमा प्रमाणित गरिदिएमा स्थानीय तह वा वडा समितिका पदाधिकारीमाथि जालसाज गरेकोमा मुद्दा लाग्न सक्ने कानुनी व्यवस्था रहेकोले सत्यतथ्य बुझेर सोही व्यहोरा खुलाएर लिखत प्रमाणितको अभिलेख अर्थात् रेकर्ड राख्नुपर्ने व्यवस्था छ ।

ऋणी विदेशमा भएको वा भरमग्दुर प्रयत्न गर्दा पनि ऋणी नभेटिएमा टोल, छिमेकका व्यक्तिहरूसँग छलफल सोधपुछ गरेर सोही व्यहोरा लिखतमा जनाई लिखत सनाखत गरिदिनसक्ने कानुनी व्यवस्था छ ।

### निवेदन दर्तापछि अदालतमा मुद्दा गर्न सक्ने

यसरी लिखत प्रमाणित गर्ने प्रक्रिया पुऱ्याउन समय लाग्ने भएमा साहुले आफूसँग भएको लिखत लिई लिखत प्रमाणीकरण गरी पाउन निवेदन लिई आएमा निवेदन दर्ता गरी त्यसपछि कानुनले तोकेको प्रक्रिया अगाडि बढाउनुपर्दछ ।

यसो गर्दा लिखतको हदम्याद जाने रहेछ भने साहुले आफूले लिखत प्रमाणीकरणको लागि सम्बन्धित स्थानीय तह वा वडा समितिको कार्यालयमा निवेदन दर्ता गराई प्रमाणीकरणको प्रक्रियामा रहेको निस्सा साथै राखी सम्बन्धित जिल्ला अदालतमा ऋणीविरुद्ध हदम्यादभित्रै लेनदेन मुद्दा दायर गर्न सक्छ । यदि लिखत प्रमाणीकरणको लागि सम्बन्धित साहुले कुनै प्रयास नै गरेको छैन अर्थात् लिखत प्रमाणित गरी पाउन निवेदन गरेको कुनै निस्सा/पत्र वा प्रमाण पेश गरेको छैन भने जिल्ला अदालतमा मुद्दा दर्ता गर्न सक्ने अवस्था छैन । प्रचलित कानुनले नै लिखत प्रमाणित गर्नुपर्ने बाध्यात्मक व्यवस्था गरेको हुँदा लिखत प्रमाणित छ भने वा प्रमाणित गर्न निवेदन दर्ता गरी प्रक्रियामा रहेको भन्ने निस्सा वा पत्र वा प्रमाण पेश गरेमा मात्रै मुद्दा (फिराद) दर्ता हुन सक्ने देखिन्छ ।



लेनदेन मुद्दामा प्रमाण बुझी अदालतले कानुनबमोजिम फैसला गर्ने नै हुँदा लिखत प्रमाणीकरण गरी पाउन निवेदन लिई आउने सेवाग्राहीलाई अनावश्यक दु:ख हैरानी दिई निवेदन दर्ता नै नगरी दिन मिल्ने देखिँदैन ।

ऋणीले ऋण सापटी लिई लिखत गरी दिएको हो या होइन ? लिखतमा उल्लिखित सहीछाप ऋणीको हो या होइन ? लिखतमा उल्लेखित रकम ठिक हो या होइन ? के कति रकम (साँवा ब्याज) तिरे बुझाएको छ छैन ? लगायतका आवश्यक साक्षी सबुद प्रमाण बुझी फैसला गर्ने क्षेत्राधिकार सम्बन्धित जिल्ला अदालतलाई रहे भएको हुँदा कसैले आफूसँग भएको लिखत लिई प्रमाणीकरणका लागि निवेदन गर्न आएमा स्थानीय तह वा वडा समितिको कार्यालयले रीपूर्वक निवेदन दर्ता गरी कानुनबमोजिम निर्धारित प्रक्रिया अगाडि बढाउन पर्ने देखिन्छ ।

---

**स्थानीय...**

निरन्तरता दिइरहेको छ । भनपा ८ लिबालीमा कभर्ड हल चालु अवस्थामा छ भने महालक्ष्मीस्थानस्थित टेबलटेनिस प्रशिक्षण कभर्ड हल निर्माण अन्तिम चरणमा पुगेको छ ।

भक्तपुर नगरव्यापी विद्यालयस्तरीय राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगिता, विद्यालयका खेलकुद शिक्षक शिक्षिकाहरूलाई प्रशिक्षक प्रशिक्षण तालिम र शारीरिक व्यायाम छिकोङ खेलका तालिमहरू सम्पन्न भए भने आगामी माघ २१ देखि २७ गतेसम्म भक्तपुर नगरव्यापी विद्यालयस्तरीय विविध १५ वटा विधाका खेलकुद प्रतियोगिता ( भलिबल, फूटबल, कबड्डी, कराँते, एथलेटिक्स, उसु, टेबलटेनिस, खोखो, पोर्टबल, ब्याडमिन्टन, तेक्वाण्डो, बुद्धिचाल, जिम्नास्टिक, कसिमला पाँय् र बाघचाल) सञ्चालनको लागि आवश्यक तयारी भइरहेको छ ।

**युवा तथा रोजगार :**

युवाहरूलाई स्वरोजगार बनाउन युवा उद्यमशीलता ऋणको व्यवस्था, युवाहरूमा सीप विकास गरी स्वरोजगार बनाउन चिनियाँ र जापानी भाषाका आधारभूत तह र एड्भान्स तह, पाक शिक्षा, हेयर कटिङ, आधारभूत र एडभान्स तहको सिलाइ र बुटिक तालिम सञ्चालन गरिरहेका छौँ । साथै प्लम्बिङ र विद्युत्सम्बन्धी तालिमको लागि पनि तयारी गरिरहेका छौँ ।

**सहकारी :**

सहकारीहरूलाई नियमित र व्यवस्थित बनाई उत्पादनशील क्षेत्रमा लगानीमा प्रोत्साहन गर्न सहकारी सङ्घसंस्थाका कर्मचारी र पदाधिकारीहरूको क्षमता अभिवृद्धिका लागि समयसमयमा विभिन्न विषयका तालिमहरू सञ्चालन गरेका छौँ । स्वास्थ्य क्षेत्रलाई थप व्यवस्थित गर्ने उद्देश्यले सहकारी संस्थाहरूबाट सामुदायिक विकास कोषको ५० प्रतिशत रकम नगरपालिकामा जम्मा गर्न आग्रह गरेअनुसार अधिकांश सहकारी संस्थाहरूले सहयोग गरेका छन् । त्यसको निम्ति सम्पूर्णलाई धन्यवाद दिन चाहन्छौँ ।

**विकास निर्माण :**

भनपा वडा नं ६ महाकाली स्थानस्थित आदर निकेतन भवन निर्माण कार्य अन्तिम चरणमा छ । यस चालु आ.व.को ६ महिनामा विभिन्न १३ वटा नगरस्तरीय योजनाहरू सम्पन्न भए भने थप १३ वटा योजनाहरू चालु अवस्थामा छन् । भनपा ८ लिबालीस्थित शीत भण्डारण गृह भवन निर्माण कार्य दोस्रो चरणमा पुगेको छ । अरनिको सभा भवन निर्माण कार्यको लागि बोलपत्र प्रकाशन भइसकेको छ ।

**विविध :**

चालु आ.व. को साउन १ देखि पुस २३ गतेसम्ममा यस नगरपालिकामा चीन, जापान, नर्वे, जर्मनी, क्युवा, लक्जमवर्ग, घाना, तान्जानिया, अर्जेन्टिना, बेलायत, फिलिपिन्स, कम्बोडिया, थाइल्याण्ड, लाओस र भारतलगायतका २० वटा प्रतिनिधिमण्डलका सदस्यहरूले यस नगरपालिकाको अध्ययन र अवलोकन भ्रमण गर्नुका साथै नगर प्रमुखसँग शिष्टाचार भेटघाट गर्नुभयो ।

- २०८० जेठ १७ गते जनवादी गणतन्त्र चीनको स–छुवान प्रान्तका पार्टी सचिव वाङ स्याओहुईले, २०८० साउन ८ गते चिनियाँ कम्युनिस्ट पार्टीका पोलिटब्युरो सदस्य तथा छोरङछिङ नगरपालिकाको पार्टी समितिका सचिव युआन चियाच्युनले र २०८० कार्तिक २६ गते चीनको सिन्चाङ तिब्बत) स्वायत्त क्षेत्रका चिनियाँ कम्युनिस्ट पार्टीका सचिव वाङ च्युनचङले नेपाल मजदुर किसान पार्टीका आदरणीय नेता नारायणमान बिजुक्छैँ (रोहित) सित भेटघाट गरी दुई देश र दुई पार्टीबिच सम्बन्ध विस्तारको बारेमा छलफल गर्नुभएको थियो । सो क्रममा उहाँहरूले भक्तपुरको दरबार क्षेत्र, टौमढी क्षेत्रलगायतको भ्रमण गर्नुभएको थियो ।
- त्यस्तै २०८० असार १४ गते जनवादी गणतन्त्र चीनको सान्तोङ प्रान्तको हुआन थाई नगरपालिकाका प्रतिनिधिमण्डलगायतले भक्तपुरको अवलोकन भ्रमण गरेको थियो भने २०८० मङ्सिर ३ गते चिङकाङशान नगरपालिकाका उपप्रमुख ह्वामिङले पनि यस नगरपालिकाको भ्रमण गर्नुभएको थियो ।
- मिति २०८० मङ्सिर २६ गते भक्तपुर नगरपालिका र मित्र राष्ट्र चीनको लसान नगरपालिकाबिच मैत्रीपूर्ण सहकार्य सम्बन्ध स्थापना भएको छ ।
- दोस्रो कार्यकालमा ७५ वटा स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीहरूको प्रतिनिधिमण्डलले यस अवधिमा भक्तपुर नगरपालिकाको अध्ययन/अवलोकन भ्रमण गरेको रेकर्ड छ ।
- यस अवधिमा सङ्घीय र प्रदेश सरकारका २० वटा प्रतिनिधिमण्डलले नगरपालिकाको भ्रमण गरेका छन् ।
- नगरका विभिन्न क्षेत्रमा सशुल्क पार्किङ व्यवस्था मिलाउँदै छौँ ।
- भक्तपुरको बजार व्यवस्थापन, अनियमित निर्माण नियन्त्रण र अन्य आवश्यक कार्यको लागि नगर प्रहरी नियुक्ति प्रक्रिया अगाडि बढाइएको छ ।
- देको मिवा इतापाके आवास योजनाअन्तर्गत जग्गाधनीहरूको जग्गा फिर्ताको काम भइरहेको छ भने केही असन्तुष्ट जग्गा धनी तथा मोहीहरूको गुनासोप्रति सचेत रही गुनासो व्यवस्थापन उपसमितिले उचित सम्बोधन लागि प्रयास गरिरहेको छ ।
- नियमितरूपमा बजार अनुगमन गरी अखाद्य वस्तु बेचबिखन, म्याद नाघेका, मिसावटयुक्त वस्तुहरू बेच्ने व्यापारीहरूलाई कानुनबमोजिम कारबाही गरी उपभोक्ताको स्वास्थ्यलाई ध्यान दिइरहेका छौँ भने ढक तराजुमा नियमितता ल्याउने प्रयास गरिरहेका छौँ ।
- चालु आ.व. को साउन १ देखि पुस २३ गतेसम्म १६५ वटा नक्सा दर्ता भएकोमा १०७ वटा नक्सा पास भएको छ ।
- यस आ.व.मा मुद्दा शाखामा दर्ता भएका मुद्दाहरू र पुरानासमेत गरी कुल ३८२ वटा मुद्दाहरू फछ्र्योट भएको छ ।

अन्त्यमा, यस नगरसभाबाट जनताको हित, आवश्यकता र चाहनाअनुरूप संविधानले दिएको अधिकारमा रही नगरपालिकाको समग्र विधायन, बजेट तथा समसामयिक विषयमा व्यापक छलफल हुनेछ भन्ने अपेक्षाका साथ मेरो भनाइ यही टुङ्ग्याउँछु । धन्यवाद !

***(भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले बुधबार भएको पन्ध्रौँ नगरसभामा व्यक्त मन्तव्य-सं.)***

# शिक्षा क्षेत्रमा गरेको लगानी देश र समाजको लागि उपलब्धिपूर्ण




भक्तपुर। नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ ( रोहित) ले भक्तपुरको शिक्षा क्षेत्रमा गरेको लगानी देश र समाजको लागि उपलब्धिपूर्ण भएको बताउँदै भक्तपुरको शिक्षा मोडल अन्य स्थानीय तहको लागि अनुकरणीय र चर्चाको विषय भएको बताउनुभयो।

बाल विकास सेकेन्डरी स्कूलको वार्षिक भेटघाट कार्यक्रममा मङ्गलबार उहाँले बाल विकास सेकेन्डरी स्कूलले विद्यार्थी र अभिभावकको मन जितेर गुणस्तरीय शिक्षा प्रदान गरिरहेको बताउँदै विद्यालयमा कार्यरत शिक्षक शिक्षिका, कर्मचारी, आया दिदीहरूलाई पनि राजनैतिक र सामाजिकरूपमा प्रशिक्षित गर्नुपर्ने धारणा राख्नुभयो।

कामदारवर्गलाई सेवा सुविधा दिने विषयमा विद्यालय सजग हुनुपर्नेमा जोड दिँदै अध्यक्ष बिजुक्छेँले विद्यालय जीवनदेखि नै विश्व इतिहास र भूगोल राम्रोसँग अध्यापन गराउन सके ती विद्यार्थीहरू तुलनात्मकरूपमा अगाडि बढ्ने बताउनुभयो।

सरकारले विश्व व्यापार सङ्गठनको सदस्यता लिएसँगै नेपालमा शिक्षा क्षेत्रमा व्यापारीकरण र निजीकरणको नीति अगाडि बढेको बताउँदै उहाँले सरकारले ख्वप विश्वविद्यालय सञ्चालनको अनुमति दिएको खण्डमा रु. १५ लाखमै एमबीबीएस पढाउन सम्भव भएको बताउनुभयो।

भक्तपुर नपाबाट सञ्चालित शैक्षिक संस्थाहरूमा विद्यार्थीको अनुशासन र शैक्षिक गुणस्तरका कारण देशभरका विद्यार्थीहरूको शैक्षिक आकर्षणको केन्द्रको रूपमा विकास भइरहेको बताउँदै उहाँले विद्यालयले तालिम, शिविर र अध्ययन गोष्ठीहरू औपचारिकताको लागि नभई समग्र विद्यार्थी र शिक्षकहरूको चेतनास्तर अभिवृद्धि गर्ने उद्देश्यले सञ्चालन गर्नुपर्ने बताउनुभयो।

कार्यक्रममा भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले भक्तपुरका अग्रजहरूको दूरदर्शी सोच र चिन्तनले बाल विकास स्कूलले आजको प्रगति र सफलता हासिल गरेको बताउँदै शिक्षाको माध्यमबाट समाजमा सुधार ल्याउने र दक्ष जनशक्ति उत्पादन गर्ने उद्देश्य क्रमश: पूरा हुने बताउनुभयो।

उहाँले २०४५ सालको भक्तपुर काण्डले विद्यालयको अस्तित्व नै सङ्कटग्रस्त अवस्थामा पुगेको उल्लेख गर्दै विद्यालयलाई आजको अवस्थामा ल्याइपुऱ्याउने सबैको स्मरण गर्नुपर्ने बताउनुभयो।

उहाँले शिक्षामा निजीको बोलवाला रहेकै कारण शासक दलले शिक्षालाई सेवाभन्दा पनि उद्योगको रूपमा विकास गर्न खोजिरहेको बताउनुभयो।

कार्यक्रममा वाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले जनताका छोराछोरीलाई राम्रो वातावरणमा गुणस्तरीय शिक्षा प्रदान गर्ने उद्देश्यले २०४४ सालबाट सुरु भएको बाल विकास स्कूलले धेरै दक्ष जनशक्ति उत्पादन गरिसकेको अवगत गराउनुभयो।

सांसद गोसाईले विद्यालय परिवारको एकमनको एकताले विद्यालय आजको अवस्थामा आइपुगेको बताउँदै उहाँले विद्यालयलाई सकारात्मकरूपमा मार्गनिर्देशन गर्ने अग्रजहरूको भूमिका स्मरणीय रहेको बताउनुभयो।

शिक्षामा भक्तपुरलाई नमुना बनाउने अग्रजको सपना पूरा भएको बताउँदै उहाँले समाज परिवर्तन गर्ने उत्कट अभिलाषाका साथ बाल विकास स्कूल जनताको मन जितेर अगाडि बढ्न प्रतिबद्ध रहेको बताउनुभयो।

कार्यक्रममा वाग्मती प्रदेशसभा सदस्य सृजना सैंजुले शैक्षिक संस्थाहरू समाज र देशको भविष्य निर्माण गर्ने थलोको रूपमा रहेको बताउँदै बाल विकासका शिक्षकहरूलाई पनि राजनैतिकरूपमा शिक्षित गर्ने दबुको रूपमा अगाडि बढिरहेको बताउनुभयो।

कार्यक्रममा ख्वप कलेजका प्राचार्य प्रकाशकुमार श्रेष्ठ, इसानका अध्यक्ष प्रेमजन थापा, कोषाध्यक्ष उकेश कवांले पनि बोल्नुभयो। कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मोहन प्रजापतिले धन्यवादज्ञापन, विद्यालयका शिक्षिका सीता प्रजापतिले स्वागत मन्तव्य राख्नुभएको थियो भने शिक्षिका सुलोचना छ्वाजुले पनि बोल्नुभएको थियो।

उक्त कार्यक्रममा शिक्षक जयराम प्रजापतिले बाल विकास स्कूलको शैक्षिक अवस्था, विद्यार्थी र शिक्षकहरूको तथ्याङ्क, विभिन्न गतिविधि र विद्यालयको भावी कार्यक्रमबारे जानकारी दिनुभएको थियो।

# सिन्धुपाल्चोकमा स्तालिन र माओको दिवस मनाइयो

सिन्धुपाल्चोक। विश्व सर्वहारावर्गका महान् नेता जोसेफ स्तालिनको १४५ औँ जन्म दिवस र माओ त्सेतुङको १३० औँ जन्म दिवसको अवसरमा नेपाल मजदुर किसान पार्टीसँग आबद्ध युवाहरूको भेला सिन्धुपाल्चोकमा भयो।

उक्त कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य



कृष्णबहादुर तामाङले भन्नुभयो, "मजदुर र किसानले शासन सत्ता सम्हाल्ने, कामदार जनताले सुख पाउने, शान्ति पाउने, शोषणबाट मुक्ति पाउने बन्दोबस्त गर्ने कार्य स्तालिनले गर्नुभयो। मार्क्सवादी सिद्धान्तअनुसार लेनिनको नेतृत्व र स्तालिनको सहयोगमा सन् १९१७ मा रुसमा समाजवादी क्रान्ति भयो। समाजवादी व्यवस्था पुँजीवादीभन्दा उत्तम छ भन्ने स्तालिनले देखाइदिनुभयो; कृषिमा आधारित रुसलाई औद्योगिक देशको रूपमा परिणत गर्नुभयो।"

नेपाल मजदुर किसान पार्टीका वैकल्पिक केन्द्रीय सदस्य एनबीले भन्नुभयो, "जनवादी गणतन्त्र चीनले आज संसारका प्राय: सबै देशका जनतालाई सहयोग गर्ने कार्य गरिरहेको छ। समाजवादी देश चीनले गरेको विकास र समृद्धि समाजवादी व्यवस्थाको देन हो। विशेषगरी चीनमा जनवादी क्रान्तिको नेतृत्व गर्ने अध्यक्ष माओ त्सेतुङको बहुआयामिक व्यक्तित्वका कारण चीनको यो उन्नति सम्भव भएको हो। वर्तमान चीनको समृद्धि र विकासको आधारशिला अध्यक्ष माओले तयार गर्नुभएको हो।"

नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घका केन्द्रीय अध्यक्ष प्रकाश गुरुङले माओको योगदानबारे चर्चा गर्दै भन्नुभयो, "अध्यक्ष माओले चीनमा समाजवादी व्यवस्था लागु गरेपछि पनि शत्रुहरूले अनेक दु:ख दिए। अफिम युद्ध र बक्सर युद्धबाट चीन पराजित भएपछि साम्राज्यवादी पश्चिमा देशहरूले चीनलाई टुक्राटुक्रा गर्ने प्रयासलाई माओले असफल पारे। युवा कार्यकर्ता अनिल श्रेष्ठले स्तालिन र माओबाट सिकेर नेपालमा परिवर्तनको लागि युवाहरू लाग्न जरुरी छ भन्नुभयो। विद्यार्थी कार्यकर्ता सेमसल स्याङ्बोले माओ बाल्यकालदेखि नै अरुलाई सहयोग गर्ने स्वभावको हुनुहुन्थ्यो भन्नुभयो।

**कर्मचारीहरूमाझ पनि स्तालिन र माओ जयन्ती**

भक्तपुर। नेपाल कर्मचारी समाज



भनपा - ९ समितिको आयोजनामा १४५ औँ स्तालिन र १३० औँ माओ जन्मजयन्तीको अवसरमा बुधबार कर्मचारी भेला भयो।

उक्त भेलामा नेमकिपाका केन्द्रीय सदस्य रवीन्द्र ज्याख्वले मार्क्सवाद र लेनिनवाद सार्वभौम सिद्धान्त भएको बताउँदै परिवर्तनको निम्ति सङ्घर्ष गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो। उहाँले बाह्य र आन्तरिक परिस्थिति तयार भएपछि क्रान्ति सफल हुने विचार व्यक्त गर्दै क्रान्तिको परिस्थिति तयार नभएसम्म प्रतिक्रियावादी सङ्घ संस्थामा गएर जनताको सेवा गरिरहनुपर्ने विचार व्यक्त गर्नुभयो।

कानुन अध्ययन समाज नेपालका अध्यक्ष रामप्रसाद प्रजापतिले प्रतिक्रियावादी सङ्घसंस्थामा गएर नेमकिपाले जनताको सेवा गरिरहेको विचार व्यक्त गर्दै पुँजीवादी सरकार आफ्नो सत्ता टिकाउन कानुन बनाउँछ भने समाजवादीहरू जनताको सेवा गर्न र जनतालाई सजिलो पार्न कानुन बनाउँछन् भन्नुभयो। उहाँले युवाहरू विदेश पठाएर देश कमजोर पार्ने सरकारी कदमको निन्दा गर्नुभयो। उहाँले साइबर क्राइम, चेक बाउन्स, लेनदेन मुद्दा, विद्युतीय अपराध नियन्त्रण कानुन र बैंकिङ कसुरबारे प्रशिक्षण दिनुभयो।

नेपाल कर्मचारी समाज भनपा ९ समितिका अध्यक्ष रामकृष्ण प्रजापतिको सभापतित्वमा सम्पन्न कार्यक्रममा उपाध्यक्ष विकास प्रजापति र सचिव हरिकृष्ण दुवालले पनि बोल्नुभएको थियो।

# नेक्राशिसङ्घको आठबिस नगर सम्मेलन तयारी समिति गठन

दैलेख। नेपाल मजदुर किसान पार्टी तथा नेक्राशिसङ्घ आठबिस नगर समितिको संयुक्त भेला राकमको बखेकोट बजारमा शनिबार सम्पन्न भएको छ।

भेलाले नेमकिपाको ५० औँ पार्टी स्थापना दिवस विभिन्न क्रियाकलाप गरी वडा र नगरका विभिन्न स्थानमा साताव्यापीरूपमा मनाउने निर्णय गरेको छ। भेलाले कलमबहादुर सिजापतिको संयोजकत्वमा सात सदस्यीय नेक्राशिसङ्घको तेस्रो आठबिस नगर सम्मेलन तयारी समिति चयन गरेको छ।

भेलाले लोमनकुमार बडुवालको संयोजकत्वमा आर्थिक तथा टीकाराम कठायतको संयोजकत्वमा भौतिक व्यवस्थापन गर्ने गरी जिम्मेवारी सुम्पेको छ।

भेलामा नेमकिपाका जिल्ला समिति दैलेखका सदस्य सौरे कामी, नेमकिपा आठबिस नगर समिति अध्यक्ष जयबहादुर बडुवालले पार्टी कार्यकर्ताहरू इमानदार भएर देश तथा समाज उत्थानमा निरन्तर लाग्न कार्यकर्ताहरूलाई सुझाव दिनुभयो। भेलामा नगरभित्रका शिक्षक र पार्टी कार्यकर्ताहरूको सहभागिता थियो।

# सिद्धान्तहीन पार्टीको पछि लाग्नु गलत

काठमाडौँ। नेपाल मजदुर किसान पार्टी कीर्तिपुर नगर समितिको आयोजनामा 'श्रमिक' र 'मजदुर' पत्रिकाको अध्ययन गोष्ठी पाँगामा सम्पन्न भयो।

गोष्ठीमा नेमकिपाका केन्द्रीय सदस्य नारायण महर्जनले सिद्धान्तहीन पार्टीको पछि लाग्नु गलत बाटो हुने धारणा राख्नुभयो।

"राजनीतिक पार्टीहरू कुनै न कुनै दर्शनबाट प्रभावित हुनुपर्छ। राजनीतिक पार्टीले दर्शन र सिद्धान्त आत्मसात गरी परिवर्तनको गन्तव्यमा पुग्ने लक्ष्य लिएको हुन्छ। तर, देशका शासक पार्टीहरू सिद्धान्तमा च्युत भएकाले नेपाली जनता दु:ख भोग्न विवश छन्", उहाँले भन्नुभयो।

उहाँले राष्ट्रियसभाको निर्वाचनमा पार्टीले उम्मेदवारी दिएको जानकारी दिनुभयो।

अविरमान महर्जनको सभापतित्वमा भएको उक्त कार्यक्रममा विन्दिरा महर्जन, अशोक डंगोल, कान्छाबाबु महर्जनले 'श्रमिक' र 'मजदुर' पत्रिकामा प्रकाशित आलेखबारे आआफ्नो धारणा राख्नुभएको थियो।

**नेमकिपा...**

पुस्तकमा "तराई एक उपेक्षित क्षेत्र" शीर्षकमा भारतको साप्ताहिक पत्रिका 'दिनमान' ले छापेका पूर्वाग्रही लेख आफैंमा दक्षिण सिमानामा भारतीय शासकवर्गको उपद्रोहको एउटा दृष्टान्त हो। साम्प्रदायिक र क्षेत्रीय सङ्कीर्णताले भरिएको उक्त लेखलाई नेता बिजुक्छेँले "के तराई एक उपेक्षित क्षेत्र हो ?" भन्दै खण्डन गर्नुभएको छ। वर्गीय समाजको वास्तविक स्थिति लुकाउन या देशमा भइरहेको वर्गसङ्घर्ष फुटाउन शासकहरू जातीय र साम्प्रदायिक मुद्दा उछाल्छन्। कुनै क्षेत्र या समुदायभन्दा पनि कामदारवर्ग उपेक्षित र अपहेलित हुन्छन्। राजनीतिमा क्षेत्रीय, जातीय मुद्दाले फासीवादको जन्म दिन्छ। कामदार जनताको भलो गर्न वर्गीय मुद्दा र सङ्घर्ष आवश्यक छ भन्ने विचार का.रोहितको हो।

नेपाल भारत सम्बन्धमा देखापरेका गलत समझदारीहरू र सही समाधानका उपाय पुस्तकले दिन्छ। भारत बेलायती साम्राज्यवादबाट स्वतन्त्र भएको सात दशक नाघिसक्दा पनि दक्षिण एसियामा भारतको औपनिवेशिक र विस्तारवादी मानसिकता उही छ। पुस्तक लेख्छ -"सुगौली सन्धी र गोर्खा भर्ती नै नेपाली राष्ट्रको मुटुको किला हो। तर, बेलायती साम्राज्यवाद भारतबाट गइसक्दा पनि 'स्वतन्त्र भारत' का शासक वर्गले आफ्नो छिमेकी देशहरूमाथि बेलायती उपनिवेशवादी नीतिलाई नै लागु गर्दै गयो।"

थुप्रै असमान सन्धि सम्झौता नेपाल र नेपाली जनताका निम्ति अभिशाप सिद्ध भएका छन्। भारतीय शासक वर्गको थिचोमिचो, उपनिवेशवादी मानसिकताविरुद्ध उठेका सङ्घर्षलाई जात विशेषको असन्तुष्टि ठान्नु सङ्कीर्णताको पराकाष्ठा नै हो। भारतका नेपालविद् श्रीमद नारायणको यस्तै सङ्कीर्ण विचारविरुद्ध पुस्तक लेख्छ - "नेपाली जनताको भारतीय एकाधिकार पुँजीविरोधी सङ्घर्ष जातिवादी होइन बरु उपनिवेशवाद विरोधी सङ्घर्षकै एक रूप हो जसको मुख्य कारण जाति विशेष होइन, आर्थिक र राजनीतिक हो।" पुस्तक थप लेख्छ –"नेपालमा कम्युनिस्ट पार्टी स्थापना हुनुमा चीनको भन्दा भारतीय कम्युनिस्ट पार्टीको बढी हात छ।" नेपालमा माओवादीहरूको गतिविधिलाई चीनको उक्साहट देख्नु गलत मात्र होइन ढोङ्गी पनि हो। भारत दक्षिण एसियामा साँढे जस्तै बसेको छ। एसिया कब्जा गर्ने उसको नियत साम्राज्यवादी नीति हो। अन्य कमजोर देशमाथि दमन गर्ने र साम्राज्यवादतर्फ लम्किरहेको विस्तारवादी भारत नेपाली र दक्षिण एसियाली जनताको शत्रु हो भन्नेमा अब कुनै सन्देह छैन।

नेमकिपाले निरन्तर राष्ट्रिय अर्थात् देशभित्रका प्रतिक्रियावादीहरूसँग लड्दै ४९ वसन्त पार गर्दै छ। पञ्चायती व्यवस्था, राजतन्त्र, पुँजीवादी व्यवस्थाविरुद्धको सङ्घर्षसँगै भारतीय विस्तारवाद तथा एकाधिकार पुँजी, बेलायती, अमेरिकी साम्राज्यवाद विरोधी सङ्घर्षलाई पनि अघि बढायो। राष्ट्रियदेखि अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनमा देखापरेका खोटा विचारहरूको सटिक विश्लेषण र खण्डन गर्दै नेपाली जनताको पक्षमा उभिने नेमकिपाको ५० औँ स्थापना दिवसको सबैमा शुभकामना। नेपालको राजनीतिमा निष्ठा, इमानदारी र कम्युनिस्ट सिद्धान्तको राजनीति हुर्काउने नेमकिपाको स्थापना दिवस नेपाली कामदार जनताको उत्सव हो।

# त्याग र समर्पणबिना ठूलो परिवर्तन हुन नसक्ने

भक्तपुर। विश्व कम्युनिस्ट आन्दोलनका महान् नेताहरू स्तालिन र माओ त्सेतुङको जन्म दिवसको अवसरमा नेपाल मजदुर किसान पार्टी, भक्तपुर वडा नं १० एकाइ समितिले मङ्गलबार एक कार्यक्रमको आयोजना गरेको छ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य सरोजराज गोसाईले माओ त्सेतुङको नेपालप्रतिको सदासय तथा उदार मनको कारण सगरमाथाबारेको सीमा विवाद सजिलोसँग टुङ्गिएको विचार राख्नुभयो। उहाँले माओका छोरा कोरिया युद्धमा सहिद भएको र श्रीमती याङ काइहुई जापानी उपनिवेशवादविरोधी युद्धमा सहिद भएको सन्दर्भ उल्लेख गर्दै त्याग र समर्पणविना ठूल्ठूलो परिवर्तन हुन नसक्ने धारणा राख्नुभयो।

केन्द्रीय सदस्य गोसाईले अरूको आवश्यकता, सेवा तथा सुविधाबारे चिन्ता गर्ने मानिसले नै समाजवादी समाजको जग हाल्ने विचार राख्दै समाजवादी समाजमा महिला स्वतन्त्र तथा सुरक्षित हुन्छन् भन्नुभयो।

भनपा १० का वडाध्यक्ष लक्ष्मीप्रसाद ह्योंमिखाको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा पार्टी वडा समिति अध्यक्ष लक्ष्मीप्रसाद चवाल, सुनिल दुवाल, बिकुराम तजले पनि बोल्नुभएको थियो।

# मार्गनिर्देशनबारे भाइबहिनीलाई चिठी–७

✍ हरिबहादुर श्रेष्ठ

### पुरातत्त्व

**भाइ राजु र बहिनी दीपा,**

विद्यालय, महाविद्यालय र विद्यार्थीहरूकै आयोजनामा भएका मार्गनिर्देशन कार्यक्रमहरूको विषयमा तिमीहरूले लेखेका छौ। पत्रमा पुरातत्त्व, चित्रकला वा ललितकला, वन-विज्ञान, सूचना प्रविधि, नर्सिङ, रोग विज्ञान (प्याथोलोजी) आदि विषयका पनि कुरा उठाएका रहेछौँ। ती विषयमध्ये पुरातत्त्व अध्ययन गर्ने व्यक्तिहरू एकातिर सार्‍है कम छन् भने केहीले अध्ययन गरे पनि गहिराइमा जानुभन्दा संस्कृति मन्त्रालयअन्तर्गतको पुरातत्त्व विभाग, स्मारक संरक्षण तथा दरबार हेरचाह अड्डा र केही सङ्ग्रहालयमा हाकिम हुने वा काम पाउने उद्देश्यले मात्र पढ्ने गर्छन्। त्यस क्षेत्रमा पनि केही हाकिमहरू मर्मत सम्भार, संरक्षण कार्य तथा निर्माण कार्यमा भ्रष्टाचार गरेर साह्रै बदनाम भएका हुँदा राम्रा मानिसहरू पुरातत्त्व विभाग र त्यससम्बन्धी कार्यालय भन्नासाथै नाक खुम्च्याउँछन्। केही मानिस पुरातत्त्व विभागलाई पुराना मूर्तिहरू विदेश पठाउन सिफारिस गर्ने भन्सार विभागसमेत भन्छन्। त्यस्तै, संयुक्त राष्ट्र सङ्घीय शैक्षिक, वैज्ञानिक र सांस्कृतिक सङ्गठन (युनेस्को) लाई छली खानेहरूको गिरोह नै पुरातत्त्व विभाग हो भनेर कतिपयले आरोप पनि लगाउँछन्। सम्भवतः ती आरोपहरू सत्य नहोलान् किनभने २-४ जना खराब मानिस जहाँ पनि हुन्छन्। त्यसमा पुरातत्त्व विभाग पनि अपवाद होइन।



नेपालका पुरातात्त्विक स्थलहरू

त्यसो त भक्तपुर नगरपालिकाले ५५ झ्याले दरबार जीर्णोद्धारबारे तयार पारेको अध्ययन प्रतिवेदनको नाममा युनेस्कोबाट पठाइएको हजारौँ डलर कसले खायो भनी नगरपालिकाले बारम्बार प्रश्न गर्दै छ तर युनेस्को र पुरातत्त्व विभाग मौन छन्। त्यस्तै, निर्वाचित जनप्रतिनिधि रहेसम्म पुरातत्त्व विभाग ५५ झ्याले दरबार जीर्णोद्धार गर्न र पुरानै शैलीमा ल्याउन तयार भएन। यो पनि रहस्यकै विषय हो। ती त भए पुरातत्त्व विभागका अँध्यारा पक्ष। तर, हाम्रो विषय हो - पुरातत्त्व विज्ञानको उज्यालो पक्ष।

हो, तिमीहरूले भनेजस्तै पारदर्शिताको प्रश्न निश्चय पनि एउटा समस्याको रूपमा सरकारी कार्यालयहरूमा छ। त्यो अर्कै विषय हो तर देशका विभिन्न क्षेत्रमा नेपाली सभ्यता र इतिहासबारे उत्खनन र अनुसन्धान गर्नुपर्ने विषय धेरै छन्; त्यसको निम्ति श्रमशक्तिको कमी अनुभव गरिँदै छ। टाढा किन जाने, राजधानीकै काठमाडौँ, पाटन र भक्तपुरलाई 'येँ', 'यल' र 'खोप' वा 'ख्वपः' भनिन्छ। ती कुन भाषाका नाम हुन्; तिनको अर्थ के हो; ती ठाउँका किराँतकाल र लिच्छविकालका सबै स्मारकहरू जानकारीमा आइसकेका छैनन् वा उत्खनन गर्न बाँकी नै छ। सारमा माटोमा पुरिएका पुराना वस्तुहरूको आधारमा प्राचीन इतिहासको अध्ययन गर्ने शास्त्र नै पुरातत्त्व विज्ञान हो।

भनिन्छ, काठमाडौँको बलम्बु गाविस किराँत राजा बलम्बले स्थापना गरेका हुन् र काठमाडौँ पनि पहिलो किराँत राजा यलम्बरले निर्माण गरेका हुन्। यस्ता अनेकौँ स्थल र स्थानबारे वर्षौँसम्म अध्ययन गरी जानकारीहरू खोजबिन गर्न सयौँ-हजारौँ विशेषज्ञ आवश्यक छन्। चीनले आफ्ना विभिन्न कालका स्मारकहरू उत्खनन गरेर पुराना धेरै विषयमा जानकारी हासिल गरी आकर्षणका केन्द्रहरू खोलेको छ भने मिश्र, पाकिस्तान, भारत, रोम र ग्रीसले पनि पुराना स्मारकहरू उत्खनन तथा संरक्षण गरेर मानव सभ्यतामा त्यहाँका जनताको योगदानमाथि प्रकाश पारी मानव जातिकै सिर्जनशीलतालाई उजिल्याउने काम गर्दै छन्।

नेपाल पनि एक प्राचीन र पूर्वी सभ्यताकै एक अङ्ग भएको हुँदा नेपाल र नेपाली जनताले विश्वको मानव सभ्यता र संस्कृतिमा दिएको देनबारे प्रकाश पार्ने काम गर्नु प्रकारान्तरले स्वयम् मानव जाति र भविष्यको सेवा गर्नु हुनेछ। यसकारण, विद्यार्थी भाइबहिनीहरूले पुरातत्त्व विज्ञान विषय लिएर अध्ययन गरेमा लाखौँ लाख मानिसले अत्यन्त मिहिनेत गरेर विकास गरेका पुराना सभ्यताको गर्भभित्र लुकेका अनेक रहस्यहरू उद्घाटन हुनेछ। यसरी यो आफैमा अत्यन्त रोचक विषय हो भनी मानिसहरूलाई जानकारी दिनु आवश्यक छ। त्यसको निम्ति विभिन्न विदेशी भाषा, संस्कृत भाषा, इतिहास, रसायनशास्त्र, नृवंशशास्त्र, जीवशास्त्र तथा भौतिकशास्त्रहरूको समेत अध्ययन गर्नु जरुरी हुन्छ। म आशा गर्छु, भाइबहिनीहरूको ध्यान यस विज्ञानमा जानेछ।

### मूर्तिकला र चित्रकला

मूर्तिकला र चित्रकला (फाइन आर्ट) मा नेपाल संसारका गनिएका देशमध्ये पर्छ। भित्तेचित्र र पौभा कलाले आज पनि कलाप्रेमीलाई उत्साह प्रदान गरिरहेका छन्। चित्रकला र मूर्तिकला प्राचीन समाजका मानिसहरूका जीवनका अनेक क्रियाकलापलाई सुसूचित गर्ने माध्यम बनेका छन्। पहिलेका मानिसहरूको गतिविधि र सम्पूर्ण समाजकै प्रतिविम्ब भित्तेचित्र र गुफाहरूमा कुँदिएका चित्रहरूले दिँदै छन्। त्यस्तै, त्यसबेलाका सौन्दर्य, सीप र जानकारीलाई मूर्तिको रूप दिएर त्यस युगले आजसम्म मानव जातिलाई अमूल्य निधि र सम्पदा प्रदान गरिरहेको छ। कति मूर्ति र चित्रहरूले प्रतीकको काम गरेर सबै युगका मानिसका मन र मस्तिष्कलाई सदा उर्वर बनाइरहेकै छन्। एक-एक चित्र र एक-एक मूर्तिले त्यस युगबारे धेरै लामा-लामा सूचना र कथा बताउँछन्।



नेपालको मुस्ताङमा भेटिएको प्राचीन गुफाचित्र

मानिसहरूलाई जसरी पुच्छर नभएको बाँदरको सिलसिला हो भनी जीव वैज्ञानिक र मानवशास्त्रीहरू बताउँछन्, त्यस्तै आजको उत्कृष्ट चित्रकला र मूर्तिकलामा प्राचीन सीप एवम् शैलीको प्रकट र अप्रकट रूपमा प्रभाव परिरहेको हुन्छ। नेपालको पनि चित्रकला र मूर्तिकलामा आफ्नै परम्परा र विशेषता छ। यसबारे देश र विदेशका अनेक कलाकारहरू चिन्तन-मनन र अभ्यासमा लागेका छन्।

भौतिक प्रगतिमा समाज जतिसुकै अगाडि बढे तापनि मन र मस्तिष्कलाई आनन्द प्रदान गर्न वा मनलाई खुशी पार्न मानिस कलाकै शरणमा पर्छन्। वास्तुकला पनि नेपाल र नेपाली जनताले उत्कृष्टता प्राप्त गरेको क्षेत्र हो। तर, आज त्यस विषयलाई इन्जिनियरिङको एक हाँगाको रूपमा विकास गरिँदै छ। हाम्रा सुन्दर मठ-मन्दिरहरू हाम्रै प्राचीन वास्तुकलाका नमुना हुन्। सयौँ वर्षपछि पनि ती धरोहरले हामीलाई प्रेरणा प्रदान गर्दै छन्। हो, धातुको मूर्ति र रङ्गीन चित्रले कलाकारको चमत्कार दर्शाउने मात्रै होइन, धातु र रङले त्यसबेलाको भौतिक र रासायनिक प्रगतिको पनि दिग्दर्शन गराउँछ।

सङ्गीत र नाचगान पनि मानव सभ्यताकै एक अङ्ग हुन्। भाषाको विकास नहुँदै हाउभाउ वा अभिनयबाट मानिसहरू आ आफ्ना भावना अभिव्यक्त गर्थे। मौन नाच र मुकुन्डो नाच त्यसैको सिलसिला हुन्। देवी नाच, महाकाली नाच, भैरव नाच वा नवदुर्गा नाच यसका उदाहरण हुन् भने रुसको ब्याले र चीनको पेकिङ अपेरा प्राचीन नाचकै विकसित र सुसंस्कृत रूप हुन्। यसैगरी शास्त्रीय नाचहरूले आज विविधता प्राप्त गरेका छन्। यसको प्राचीन रूप र आधुनिक स्थितिलाई अध्ययन गरेर भविष्यमा एउटा सुन्दर र स्वस्थ नृत्यको सिर्जना गर्न पनि भाइबहिनीहरूले यसको अध्ययनको महत्त्वलाई बुझ्नु आवश्यक छ।

दुःख र पीडामा मानिसहरू क्रन्दन र चित्कार गर्छन् भने खुशीको अभिव्यक्ति ठूल्ठूलो स्वरले हाँसेर गर्छन्। वनमान्छेहरू पनि नेपालको मुस्ताङमा भेटिएको प्राचीन गुफाचित्र आफ्ना प्रतिद्वन्द्वीसँग छाती पिटेर, खुट्टा बजारेर हुँकार गर्छन्। त्यसै सिलसिलाको रूपमा आज मानिसहरू रिस र इर्ष्या अभिव्यक्त गर्छन्। श्रम, दुःख, सुख, रिस, अहङ्कार र विविध भावनाले मानिसलाई भाषा बोल्न कुत्कुत्याएको हुनुपर्छ। भाषाको सरल विकासले नै सङ्गीतलाई आजको शिखरमा पुर्‍यायो। रूप, रङ र भाषा फरक भएझैँ बाजागाजा, नाचगान पनि देश र महादेश तथा जात र जनजातिअनुसार फरक-फरक छन्। यो नै सम्बन्धित क्षेत्रको सम्पन्नता हो।

समाजमा दयालु, मायालु, उदार, कन्जुस, सज्जन, रिसाहा, गुनिला र बैगुनी मित्र एवम् दुष्टहरू हुन्छन्। भाषाको अभिव्यक्ति आउनुभन्दा पहिले रङ र आकारले नाचमा तिनीहरूको प्रतीकको निर्माण भयो। ठाउँ र समाजअनुसार सेतोले राम्रो, हरियोले गुनिलो, रातोले रिसाहा, पहेँलोले दयालु, कालोले दुर्जनजस्तै विभिन्न रङ अनेक गुणका प्रतीक हुन्छन् तथा रङअनुसार सौम्य, हँसिलो र डरलाग्दो मुकुन्डोले फरक-फरक अभिव्यक्ति दिन्छन्। यही कुरा आजको चित्रकलाको रङ, नाटकका पात्रहरूको रूप र लुगाको रङले समेत प्रतिबिम्बित गर्छन्।

कोर्रा हातमा लिएको तथा सुरुवालको तलको भाग कस्सिएको पात्र पर्दामा देखिनुको अर्थ घोडचढी हुन्छ भने चीनको गीति नाटक (पेकिङ अपेरा) मा अरूभन्दा फरक गीतले मनको भावना अभिव्यक्त गर्छ। नवदुर्गा नाचमा मुकुन्डो पात्रहरूको भावना र संवाद बाजा बजाउने उजाजू वा गुरुले गर्छन्।


युजो पोट्टर

यस्ता मानवीय जीवनलाई लयात्मक ढङ्गले विश्लेषण गर्न र नयाँ युगको अभिव्यक्ति दिन चित्रकला, मूर्तिकला, नाचगान, बाजागाजाको अध्ययन गर्नु अत्यन्त रोचक हुन्छ। विदेशका विद्यार्थीहरू पनि बिस्तारै ती विषयहरू नेपालमा अध्ययन गर्न आउँदै छन्। काठमाडौँ विश्वविद्यालयको सङ्गीत कक्षा छ भने त्रिभुवन विश्वविद्यालयको ललितकला कक्षा पहिलेदेखि नै चालु छ। तर, ललितकला महाविद्यालय सरकारको आँखामा परेको छैन।

समाजको परिवर्तन र क्रान्तिमा समेत नाचगान, सांस्कृतिक कार्यक्रम, चित्रकला एवम् मूर्तिकलाले ठूलो योगदान पुर्‍याएको हुन्छ। संसारका मजदुर र कम्युनिस्टहरूलाई एक सूत्रमा बाँध्ने युजेँ पोट्टरको 'अन्तर्राष्ट्रिय गीत' यसको उदाहरण हो भने आन्दोलनका चित्रकलाहरूले सारा जनमानसको ध्यान आकर्षित गर्छन् र त्यस अभियानमा सहभागी हुन प्रेरित गर्छन्।

मजदुर र किसानहरूलाई गर्ने शोषण, ऐतिहासिक सङ्घर्ष र क्रान्तिकालीन अनेक घटनाहरू, वीर गाथाहरू, चित्र र मूर्तिका स्मारकहरू सङ्ग्रहालयमा प्रदर्शित गरिएका हुन्छन्। चीन, कोरिया र अन्य समाजवादी देशमा यस्ता उदाहरण धेरै देख्न सकिन्छ।

### साहित्य

आँखाले हेरेर, छामेर र कानले सुनेर बुझ्ने माथिका कलाका विधाहरू भए भने साहित्यिक फाँटमा कविता, कथा, उपन्यास, नाटक, निबन्ध आदि विधा वा हाँगाबिँगाले अरू विस्तृतरूपले मन छुने ढङ्गले बयान गर्छन्। भाषाको सम्पन्नतामा साहित्यको भूमिका हुन्छ भने सम्पन्न साहित्यले देशमा परिवर्तनको बिगुल बजाउँछ। जुन भाषाको साहित्यले देशको समसामयिक चिन्तनको अगुवाइ गरेको हुन्छ, ती देशमा युगान्तकारी परिवर्तनको अगुवाइ भएको देखापर्छ।

सम्पन्न अङ्ग्रेजी भाषाको दार्शनिक र राजनीतिक साहित्यले संसारमा सबभन्दा पहिले बेलायती पुँजीवादी क्रान्ति तथा अमेरिकी स्वतन्त्रताको बिगुल फुक्यो। सम्पन्न फ्रान्सेली साहित्यकै कारण युरोपमा उथलपुथल गर्ने फ्रान्सेली राज्य क्रान्ति भयो। रुसी साहित्यकै कारण संसारलाई हल्लाउने समाजवादी क्रान्ति रुसबाटै सुरु भयो। एसियालाई नै जगाउने चीनको मुक्ति युद्धमा प्राचीन सम्पन्न चिनियाँ साहित्यले योगदान गर्‍यो। यसकारण, भाइबहिनीहरूले विभिन्न भाषा र साहित्य अध्ययनमा पनि लाग्न साथीभाइलाई उत्साहित गर्नु मनासिब होला।

### नर्सिङ सेवा र प्रयोगशालाका प्रविधिहरू

आजकल संयुक्त परिवार पूर्णरूपले नटुटिसकेको र नयाँ युगल परिवारले आकार लिइनसकेको सङ्क्रमणको बेला घर-घरमा ज्येष्ठ नागरिक (६०-६५ वर्ष नाघेका) बाबु-आमा र हजुरबुबा-हजुरआमाहरू हेरचाहको अभावमा दिनभरि भोकभोकै रहन्छन् भने कसैले समय-समयमा कोल्टे फेर्न लगाउने सेविकाहरू (नर्स) को अभावमा जिउभरि घाउ भएर पीडा भोगिरहेका छन्। देशमा अस्पताल, स्वास्थ्य केन्द्र र घरघरमा हेरचाह गर्ने नर्सहरूको खाँचो छ तर विदेशमा नर्स पठाउने उद्देश्यले निजी नर्सिङ क्याम्पस खोलेर डलर कमाउने व्यवसाय पनि गरिँदै छ।

त्यतिमात्रै होइन, प्राविधिक शिक्षा र व्यावसायिक तालिम परिषद् (सीटीइभीटी) ले समेत सार्वजनिक नर्सिङ क्याम्पसलाई हतोत्साहित गर्ने उद्देश्यले शुभलाभको आधारमा कमसल खालका नर्स उत्पादन गर्ने निजी क्याम्पसहरूलाई प्राथमिकता दिँदै छ। विदेशीहरूको निम्ति सस्तो प्राविधिक ज्यामी तयार गराउने उद्देश्यले नै सीटीइभीटीको स्थापना भएको हो कि भन्ने शङ्का बढ्दै छ - किसानलाई भैँसी पाल्न दिई दूध पसलले फाइदा उठाएजस्तै।

(हालै सरकारले १०० बेडको आफ्नै अस्पताल नभएका नर्सिङ कलेज बन्द गर्ने नियम ल्याएकोले अनमी र स्टाफ नर्समा ७३ नर्सिङ क्याम्पस, १३७ प्रि-डिप्लोमा, १० वटा बीए नर्सिङ कलेज, ८ वटा बीएस्सी नर्सिङ कलेज बन्द हुँदा ३८८० जना छात्र-छात्राहरू नेपालका सीमावर्ती भारतीय सहरमा खुलेका झन्डै १०० भन्दा बढी नयाँ नर्सिङ कलेजमा भर्ना भएको खबर छ।)

बेलायत पहिलो पुँजीवादी वा विकसित देश हो। त्यहाँ अहिले वर्षको २५ प्रतिशत नर्सहरू अवकाश प्राप्त गर्दै छन्। २० हजार नर्सहरूले तालिम प्राप्त गर्छन्। विभिन्न कारणले ३५ हजार नर्सहरूले नर्सिङ पेशा छोड्दै छन्। फिलिपिन्स, दक्षिण अफ्रिका, भारत वा अन्य देशहरूबाट गत वर्ष बेलायतमा १४ हजार नर्सहरू पुगेका थिए।



नर्सको सम्मानमा सोभियत पोस्टर

यो वर्ष ११ हजार ५ सय नर्स मात्र त्यहाँ पुगे।

विकसित देशहरूमा नर्स पुर्‍याउने उद्देश्यले पनि सीटीइभीटी र नर्सिङ परिषद्का पदाधिकारीहरूले आफ्नो देशको निम्ति होइन गल्लावाला र म्यानपावर कम्पनीहरूले ज्यामी पठाएजस्तै विदेश पठाई पैसा कमाउन वा कमिसनको लागि निजी क्याम्पसहरू खोल्दै छन् भन्ने गुनासो व्यापक छ।

सस्तोमा नर्सिङ पढाउने क्याम्पसलाई हतोत्साहित गरी नाफामुखी र महँगो शुल्क लिई पढाउने क्याम्पसको पक्ष लिई सीटीइभीटीले पक्षपात र भ्रष्टाचार गरेको होहल्ला भाइबहिनीहरूले पनि सुनेकै होला!

नेपाली जनताकै सेवाको निम्ति नर्सिङ क्याम्पसहरूको आवश्यकता अनुभव गरिएको हो। नेपालका नर्सहरू विदेशमा पनि सेवा गर्न जानु अस्वाभाविक ठहरिन्न। तर, आफ्ना स्वास्थ्यकर्मीहरू विदेश पुग्दा देशको स्वास्थ्य सेवा बर्बाद भएका देशहरू धेरै छन्। हाम्रो देशमा यस्तो स्थिति नहोस् भनी हामीले अहिलेदेखि नै कामना गर्नुपर्छ।

रोग पत्ता लगाउन दिसा, पिसाब, रगत, खकार र अन्य आवश्यक वस्तुको परीक्षण प्रयोगशालामा गर्नुपर्ने हुन्छ। त्यस्ता परीक्षण गर्ने कामदारहरूलाई 'प्रयोगशाला प्राविधिक' (ल्याब टेक्निसियन) भनिन्छ। तिनीहरूको जाँचको रिपोर्ट अध्ययन गरेर नै डाक्टर वा चिकित्सकले रोगको निदान गर्छन् र उपचार सुरु गर्छन्।

कतिपय 'प्रयोगशाला प्राविधिक' शिक्षित गर्ने तालिम केन्द्र वा कलेजहरूले गम्भीरतापूर्वक श्रमशक्ति तयार नगर्दा ती प्राविधिकले गलत ढङ्गले परीक्षण प्रतिवेदन वा रिपोर्ट दिन्छन् वा तिनीहरूको बेवास्ताले गर्दा रोगीहरूको जाँच रिपोर्ट उल्टोपाल्टो पर्छ। यसरी रिपोर्ट नै झूटो हुँदा चिकित्सकहरूको रोगको निदान र उपचार नमिल्दा रोगीहरूले धेरै दुःख पाएका गुनासाहरू सुनिन्छ।

वास्तवमा ती प्राविधिकहरू अत्यन्त आवश्यक जनशक्ति हुन् तर तिनको तयारीमा भएको 'शुभलाभ' र बेवास्ताले गर्दा जिउ-धनको धेरै क्षति हुने सम्भावना बढ्दै छ। यसकारण, इमानदारीपूर्वक अध्ययन गर्ने, मिहिनेती र जेहेनदार भाइबहिनीहरूलाई ती विषयहरू अध्ययन गर्न घचघच्याउनु पनि त्यत्तिकै आवश्यक छ।

# नेपाल मजदुर किसान पार्टीको सातौँ अधिवेशनको पाँचौँ (३५औँ) केन्द्रीय परिषद्‌बाट पारित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रस्तावहरू

**(२०८० पुस २७ र २८ गते)**



## राष्ट्रिय प्रस्ताव

- नेपालका विश्वविद्यालयहरूमा उपकुलपतिलगायतका पदहरूमा शासक दलहरूको भागबन्डा भइरहँदा शिक्षाको स्तर कमजोर तथा शैक्षिक गतिविधि अस्तव्यस्त भइरहेको छ । खुला प्रतिस्पर्धाको माध्यमबाट त्रिभुवन विश्वविद्यालयको उपकुलपति नियुक्ति गरिने भनिए पनि उपकुलपति छनोट समितिमा शिक्षा मन्त्री, शिक्षा सचिव र शासक दलनिकटको उपप्राध्यापक नियुक्त गरिएका छन् । संवैधानिक आयोगका पदाधिकारी, उपकुलपतिहरू अन्य नियुक्तिहरू सम्बन्धित क्षेत्रमा निर्वाचन गराउने व्यवस्था गर्न सरकारको ध्यानाकर्षण गराउँदछौँ ।
- नेपाल-भारत संयुक्त आयोगको २०८० पुस १९ गते सम्पन्न सातौँ बैठकको सिलसिलामा नेपाल-भारतबिच 'नेपालस्थित भारतीय राजदूतावासले नेपालमा २० करोड रुपियाँसम्मको परियोजना सिधै सञ्चालन गर्न पाउने' व्यहोराको सम्झौता नेपालको सार्वभौमिकता, स्वतन्त्रता तथा स्वाभिमानविरुद्ध छ । सम्झौताको प्रतिलिपिसमेत सार्वजनिक नगरेर माओवादी नेतृत्वको सरकारले थप देशघात गरेको छ । तसर्थ, उक्त सम्झौता तत्काल खारेज गर्न नेमकिपा जोड दिन्छ ।
- भारतीय विदेशमन्त्री एस जयशङ्करको नेपाल भ्रमणको सिलसिलामा नेपाल र भारतबिच २०८० पुस १९ गते भएको सम्झौतामा आगामी १० वर्षमा नेपालले १० हजार मेगावाट बिजुली भारत निर्यात गर्ने उल्लेख गरिएको छ । नेपालले वर्षको अर्बौं रुपियाँ बराबरको खनिज ग्यासमात्र भारतसँग खरिद गर्दछ । सन् २०२५ सम्ममा नेपाललाई १८ हजार मेगावाट बिजुली आवश्यक हुने कुरा सरकारी प्रतिवेदनहरूमा उल्लेख गरिएको छ । हाल नेपालको बिजुली उत्पादन क्षमता २७ सय मेगावाटमात्र छ । नेपालीको बिजुली नेपाललाई नपुगेको बेला भारतलाई १० हजार मेगावाट बिजुली दिने उक्त सम्झौता खारेज गर्न यो परिषद् सरकारको ध्यानाकर्षण गराउँदछ ।
- नेपाली भूमि डुबानमा पर्ने गरी भारतले नेपालको सीमामा अन्तर्राष्ट्रिय कानुनविपरीत एकतर्फी बनाएको रसियावाल खुर्दलोटन बाँध, महलीसागर बाँध, लक्ष्मणपुर बाँध तत्काल भत्काउन जरुरी भएको हुँदा आवश्यक पहल गर्न यो परिषद् सरकारको ध्यानाकर्षण गराउँदछ ।
- सरकारहरू कृषिप्रधान देश भएको दाबी गर्छन् तर वर्षको खर्बौं रुपियाँको विषादी भएको तरकारी, फलफुललगायत खाद्य वस्तुहरू तथा दाल, चामलसमेत भारतबाट आयात गर्छन् । देशमा रासायनिक मल कारखानाको स्थापना, कृषियोग्य भूमिमा सिँचाइको व्यवस्था र उन्नत जातका बीउबिजनको बन्दोबस्त गरी कृषिमा आत्मनिर्भर बनाउन यो परिषद् सरकारको ध्यानाकर्षण गराउँदछ ।
- नेपाली युवाहरूलाई आ-आफ्नो घरखेत बेच्न लगाएर वैदेशिक रोजगारीको नाममा बहुराष्ट्रिय कम्पनीको सस्तो ज्यामी बनाउने काम अविलम्ब बन्द गरी स्वदेशमा रोजगारीको व्यवस्था गर्न, मानव बेचबिखन र ठगीमा संलग्न अपराधीहरूलाई कडा कारबाही गर्न यो परिषद् सरकारको ध्यानाकर्षण गराउँदछ ।
- नेपालको हितविपरीतका कोशी, गण्डक, महाकाली, माथिल्लो कर्णाली, मुगु कर्णाली, अरुण तेस्रो, तल्लो अरुण, अरुण चौथो, पश्चिम सेती, सेती नदी १, फुकोट कर्णाली, पञ्चेश्वरबारे भारतसँग भएको सन्धि सम्झौता खारेज गरी नेपालकै लगानीमा पर्याप्त जलविद्युत् उत्पादन गरी नेपाली जनताको लागि घरेलु प्रयोजन, कृषि, उद्योग, यातायातसमेतमा पुग्दो बिजुली सस्तोमा उपलब्ध गराउन र खाना पकाउने ग्यास र अन्य इन्धन आयात घटाउन यो परिषद् सरकारको ध्यानाकर्षण गराउँदछ ।
- नेपाली भूमि कालापानी कब्जा गरी बसेको भारतीय सेनालाई तत्काल हटाउन र ७१ भन्दा बढी ठाउँमा भारतीय विस्तारवादले अतिक्रमण गरेको ६० हजार हेक्टरभन्दा बढी नेपाली भूमि अविलम्ब फिर्ता ल्याउन यो परिषद् सरकारको ध्यानाकर्षण गराउँदछ ।
- नेपालको करिब २३ खर्ब रुपियाँभन्दा बढी सार्वजनिक ऋण र २० खर्ब रुपैयाँभन्दा बढी व्यापार घाटा पुऱ्याउने तथा बेरुजु पनि १० खर्ब रुपैयाँभन्दा बढी पुऱ्याउने सम्बन्धित सबै दोषीहरूलाई कारबाही गर्न यो परिषद माग गर्दछ र पञ्चायत शासनदेखि हालसम्मका प्रधानमन्त्री र मन्त्री भएकाहरूको सम्पत्ति छानबिन गरी दोषीलाई हदैसम्मको कारबाही गर्न यो परिषद् जोड दिन्छ ।
- संसदीय समितिले स्थलगत अध्ययन गरी २०६९ सालमै सिफारिस गरेको सरकार र संसद्मा विचाराधीन ख्वप विश्वविद्यालय विधेयक अबिलम्ब पारित गर्न यो परिषद् सरकारको ध्यानाकर्षण गराउँदछ ।
- विद्यालय शिक्षा नि:शुल्क र अनिवार्य तथा विश्वविद्यालय शिक्षा नि:शुल्क गरी युवालाई स्वदेशमा रोजगारीको व्यवस्था गर्न यो परिषद् सरकारको ध्यानाकर्षण गराउँदछ ।
- नेपाललाई भारतको सुरक्षा छातामा राख्ने सन् १९५० को नेपाल-भारत सन्धि अविलम्ब खारेज गर्न–गराउन यो परिषद् सरकारको ध्यानाकर्षण गराउँदछ ।
- नेपाल-भारतबिच खुला सीमाका कारण अपराधीहरू एक-अर्को देशमा लुक्ने बढेको र सीमा तस्करी र चेलीबेटी बेचबिखनसमेत भइरहेको हुँदा दुई देशको हितको निम्ति खुला सीमा बन्द गरी नियमनसमेत गर्न यो परिषद् सरकारको ध्यानाकर्षण गराउँदछ ।
- शासक दलहरूले न्यायालयमा समेतमा आफ्ना कार्यकर्ताहरू भर्ती गरी न्यायालयमाथि हस्तक्षेप गरेको हुँदा न्याय क्षेत्रसमेत भ्रष्टाचारको अखडा भएको जनगुनासो व्यापक छ । सर्वसाधारण जनताको न्याय क्षेत्रप्रति आशा भरोसा पुन: जगाउन, न्यायालयमा भइरहेको अराजकता अन्त्य गरी भ्रष्ट न्यायाधीशहरूलाई समेत कडा कारबाही गर्न यो परिषद् सम्बन्धित सबैको ध्यानाकर्षण गराउँदछ ।
- नेपालको जनसङ्ख्या राजधानी काठमाडौँ उपत्यका केन्द्रित गरिएको हुँदा यहाँ खानेपानीको हाहाकार, सडक जाम, ध्वनि, धुवाँ, धुलो, रसायन प्रदूषण, फोहरमैलाको समस्या बढ्दो छ । यहाँका वासिन्दामा स्वासप्रश्वास र फोक्सोसम्बन्धी रोग पनि बढ्दो छ । काठमाडौँ उपत्यकाको संस्कृति र सम्पदा तथा पर्यावरणीय संरक्षणसमेत गर्न खोकना (खुडोल) - निजगढ द्रुतमार्ग निर्माण खारेज गरी देशको सन्तुलित विकास एवम् सेवा सुविधा समेत विकेन्द्रीकरण गर्नुपर्ने र प्रम, मन्त्री, सांसद र उच्च अधिकारीहरूलाई आ-आफनो जिल्लामा बसोवास गराउने कानुनी व्यवस्था गर्नुपर्ने यो परिषद्को ठहर छ ।
- बोक्सा-बोक्सी, छाउलगायत समाजमा व्याप्त अन्धविश्वास नियन्त्रण गरी चेलीबेटी बेचबिखनलगायत गम्भीर महिला हिंसामा लागेका अपराधीहरूलाई मृत्युदण्डसमेतको कानुनी व्यवस्था गर्न यो परिषद् सम्बन्धित सबैको ध्यानाकर्षण गर्दछ ।
- नेपाली युवालाई भाडाको सिपाही बनाइरहेको गोर्खा भर्ती खारेज गराउन जनताको सङ्घर्ष भइरहेको बेला सरकारहरूले अमेरिकी, युक्रेनी, फ्रान्सेली, रुसी सेनामा समेत नेपाली युवा भर्तीमा पठाएको सार्वजनिक भयो । गोर्खा भर्तीलगायत अन्य देशमा नेपाली युवालाई भाडाको सिपाही बनाउने सरकारहरूको यो परिषद् निन्दा एवं विरोध गर्दछ र यसमा संलग्न दोषीलाई कडा कारबाही गर्न माग गर्दछ ।
- कृषि कार्यमा सहयोग गराउन सहकारी संस्था सुरु गरिएको हो । अहिले पुँजीवादी देशका सरकारहरूले जनताको बचत पुँजीपति वर्गको अनुकूल प्रयोग गर्न मिल्ने कानुनी व्यवस्था गराएका छन् । सहकारी संस्थाको जिल्ला र प्रदेश, सङ्घ र महासङ्घको व्यवस्था एवम् सहकारी बैङ्कको व्यवस्थासमेत सहकारी सिद्धान्तविपरीत छ । सहकारी संस्थाले नै कृषि उत्पादन एवम् कुटीर उद्योगमा लगानी गर्नसक्ने कानुनी व्यवस्था गर्न र जनताको बचत ठगी गरेका सहकारी संस्थाका सञ्चालकहरूकै घैघरानाबाट जनताको बचत फिर्ता गराउने यो परिषद् जोड दिन्छ ।
- अमेरिकी स्वार्थको लगानी र नेपालले अमेरिकी कानुन र नीति पालना गर्नुपर्ने एमसीसी सम्झौता र नेपाली सेनाको ब्यारेक कब्जा गर्ने एसपीपी साझेदारी अविलम्ब खारेज गर्नुपर्नेमा यो परिषद् पुन: जोड दिन्छ ।
- जाजरकोट केन्द्रबिन्दु भएर गएको भूकम्पबाट पश्चिम नेपालका धेरै जिल्लाहरूमा जनधनको क्षति भयो । नेपाल सरकारले समयमै राहत वितरण र अस्थायी आवासको बन्दोबस्त नगर्दा भूकम्पबाट बाँचेकाहरू पनि चिसोका कारण तीन दर्जनभन्दा बढी सर्वसाधारण जनताको ज्यान गएको सार्वजनिक भयो । यो परिषद् भूकम्प पीडितहरूको तत्काल पुनर्स्थापना गर्न नेपाल सरकारको ध्यानाकर्षण गर्दछ ।

## अन्तर्राष्ट्रिय प्रस्ताव

- अमेरिकी साम्राज्यवाद र इजरायली फासीवादले प्यालेस्टिनीहरूको विस्थापन, नरसंहार र भूमि कब्जा गरिरहेको घट्नामा सन् १९४८ को जातीय नरसंहार अपराध नियन्त्रण र सजायसम्बन्धी जेनेभा अभिसन्धि आकर्षित हुन्छ । यो अभिसन्धिअनुसार दक्षिण अफ्रिकाले इजरायली प्रधानमन्त्री न्येतन्याहुलाई सजाय हुनुपर्ने माग गरी 'न्यायको लागि अन्तर्राष्ट्रिय अदालत' मा डिसेम्बर २९ का दिन मुद्दा दर्ता गरेकोलाई यो परिषद् समर्थन गर्दछ ।
- इजरायली फासीवादले तीन महिनायता प्यालेस्टिनमा वमवर्षा गरी गाजापट्टीमा सर्वसाधारणको ७० प्रतिशतभन्दा बढी घर तथा भवनमा क्षति पुऱ्याएको, १९ लाखभन्दा बढी प्यालेस्टिनी जनतालाई विस्थापित गरेको, २३ हजारभन्दा बढी निर्दोष सर्वसाधारणको हत्यामध्ये निर्दोष केटाकेटी ९ हजारभन्दा बढी, महिला ६ हजारभन्दा बढी, स्वास्थ्यकर्मी ३०० भन्दा बढी, पत्रकार ११३, शिक्षक ३०० भन्दा बढी, संयुक्त राष्ट्रसङ्घका कर्मचारी १५० भन्दा बढीको सङ्ख्यामा भएको, ५ हजारभन्दा बढीलाई बन्धकमा राखेको, ५० हजारभन्दा बढी गर्भवती महिला अस्पतालको सेवाबाट वञ्चित भएको र खानेपानी, बिजुली, इन्धन, औषधी, खाद्यान्न, इन्टरनेटलगायत अत्यावश्यक सेवा अवरुद्ध पार्ने मानवताविरोधी अपराध गरेको हुँदा यो परिषद् इजरायली फासीवादको विरोध एवम् निन्दा गर्दछ ।
- प्यालेस्टिनमा इजरायली फासीवादको वमवर्षा, जातीय नरसंहार, भूमि कब्जा अविलम्ब रोक्नुपर्ने, मानवीय सहायता आपूर्ति चालू राख्नुपर्ने, युद्ध विराम गर्नुपर्नेलगायतको विषयसहित संयुक्त राष्ट्र सङ्घको महासभामा पेश भएको प्रस्तावमा संरा सङ्घका १९३ सदस्य देशमध्ये १५३ सदस्य देशले समर्थन गरेकोलाई विफल पार्न अमेरिकी साम्राज्यवादले विशेषाधिकार प्रयोग गरेको हुँदा यो परिषद् अमेरिकी सरकारको युद्ध सरदार नीतिको निन्दा एवम् विरोध गर्दछ ।
- बेलायती उपनिवेशबाट सन् १७७६ मा स्वतन्त्र भएको अमेरिकी सरकारहरूले २५० वर्षयता संसारका ५०० भन्दा बढी ठाउँमा आर्थिक नाकाबन्दी, सैन्य हस्तक्षेप, युद्ध उत्तेजना फैलाएर गर्दै आएको हुँदा यो परिषद् अमेरिकी साम्राज्यवादको विरोध एवम् निन्दा गर्दछ ।
- छिमेकी मित्र देश चीनले मानव जातिको साझा भविष्य र विश्व शान्ति तथा समुन्नतीको लागि अघि बढाएको 'एक क्षेत्र एक मार्ग अगुवाइ' (BRI), 'विश्वव्यापी सभ्यता अगुवाइ' (GCI), 'विश्वव्यापी विकास अगुवाइ' (GDI), 'विश्वव्यापी सुरक्षा अगुवाइ' (GSI) लाई यो परिषद् समर्थन गर्दछ ।
- यो परिषद् एक चीन नीतिको समर्थन गर्दछ । अमेरिकी साम्राज्यवादले चीनको मुख्य भूमि थाइवानमा हतियार पठाएको, सिन्चियाङ ( तिब्बत) का दलाई लामालाई भगाई भारतको आश्रयमा राख्न लगाएको, सिन्चियाङमा मानव अधिकार हननको आरोप लगाएको हुँदा यो परिषद् अमेरिकी साम्राज्यवादको विरोध एवम् निन्दा गर्दछ । विश्वव्यापी मानवअधिकार र प्रजातन्त्रको लागि चीनले गरिरहेको प्रयासलाई यो परिषद् समर्थन गर्दछ ।
- क्युवाली समाजवादी क्रान्तिको ६५ औँ वार्षिकोत्सवको उपलक्ष्यमा यो परिषद् क्युवाली कम्युनिस्ट पार्टीका प्रथम सचिव, क्युवाली कामरेडहरू तथा जनतालाई यो परिषद् हार्दिक बधाई एवम् शुभकामना व्यक्त गर्दछ र अमेरिकी साम्राज्यवाद तथा आर्थिक नाकाबन्दीसामु कहिल्यै नझुक्ने र पछाडि नफर्कने क्युवालीहरूको दृढ सङ्कल्पप्रति ऐक्यबद्धता जनाउँदछ ।
- अमेरिकी साम्राज्यवादले दक्षिण कोरियामा बी-५२ वमवर्षक हतियार तैनाथ गरेर आणविक उत्तेजना फैलाएको हुँदा प्रजग कोरियाका नेता किम जङ उनले प्रजग कोरियाको सार्वभौमिकता रक्षाको लागि कोरियाली जनसेनालाई युद्धको तयारी र अत्यधिक क्षमता कायम राख्न आदेश दिनु भएकोलाई यो परिषद् समर्थन गर्दछ । कोरियाली प्राय:द्वीपमा शान्ति कायम गर्न अमेरिकी सरकारले प्रजग कोरियासँग स्थायी शान्ति सम्झौता गर्नुपर्ने र बिनाबाहिरी हस्तक्षेप कोरिया पुन:एकीकरणको मार्ग प्रशस्त गर्नुपर्ने यो परिषद्को ठहर छ ।

---

**तल्लो...**

कामअनुसार ज्यालाको बन्दोवस्त हुन्छ भने कसैले कसैलाई शोषण पनि गर्न नपाउने व्यवस्था गरिन्छ । अर्थात् समाजवादमा सबैको हित हुन्छ भने पुँजीवादमा मुट्ठीभरको मात्र हित हुन्छ । पुँजीपति वर्गले यसकारण समाजवादको विरोध गर्ने गर्दछ ।

नेपालको संविधानमा 'समाजवादउन्मुख' लेखिएको छ तर पुँजीपति वर्गले सरकारमा गएका पार्टीहरूलाई समाजवादउन्मुख कानुन बनाउन दिएन । किनभने, सरकारमा गएका पार्टीहरूलाई निर्वाचनमा पुँजीपति वर्गले साथ दिएको हो । सरकारमा गएका पार्टीका नेताहरू पुँजीपति वर्गको चङ्गुलमा यसरी फसेको हुँदा अहिले शासक दलका नेताहरू निर्वाचित राजाजस्तै छन् ।

प्रधानमन्त्रीहरूले नेपाली युवाहरूलाई वैदेशिक रोजगारीमा पठाएर दाल, चामल, तरकारी समेत भारतबाट किन्दै छन् । नेपालका नदीनाला पनि भारतलाई दिएर सरकार बिजुली र पानीमा भारतलाई कब्जा गराउँदै छ । प्रधानमन्त्रीहरूको यी देशघाती काम हुन् । यसले प्रमहरूसँग देश विकासको खाका नभएको पुष्टि हुन्छ ।

प्रमहरूले नेपाली युवालाई देशभित्र रोजगारी नदिएको हुँदा गत वर्ष २,३१८ जना चिकित्सकहरू आफ्नो असल चारित्रिक प्रमाणपत्र लिएर विदेश जान बाध्य भए । जब कि गतवर्ष २२२२ जना चिकित्सक मात्र एमबीबीएस पास भएका थिए ।

सार्वजनिक संस्थानहरू सस्तोमा बिक्री गरेका प्रधानमन्त्रीहरूले नेपाल विद्युत् प्राधीकरणको ६० अर्ब रुपैयाँ बराबरको शेयर बिक्री सुरु गरेर नेपाल विद्युत् प्राधिकरणलााई पनि निजीकरण गर्ने तयारी गर्दै छन् । नेपाली जनताले सरकारहरूको देशघाती कामको विरोध गर्नु जरुरी छ ।

प्रम पुष्पकमल दाहालले बोलाएको मंसिर ५ गतेको सर्वपक्षीय बैठकमा घरेलु तथा साना उद्योग सङ्घका प्रतिनिधिले ३२ लाख नेपाली संलग्न रहेको घरेलु तथा साना उद्योगको लागि सरकारी कर्जा १ खर्ब ९ अर्ब रुपैयाँ मात्र गएको उल्लेख गरे । कूल सरकारी कर्जा ४८ खर्ब रुपैयाँ गएकोमा ३० खर्ब रुपैयाँ १०० जना ठूला उद्योगी-व्यापारीको कब्जामा रहेको यस अगाडि नै सार्वजनिक भएको हो ।

साना उद्योगी-व्यापारीहरूले सरकारको यो अनियमितता र पक्षपातको विरोध गर्नु जरुरी छ । ठूल्ठूला पुँजीपति वर्गको चाकडी गरेर आफू ठूलो पुँजीपति बन्न सकिन्छ भनी साना उद्योगी-व्यापारीहरू ठूला पुँजीपति वर्गको पछि लाग्नु हुँदैन । यदि चाकडीबाटै हुने भए पुँजीपति वर्गले बेलायत र फ्रान्सका राजा महाराजाहरूविरुद्ध सशस्त्र विद्रोह गर्ने थिएन । ठूला पुँजीपति वर्गको पछि लाग्नु दास मानसिकता हो ।

सिकर्मी सङ्घले आफ्नो समस्या लिखित रूपमा तयार गरेर सरकारलाई पेश गर्नुपर्छ । संसद् सदस्यको हैसियतमा हामीले सिकर्मीहरूको समस्याबारे संसद्मा राख्दै प्रम र मन्त्रीहरूको ध्यानाकर्षण गराउँदै आएका छौँ ।

नेपालका सिकर्मीलगायत युवाहरूलाई विदेश पठाएर विदेशी फर्निचर आयात गर्नु सरकारको देशघाती काम हो । यसको विरोध सबैले गर्नै पर्दछ ।




**ख्वप...**

विरोधमिश्रित प्रश्न उठिरहेको तर्फ उहाँले सचेत गराउनुभयो ।

सांसद सुवालले भन्नुभयो, “आफू नै सर्वश्रेष्ठ ठान्ने र अरूलाई तुच्छ ठान्ने अन्धराष्ट्रवाद हो; अरूलाई राष्ट्र नठान्ने बडाराष्ट्र अहङ्कारवाद हो । अन्धराष्ट्रवाद र बडाराष्ट्र अहङ्कारवादले फासीवादलाई प्रश्रय दिन्छन् । इजरायली फासीवादले अमेरिकी साम्राज्यवादसँग हतियार लिएर बमबारी गरी प्यालेस्टिनी भूमि कब्जा र नरसंहार गरेको यहुदीहरूको अन्धराष्ट्रवाद र बडाराष्ट्रवादको परिणाम हो ।”

स्वतन्त्रतापछिको अमेरिकी सरकारहरूले विश्वका ५०० भन्दा बढी ठाउँमा सैन्य हस्तक्षेप गरेको र अमेरिकी सरकारलाई पाठ सिकाउन नै चीनले विश्वव्यापी सभ्यताको अगुवाइ अघि बढाएको सांसद सुवालले स्पष्ट पार्नुभयो ।

उहाँले भन्नुभयो, “केही दिनअघि न्युयोर्कका जनताले बाइडेन र नेतन्याहुको पुतलाको हात रगतमा लतपतिएको देखाई प्यालेस्टिनी भूमि कब्जा र नरसंहारको विरोधमा प्रदर्शन गरे ।”

“कर्मचारीहरूले हाजिरीलगत्तै तलब पाकेको ठान्नु हुँदैन, तलबअनुसार काम गरेपछि मात्र तलब पाकेको ठान्नुपर्दछ, भक्तपुर नगरपालिकाका कर्मचारीहरूमा यो भावना छ, यसलाई अझ बढाउनु आवश्यक छ”, सांसद सुवालले सुझाव दिनुभयो ।

उहाँले भन्नुभयो, “भक्तपुरका जनताको सार्वजनिक सांस्कृतिकस्थल चोडा पा, रानी पोखरी, सिद्धपोखरी र ५५ वर्षदेखि दुग्ध सङ्कलन केन्द्र रहेको क्षेत्र पञ्चायती सरकारको निर्णयअनुसार २०४२ सालमा नेपाली सेनाको नाममा दर्ता गरियो । नेपाली सेना र जनताबिच विवाद खडा गर्न पञ्चायती सरकारले त्यस्तो निर्णय गरेको हुँदा अब बहुदल र गणतन्त्रको सरकारले नेपाली सेनाको नामबाट सो क्षेत्र सार्वजनिक सांस्कृतिक स्थल नै हुने निर्णय गर्नु उपयुक्त छ ।”

सांसद सुवालले भन्नुभयो, “चीनका राष्ट्रपति सि चिनफिङले नयाँ वर्ष २०२४ को शुभकामनामा ‘बीस वर्षदेखि चीनमा अन्न उत्पादन वृद्धि भएको’ उल्लेख गर्नुभयो । नेपालमा दाल, चामल, तरकारीसमेत भारतसँग किनेर खानुपर्ने अवस्था भयो । यसले नेपालमा प्रमहरूसित देश विकासको खाका नभएको पुष्टि गर्छ ।”

“जुनसुकै कारणबाट सार्वजनिक जग्गा व्यक्तिको नाममा दर्ता भए पनि मालपोत ऐनअनुसार पुन: सार्वजनिक हुने व्यवस्था छ तर, मालपोत कार्यालयका अधिकारीहरू ललिता निवासको २४३ रोपनी सरकारी जग्गा व्यक्तिको नाममा गएको पुन: सार्वजनिक गर्न मानेका छैनन् । व्यक्तिको नाममा दर्ता गरिएका थँ बहीको कमलपोखरी र सार्वजनिक बगैँचासमेत २६.५ रोपनी, अन्य ठाउँको सार्वजनिक पोखरी, पर्ती, जङ्गल व्यक्तिको नाममा दर्ता गरिएको पनि पुन: सार्वजनिक गरिएन । यसले मालपोत कार्यालयका कतिपय अधिकारीहरू नै इमानदार नभएको देखायो”, उहाँले भन्नुभयो ।

सांसद सुवालले सहकारी संस्थामा देखिएको अनियमितता हटाउन कानुन संशोधन गरेर सहकारी संस्थाले नै उत्पादन र वितरण गर्न पाउने व्यवस्था आवश्यक भएको बताउनुभयो ।

कार्यक्रमका सभापति एवम् भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले २०८० साउन १ गतेपछि भक्तपुर नगरपालिकाले गरेका विभिन्न कार्य तथा गतिविधिहरूबारे सङ्क्षिप्त प्रतिवेदन प्रस्तुत गर्दै स्थानीय जनताको लागि छिटो छरितो सेवा सुविधा प्रदान गर्न अधिकार सम्पन्न स्थानीय तहबाट मात्र सम्भव भएको बताउनुभयो ।

उहाँले स्थानीय तहको स्वायत्ततामाथि कहीँकतैबाट हुने हस्तक्षेप स्वीकार्य नभएको उल्लेख गर्दै स्थानीय तह बलियो भए मात्र प्रजातन्त्रको जग बलियो हुनाले स्थानीय तहलाई अधिकार सम्पन्न बनाइनुपर्छ भन्नुभयो ।

प्रमुख प्रजापतिले भन्नुभयो, “संविधानले स्थानीय तहलाई प्रदान गरिराखेका अधिकारहरू समेत सङ्घ र प्रदेश सरकारहरू विभिन्न बहानामा फिर्ता लिन चाहिरहेका छन् । संविधानले सङ्घीय राज्य घोषणा गरे पनि स्थानीय तहले सङ्घीयता कार्यान्वयनमा निकै चुनौती भोग्दै आएको छ । सङ्घ र प्रदेश सरकार सञ्चालन गर्नेहरूले एकात्मक र केन्द्रीकृत सोच नत्यागेसम्म सङ्घीयताको राम्रो कार्यान्वयन हुन सक्नेछैन ।”

वाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले अहिलेको नयाँ पुस्ता सुसंस्कृत जीवनको खोजीमा रहेको धारणा राख्दै नयाँ पुस्ताले परिकल्पना गरेको समाज नेपालमै निर्माण गर्न सकेको खण्डमा उनीहरूले आफ्नै देशमा परिवर्तनको आभास गर्ने बताउनुभयो ।

भक्तपुरको सम्पदा संरक्षण सँगसँगै नगरको सुन्दरीकरण, हरियाली व्यवस्थापन, पार्क निर्माणलगायतका विषयमा पनि नपाले ध्यान दिनु आवश्यक भएको चर्चा गर्दै उहाँले समाजवादी विचार र व्यवस्थाबारे व्यापक जनतामाझ प्रचारप्रसारबाट नै नेपालमा समाजवादी व्यवस्था स्थापनामा टेवा पुग्ने बताउनुभयो ।

प्रदेशसभा सदस्य गोसाईले भन्नुभयो, “भक्तपुरमा समाजवादको अभ्यास भइरहेको चर्चा व्यापक छ । भक्तपुर अहिले अध्ययनको केन्द्रको रूपमा सकारात्मक सन्देश गइरहेकोले भक्तपुरका वाचनालय र पुस्तकालय व्यवस्थित गर्नु आवश्यक छ ।”

उहाँले भन्नुभयो, “भक्तपुर नपाले आफ्ना गतिविधि र समयसान्दर्भिक लेखहरू समावेश गरी नियमितरूपमा पुस्तक प्रकाशन गरी सुन्दर र सुसंस्कृत अभ्यासको थालनी गरिरहेको सराहनीय कदम हो । विचार र अनुभव आदानप्रदान गर्ने संस्कृतिको विकाससँगै समाज र नगर विकासमा समेत यसले उल्लेखनीय भूमिका खेल्नेछ ।”

वाग्मती प्रदेशसभा सदस्य सृजना सैंजूले नगरसभाको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दै भक्तपुर नपाले शिक्षा, स्वास्थ्य तथा विकास निर्माणका विविध गतिविधिबारे सिंहावलोकन गर्नु आवश्यक रहेको बताउनुभयो ।

उहाँले नेपाललाई आर्थिक, सामाजिक र राजनीतिकरूपमा अगाडि बढ्न भारतीय एकाधिकार पुँजी र विस्तारवादी नीति बाधक रहेको बताउनुभयो ।

नगरपालिकालाई स्वायत्त निकायको रूपमा विकास गर्ने भनपाको लामो समयदेखिको प्रयास प्रशंसनीय रहेको चर्चा गर्दै सांसद सैंजूले प्रदेश सरकारहरू अहिले भागबन्डा र ठेक्कापट्टाको अखडाको रूपमा रहेको प्रस्ट पार्नुभयो ।

भनपाका उपप्रमुख रजनी जोशीले भक्तपुर नगरपालिकाले यहाँका सम्पदा, संस्कृति र सभ्यतासँग जोडिएका मूल्य, मान्यता र धरोहरबारे विज्ञहरूमार्फत अनुसन्धान र अन्वेषण गराई नयाँ पुस्तालाई सिकाउँदै जानुको साथसाथै ज्ञान विज्ञानको केन्द्र बनाउने आधारहरू तय गर्दै जाने दिशामा अग्रसर भइरहेको बताउनुभयो ।

उपप्रमुख जोशीले सभ्य समाज निर्माण कार्यमा भनपा समयसापेक्ष ढङ्गले अगाडि बढिरहेको उल्लेख गर्नुभयो ।

भक्तपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी रोशनीकुमारी श्रेष्ठले भनपाले शिक्षा र स्वास्थ्यजस्ता विषयलाई प्राथमिकता राखी गरेको लगानीबाट नगरवासीहरू लाभान्वित भइरहेको चर्चा गर्दै नपाले गरेको व्यवस्थित बस्ती विकास यहाँको अर्को विशेषता रहेको बताउनुभयो ।

नपाभित्र रहेका सहकारी र सहकारी पीडितहरूको अनुगमन र समस्या समाधानतर्फ पनि भनपा क्रियाशील हुनुपर्ने आवश्यकता औँल्याउँदै पर्यटकमैत्री पूर्वाधार विकासतर्फ पनि नपाले ध्यान दिनुपर्ने सुझाव दिनुभयो ।

भनपा ९ का वडाध्यक्ष रवीन्द्र ज्याखवले पनि बोल्नुभएको उक्त नगरसभाको उद्घाटन कार्यक्रममा भनपाका प्रमुख प्रशासकीय अधिकृत वसन्त भट्टराईले धन्यवाद ज्ञापन मन्तव्य राख्नुभएको थियो ।

**एकक्षण** — **क्रिश्चिना**

# वर्तमान सरकारलाई समर्थन क–कसको ?

कुनै सरकार शासनमा बस्ने अधिकार संसद्को बहुमतको मन, वचन र कर्मको समर्थनले गरेको प्रस्ट गर्छ । त्यसमा कुनै प्रकारको सर्त हुने गर्दैन ।

दोस्रो, विभिन्न देशका प्रजातान्त्रिक भनिने सरकारहरू कुनै एउटा वर्गको प्रत्यक्ष वा अप्रत्यक्षरूपले गरेको समर्थनको आधारमा टिकेको हुन्छ । धेरैजसो प्रजातान्त्रिक भनिने पुँजीवादी सरकारहरूले पुँजीपतिवर्ग (उद्योगपति, व्यापारी, ठेकेदार, म्यानपावर कम्पनी, घरजग्गा आदिका संस्था र सदस्यहरू) र त्यस व्यवस्थालाई अन्य व्यवस्थाभन्दा अब्बल छ भन्ने विश्वास एवं त्यसलाई बलियो बनाउन खोज्ने स्वतन्त्र व्यक्ति र साधारण नागरिकहरू (पुँजीवादीहरू)को पूर्ण समर्थन प्राप्त गरेका हुन्छन् ।

तेस्रो, देशको अत्यन्त बहुमत जनता, मजदुर, किसान र बौद्धिक र शारीरिक काम गरी खाने मजदुरहरू हुन् । तिनीहरूको पूर्ण समर्थन सरकारले प्राप्त गरेको मानिन्छ । तर, स्वाभाविकरूपले पुँजीवादी सरकारहरूलाई मजदुर, किसान र शारीरिक एवं बौद्धिक काम गरी खाने वर्गले समर्थन गरेको हुँदैन ।

चौथो, सरकारलाई प्रत्यक्षरूपले सरकारकै एउटा अङ्गको रूपमा समर्थन गर्ने पक्ष भनेको कर्मचारीहरू (ब्युरोक्रेसी), प्रहरी, गुप्तचर विभाग, न्यायपालिका र सरकारी प्रचार यन्त्र हुन् ।

पाँचौं, माथिका चारै पक्षले समर्थन नगरे पनि सरकारलाई अन्तिम अवस्थासम्म समर्थन दिने पक्ष सेना र बैङ्कहरू हुन् । फ्रान्स र अन्य युरोपेली देशका पुँजीवादी क्रान्तिहरूमा सेना र बैङ्कहरूले नै सरकार जोगाएका थिए ।

तर, आजको नेपाल सरकार या नेपाली काङ्ग्रेसको नेतृत्वमा कायम प्रधानमन्त्री प्रचण्डको सरकारलाई माथिका चारै पक्षको समर्थन देखिन्न । जस्तै; उद्योगी व्यवसायीहरू ‘धमाधम कालो सूचीमा’ शीर्षकले बताउँछ - ‘७८ हजार कालो सूचीमा, ६ महिनामै २२ हजार थपिए’ (नागरिक दैनिक- २७ पुस २०८०) ।

‘उपकुलपति मन्त्रीले होइन, प्राज्ञले छान्ने हो’, शीर्षकले बुद्धिजीवीहरूको समर्थन सरकारलाई छैन भन्ने प्रस्ट हुन्छ ।

‘सर्वोच्चले सम्झियो युनिटी ठगी प्रकरण- प्रत्यार्थी झिकाउन आदेश’ शीर्षकले न्यायपालिकाको समर्थन सरकारलाई छ भन्ने प्रस्ट छ ।

सरकारले राम्रै निर्णय गरेको भए तापनि कार्यान्वयन राम्रो नहुनु पनि असफलताकै द्योतक हुन्छ । ‘कर्णालीमा कृषि सहयोगको चरम दुरुपयोग’ किसानले अनुदान पाउँदैनन्, पाउनेले खेती गर्दैनन्’ (अन्नपूर्ण पोस्ट, २७ पुस २०८०) ।

काठमाडौँ उपत्यका पुग्ने ६-७ वटा सडकमध्ये एउटा पनि सडक राम्रो चल्दैनन्, देशको बाहिरी मोफसलका सडकहरू पनि राम्रो नहुँदा एकपछि अर्को सडक दुर्घटनाले यात्रुहरूको हताहतको सूची हरेक दिन समाचारपत्रहरू रङ्गिएका हुन्छन्, यसको दोषी को ? योजनाको गल्ती, कमजोरी वा ठेकेदारको बेइमानी वा सरकार, प्रदेश सरकार वा स्थानीय निकायको दोष, के हो निर्क्योल हुनु आवश्यक छ । दाङको एक समाचार छ- ‘सडक दुर्घटनामा १९ जनाको मृत्यु’, ‘भोग्नेलाई पीडा, राज्यलाई रमिता’ शीर्षकले सबै प्रस्ट पार्छ । (नागरिक दैनिक, २९ पुस २०८०) ।

‘विद्युत् माफियाहरूसँग सौदाबाजी गर्ने सरकारको प्रपञ्च’, ‘सांसदहरूद्वारा चर्को आलोचना’ समाचारले सांसदहरूको विरोधको अर्थ सरकार संसद्को सामना गर्नुपर्ने प्रस्ट छ (नेपाल समाचारपत्र, २६ पुस २०८०) । सम्भवत: विश्वासको मत लिएमा सरकार असफल हुने हो कि ?

काठमाडौँबाट मकवानपुरको चितलाङ जाँदै गरेको ‘कार दुर्घटनामा ५ र जीप दुर्घटनामा २ को मृत्यु’ भएको समाचारले सडक विभाग र सम्बन्धित मन्त्री र मन्त्रालय जरुरै जनताको आँखामा दोषी देखिने छन् भन्ने प्रस्ट छ ।

‘२२ अर्ब २४ करोड गुम्ने खतराप्रति अख्तियार गम्भीर’, ‘अरबौं चलखेल सम्बन्धमा छानबिन गर्न अख्तियारलाई दबाब’ शीर्षकको समाचारमा सरकार आफै विद्युत् माफियाहरूसँग लेनदेन गरेको व्यापक चर्चा छ । के यस्ता समाचारहरूले सरकार ढल्न लागेको अड्कल काटिन्न होला ?

नेपालमा विद्युतीय सवारी (ईभी) साधनको प्रयोग बढ्दै छ तर ईभी व्यवसायीलाई ऊर्जामन्त्रीको प्रश्न छ- ‘नाफा जति व्यक्तिले लिने अनि जोखिम सबै राज्यले लिनुपर्ने ?’ मन्त्रीजीको प्रश्नले पनि थाहा हुन्छ- ‘उद्योगपति, व्यवसायी वा व्यापारीहरू घरानाहरूको पनि समर्थन सरकारलाई छैन’ (नेपाल समाचारपत्र, १ माघ २०८०) । सम्भवत: निर्वाचनमा एक लाख चन्दा दिए १० करोड फाइदा लिने नाफाखोरहरूले सरकारमै माफियाहरूले भाग खोजेको त होइन ? यस प्रश्नको उत्तर सरकारले दिनु राम्रो !

‘सत्तामा सङ्कटको राजनीति’ को शीर्षकमा भनिएको छ, ‘दलहरूको सत्ताभोगी भ्रष्टाचारी, स्वार्थी र अक्षम भूमिकाका कारण निराशा ह्वाटै बढेर गएको छ । केवल युवा बेचेर प्राप्त हुने रेमिट्यान्सको भरमा सत्ता कति दिन टिकाउने ? संविधानप्रदत्त जनताका हक कार्यान्वयन गर्न नसक्ने सरकारबाट आशाको बीउ जोगाउन सम्भव छैन’ (अन्नपूर्ण पोष्ट, १ माघ २०८०) ।

# ललितपुरमा पार्टी परिषद्को सन्देश कार्यक्रम

ललितपुर । नेपाल मजदुर किसान पार्टी महालक्ष्मी नगर समितिको आयोजनामा पार्टीको ३५ औँ परिषद्को सन्देश दिने उद्देश्यले कार्यकर्ता भेलाका साथ अन्तरक्रियात्मक अध्ययन गोष्ठी पुस २८ सिद्धिपुरमा भयो ।

कार्यक्रममा नेमकिपा वाग्मती प्रदेश समितिका सदस्य एन. महर्जनले पार्टी अध्यक्ष नारायणमान बिजुक्छेँले व्यापक कामदार जनताको सेवाको लागि बढीभन्दा बढी पूर्णकालीन कार्यकर्ता बनेर पार्टीको काममा लाग्नु जरुरी भएको, पार्टीसँग जीवित सम्पर्कमा रहेर राष्ट्रिय र अन्तर्राष्ट्रिय विषयमा सुसूचित हुनुपर्ने, आफ्नो व्यक्तिगत जीवनबारे पनि पार्टीमा जानकारी दिनुपर्ने, पार्टीभित्र प्रतिक्रियावादीहरू घुस्न सक्नेबारे सचेत हुनुपर्ने, पार्टी कार्यकर्ताले अन्धविश्वासको विरोध गर्नुपर्ने, पुर्खाले सिर्जेको वास्तुकला र संस्कृतिलाई संरक्षण गर्नु आवश्यक भएको बताउनुभएको उल्लेख गर्दै उहाँले परिषद्ले गरेका निर्णयहरूबारे जानकारी गराउनुभयो ।

नेपाल कर्मचारी समाजका अध्यक्ष जीपी लासिवाले पार्टी परिष्द्बाट पारित राष्ट्रिय/अन्तर्राष्ट्रिय प्रस्तावहरूबारे जानकारी गराउनुभयो ।

नेक्राकिसङ्घ ललितपुरका सदस्य चन्द्रमान महर्जनले अमेरिकी स्वार्थको लगानी र नेपालले अमेरिकी कानुन र नीति पालना गर्नुपर्ने एमसीसी सम्झौता र नेपाली सेनाको ब्यारेक कब्जा गर्ने एसपीपी साझेदारी अविलम्ब खारेज गर्नुपर्ने बताउनुभयो ।

नेक्रामहिलासङ्घ ललितपुरका सदस्य रूपना महर्जनले प्यालेस्टिनी भूमि कब्जा र नरसंहार गरेका अमेरिकी राष्ट्रपति जो बाइडेन र इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुलाई युद्ध अपराधमा कारबाही हुनुपर्ने र प्यालेस्टिनमा तत्काल युद्धविराम हुनुपर्ने बताउनुभयो ।

नेमकिपा महालक्ष्मी नगर समितिका महन्त महर्जनको सभापतित्वमा भएको उक्त कार्यक्रममा नेपाल क्रान्तिकारी युवा सङ्घ महालक्ष्मीका बिकी महर्जन, आशाराम महर्जन, शोभा महर्जन, वीरेन्द्र महर्जन, मनिश महर्जन, रामेश्वरी महर्जनलगायतले बोल्नुभएको थियो ।

## भूकम्पको जोखिमबाट बच्ने उपाय

- भूकम्पको जोखिम र त्यसबाट बच्ने उपायबारे जानकारी आदानप्रदान गरौं,
- घरभित्रका फर्निचर, सजावटका सामान, पानी ट्याङ्की नहल्लने र नखस्ने गरी बलियोसँग राखौं,
- घर, स्कूल तथा कार्यालयमा भूकम्पको समयमा सुरक्षित रहन सकिने स्थानको पहिचान गरौं,
- भूकम्पको समयमा आत्तिएर भाग्ने वा दगुर्ने नगरौं,
- भूकम्पको बेला खुल्ला र सुरक्षित स्थानमा जाऔं,
- प्राथमिक स्वास्थ्य उपचारको विषयमा जानकारी राखौं,
- आफू सुरक्षित भई अरुको सुरक्षामा ध्यान दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

**क्रान्तिको...**

सन्धि सम्झौता खारेज गर्नुपर्ने, नेपाली भूमि कालापानीमा बसेका भारतीय सेनालाई तत्काल हटाउनुपर्ने, नेपाललाई भारतको सुरक्षा छातामा राख्ने सन् १९५० को नेपाल-भारत सन्धि खारेज गर्नुपर्ने, नेपाल-भारतबिचको खुला सीमा बन्द गरी नियमन गर्नुपर्ने उल्लेख छ ।

राष्ट्रिय प्रस्तावमा ख्वप विश्वविद्यालयको विधेयक अविलम्ब पारित गर्नुपर्ने, विद्यालय शिक्षा नि:शुल्क र अनिवार्य तथा विश्वविद्यालय शिक्षा नि:शुल्क गर्नुपर्ने, युवालाई स्वदेशमा रोजगारी दिनुपर्ने, वैदेशिक रोजगारीको नाममा ठगी गर्ने म्यानपावर कम्पनीहरूलाई कारबाही गर्नुपर्ने, सहकारीको नाममा जनताको अर्बौं रुपैयाँ बचत ठगी गर्नेलाई कारबाही गर्नुपर्ने, सहकारीलाई कृषि कार्यसँग सम्बन्धित उत्पादन र वितरण गर्न पाउने कानुन बनाउनुपर्ने, देशको सन्तुलित विकास गर्नुपर्ने, नेपाली युवालाई भाडाको सिपाही बनाई विदेशी सेनामा भर्ना गर्न पठाउनेहरूलाई कारबाही हुनुपर्ने उल्लेख छ ।

अमेरिकी स्वार्थको लगानी र नेपालले अमेरिकी कानुन र नीति पालना गर्नुपर्ने एमसीसी सम्झौता र नेपाली सेनाको ब्यारेक कब्जा गर्ने एसपीपी साझेदारी अविलम्ब खारेज गर्नुपर्ने, जाजरकोट केन्द्रबिन्दु भएर गएको भूकम्पबाट पीडित जनताको पुनर्स्थापना तत्काल गर्नुपर्ने, न्यायालयमा शासक दलहरूको भागबन्डा रोक्नुपर्ने पनि राष्ट्रिय प्रस्तावमा उल्लेख छ ।

अन्तर्राष्ट्रिय प्रस्तावमा प्यालेस्टिनी भूमि कब्जा र नरसंहार गरेका अमेरिकी राष्ट्रपति बाइडेन र इजरायली प्रधानमन्त्री नेतन्याहुलाई युद्ध अपराधमा कारबाही हुनुपर्ने, प्यालेस्टिनमा तत्काल युद्धविराम हुनुपर्ने र २५० वर्ष यता संसारको ५०० भन्दा बढी ठाउँमा सैन्य हस्तक्षेप गरेको संरा अमेरिकी साम्राज्यवादको निन्दा र विरोध गरिएको छ ।

प्रजग कोरिया र क्युवाली समाजवादी सरकारले अमेरिकी साम्राज्यवादविरुद्धको दृढ अडानलाई समर्थन गर्दै अन्तर्राष्ट्रिय प्रस्तावमा मानव जातिको साझा भविष्य र विश्व शान्ति तथा समुन्नतिको निम्ति चीनले अगाडि बढाएको एक क्षेत्र एक मार्ग अगुवाइ, विश्वव्यापी सभ्यता अगुवाइ, विश्वव्यापी विकास अगुवाइ र विश्वव्यापी सुरक्षा अगुवाइलाई समर्थन गरिएको छ ।

परिषद्मा पार्टी केन्द्रीय सदस्य, जनवर्गीय तथा पेसागत सङ्गठन र पार्टी जिल्ला समितिका प्रतिवेदनहरू पेस भएको थियो ।